● वर्ष १४ ● अंक ४८ ● काठमाडौं, शुक्रबार, वैशाख ११, २०६६ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, Apr 24, 2009 ● पृष्ठ २४ ● मूल्य रु. ८/-



तस्बिर : नवराज वाटले

# स्टेजका हिरो

• अश्विनी कोइराला

तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन ढले पनि राजतन्त्रको त्रास कायमै थियो। सेना अझै सरकारको मातहतमा नआएकाले कुनै पनि बेला सेनाले राजाको पक्षमा कू गर्ने हल्ला व्यापक थियो। सञ्चारमाध्यमहरू सेल्फ सेन्सरको रनाहबाट मुक्त भैसकेका थिएनन्। त्यही बेला पोखराको सभागृहमा कलाकारहरू डराई-डराई कार्यक्रम गर्दै थिए। सभागृहमा प्रहरीको बाक्लो उपस्थिति थियो।

यसै बेला श्रीपेचसहितका राजा दर्शकदीर्घाबाट मञ्चमा प्रवेश गरे। मञ्चमा हल्लिखल्ली मच्चियो, प्रहरीहरू सतर्क भए। राजा पोखरा आएको तथा सभागृहमा प्रवेश गरेको आशंकामा प्रहरीले माथिल्लो निकायसँग सोधपुछ गर्न थाल्यो। केही क्षणको अन्यौल र त्रासबीच राजाको भेषमा रहेका मनोज गजुरेलले श्रीपेज लाएरै तत्कालीन अवस्थाप्रति व्यङ्ग्य गर्न थाले।

'यो प्रस्तुतिपछि म जेलमा हुन्छु भन्ने लागेको थियो।' मनोज गजुरेलले भने, 'त्यसबेला राजाकै भेष र बोलीमा अभिनय गर्दा मेरा पनि खुट्टा कामिरहेका थिए।' यद्यपि त्यसले उनलाई जेल पुऱ्याएन, थप लोकप्रिय बनायो।

लोकतान्त्रिक आन्दालनले सफलता पाएपछि १० वर्षसम्म 'जनयुद्ध' सञ्चालन गर्ने दल 'नेकपा (माओवादी) तथा त्यसका नेता 'प्रचण्ड' सार्वजनिक भए। फेरि त्यस्तै कार्यक्रममा मनोज 'प्रचण्ड' कै बोली र भेषमा मञ्चमा प्रवेश गरे। उनले राजा गए पनि नेपालमा प्रचण्डरूपी नयाँ राजा जन्मिएको भन्दै व्यङ्ग्य गर्न थाले।

एकपटक काठमाडौंको सभागृहमा मनोज प्रचण्डकै अघि प्रचण्डलाई नै व्यङ्ग्य गरिरहेका थिए। 'म मनोजको प्रतिभाबाट अचम्भित भएँ।' साप्ताहिकसँगको कुराकानीमा प्रचण्डले भने– 'मनोजको कलाकारिता उत्कृष्ट लाग्यो। उनको प्रस्तुतिले मलाई बाहिर मेरो बारेमा कस्तो धारणा रहेछ भन्ने कुरा थाहा पाउने मौका मिलेको छ।'


उपराष्ट्रपति परमानन्द झाले हिन्दीमा शपथग्रहण गरेको केही दिनमै मनोज गजुरेल झाकै भेषमा प्रस्तुत भए। नेपालका दोस्रो सर्वोच्च व्यक्तिले हिन्दीमा शपथ लिएको विषयमा उनको व्यंग्यले पनि ठूलो चर्चा पायो।

### सैद्धान्तिक प्रस्तुति

नेपालमा सर्वाधिक चासोमा रहेका ज्ञानेन्द्र-प्रचण्ड-परमानन्दहरूको रूप धारण गरेपछि मनोज गजुरेलको उचाइ निकै बढ्यो। राजनैतिक बेथिति, सिद्धान्तहीन नेता तथा बिग्रँदै गएको देशका विषयमा मनोजले निकै राम्रो प्रस्तुति दिँदै आएका छन्। 'म आफ्नो स्वार्थका लागि जनतालाई बेबकुफ बनाउने राजनैतिक प्रवृत्तिको विरोधी हुँ।'

बाँकी पृष्ठ १४ मा

साप्ताहिक



मध्यपृष्ठमा महिमा पुन

### अब सन्देश र पत्रमित्रता निःशुल्क

साप्ताहिकको लोकप्रिय स्तम्भ सन्देश तथा पत्रमित्रतालाई निःशुल्क गरिएको छ। पाठकहरुले यो सुविधाको अधिकतम उपयोग गर्नु हुनेछ भन्ने विश्वास लिएका छौं। - सम्पादक

# लुटपाटमा महिला समूह सक्रिय

जितेन्द्र साह

काठमाडौं- रोजगारीको खोजीमा राजधानी आएका युवकबाट लुट एवं चोरी गराउने कार्यमा महिला समूह सक्रिय रहेको पाइएको छ। तीन महिनाको अवधिमा सार्वजनिक स्थलमा हुने लुट र घरमा कोही नभएको बेला हुने चोरीमा संलग्न सात युवकले प्रहरीसमक्ष दिएको बयानमा यसको खुलासा भएको हो।

'गाउँघरमा घुम्न जाँदा विदेश पठाउने भनेर काठमाडौं ल्याए, यो काम गर्दै जाऊ, अलिक रकम जम्मा भएपछि विदेश पठाइदिउँला भनेर अपराधमा लगाए,' उनीहरूले बयानमा भनेका छन्। यसमा धेरैजसो जातीय द्वन्द्वको मारमा परेका तराई क्षेत्रका युवक छन्।

'यो अपराधमा देखिएको बिल्कुलै नयाँ प्रवृत्ति हो, मोटरसाइकल चढी बाटोमा हिँड्ने महिलाका गरगहना थुत्ने आरोपमा पक्राउ परेकाहरूले यसको खुलासा गरेका हुन्,' महानगरीय प्रहरी काठमाडौंका प्रमुख उपरीक्षक नवराज सिलवालले भने-'उनीहरूले त्यो गहना म्याडमलाई दिएको बताउँछन्, ती महिलाहरूले उनीहरूलाई आ□नो वास्तविक परिचय दिँदैनन्, बस्ने ठाउँ पनि बताउँदैनन्।'

सिलवालका अनुसार यस्ता महिलाले छरछिमेकबाट गहना लगाएर हिँडेका महिलाका सम्बन्धमा सूचना दिएर सुनसान ठाउँमा यस्ता युवकबाट थुत्न लगाएको देखिन्छ। उनीहरूले यसरी प्रयोग गरेका युवकलाई गहना बेचेर आएको रकमबाट खर्च चलाउन केही पैसा दिए पनि आफ्नो वास्तविकता नबताउने सिलवालले बताए।

सिलवालले भने- 'दैनिकजसो मौखिक र लिखित उजुरी आउने गरेको छ।' उनका अनुसार, पक्राउ परेकाहरूको बयानका आधारमा खोज्दै जाँदा यस्ता केही महिलाको पहिचान खुले पनि रंगेहात पक्राउ नगरेसम्म कारबाही चलाउनु चुनौतीपूर्ण देखिन्छ।

महानगरीय प्रहरीका अनुसार, वित्तीय ठगीमा पनि महिला सहभागिता बढ्दो छ। विभिन्न प्रहरी कार्यालयमा परेको उजुरीअनुसार केही फाइनान्सको एजेन्ट भएर रकम ठगी गर्ने महिलाविरुद्ध उल्लेखनीय संख्यामा उजुरी आइरहेको छ। बितेको छ महिनाको अवधिमा ठगीसम्बन्धी परेका २९ उजुरीमध्ये २६ वटा महिलाविरुद्ध छन्। प्रहरीका अनुसार उनीहरूले ग्राहकबाट रकम उठाएर पास बुकमा भरेको नौटंकी गरे पनि सम्बन्धित कार्यालयमा नबुझाएका थुप्रै घटना सार्वजनिक भएका छन्।

खातावालाले केही महिनापछि सम्बन्धित फाइनान्समा खाता चेक गर्दा जम्मा गरेकोभन्दा कम रकम देखिने गरेको प्रहरीले जनाएको छ। आफैंलाई ठगेको रकमबाट एजेन्टले बाइक, स्कुटी चढेको एवं घरघडेरी किनेको प्रहरी कार्यालयमा मौखिक र लिखित उजुरी दिनेहरूको संख्या पनि कम छैन। प्रहरीका अनुसार, पीडितमध्ये अधिकांशलाई ती एजेन्टको नाम, थर र ठेगानासमेत थाहा हुँदैन।

'धेरैको अत्तोपत्तो नै हुँदैन, आक्कल-झुक्कल फेला परिहाले पनि फाइनान्सको गल्तीले यस्तो भएको भन्छन्, फाइनान्सवालाले ठगी गरेको हुनाले फलानो एजेन्टलाई निकालेको बताउँछन्,' मुद्दा शाखाका अनुसन्धान अधिकृतहरू भन्छन्, 'निकै दौडधूपपछि केहीले पासबुकका आधारमा रकम पाउँछन्, धेरैको अवस्था त बेहाल नै हुन्छ।'

बितेका तीन वर्षमा हस्ताक्षरसम्म गर्न नजान्ने ग्राहकको रकम ठगेर १४ जना महिला भागेको प्रहरीले जनाएको छ। महानगरीय प्रहरी अपराध महाशाखाका अनुसन्धान अधिकृतहरू भन्छन्, 'छानबिनका लागि उनीहरूको कार्यालयसम्म पुग्दा आरोपित धेरै महिला जागिर छाडेर भागिसकेका हुन्छन्।' कतिपय घटनामा यस्ता महिलाले आफूविरुद्ध ऊजुरी दिने र रकम फिर्ता माग्नेलाई कुट्न गुण्डा पठाएको कुरासमेत सार्वजनिक भएको छ।

प्रहरीहरू भन्छन्- 'उनीहरूको उद्देश्य नै ठगी गर्ने हुनाले इज्जत-बेइज्जतको रत्तिभर परवाह हुँदैन।' ठगी मुद्दामा केही दिन थुनामा बसेपछि धरौटी वा साधारण तारेखमा रिहा हुन्छन्। उनीहरू फेरि नयाँ ठाउँमा नयाँ परिचय स्थापित गरेर नयाँ तरिकाले ठगीमा संलग्न भएको पाइन्छ। ठगीकै अपराधमा एउटै महिलालाई २ देखि ७ पटकसम्म पक्राउ गरेर छाडिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार, यही शैलीमा वैदेशिक रोजगार, बिजनेस नेटवर्किङ, जग्गा दलाली र पाकेटमारीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्न भएर फरार हुने महिलाहरूको सूची ठूलै छ। 'नागरिक आफैं सतर्क र सजग नभएसम्म यस्तो ठगी रोकिँदैन,' उपरीक्षक सिलवाल भन्छन्-'पूरा व्यक्तिगत जानकारी लिएर मात्र कसैलाई विश्वास गर्नुपर्छ, एकपटक

# सृष्टि बनिन् प्रथम मिस मंगोल



गत शनिबारको दिन, कमलादीस्थित प्रज्ञाभवनको डबलीलाई भव्य स्वरूप दिन राजु पेन्टर तथा उनका सहयोगीहरूको व्यस्तता एकातिर थियो भने अर्कातिर हेयर स्टाइलिस्ट एवं मेकअप आर्टिस्ट नील डेबिड र उनका सहयोगीहरू प्रतिस्पर्धीहरूलाई सुन्दर एवं आकर्षक बनाउने कार्यमा तल्लीन थिए। करिब एक महिना लामो प्रशिक्षणको परिणाम हेर्न समय नजिकिँदै गएसँगै प्रज्ञाभवनको प्रेक्षालय दर्शकदीर्घाबाट भरियो। पृष्ठभूमिमा बजेको फ्युजन संगीतको धुनमा ताल मिलाउँदै प्रतिस्पर्धीहरू मञ्चमा प्रवेश गरे, अनि प्रारम्भ भयो मिस मंगोलको प्रतिस्पर्धा आईएनआईएफडीका विद्यार्थी डिजाइनरले तयार पारेका विविधतापूर्ण शैलीका आकर्षक एवं मनमोहक इभिनिङ गाउनमा सजिएका ३४ जना प्रतिस्पर्धीले आ-आफ्नो परिचय दिएसँगै प्रतिस्पर्धा अगाडि बढ्यो। कोरियोग्राफर एवं सञ्चारकर्मी रोजिन शाक्यको कोरियोग्राफीमा प्रतिस्पर्धीहरू दोस्रो पटक मञ्चमा प्रस्तुत हुँदा बेस्ट ड्रेस उपाधिका लागि आ-आफ्नो प्रस्तुति दिए।

गायिका रेश्मा सुनुवार तथा तथा गायक धीरज राईको मनोरञ्जनपूर्ण प्रस्तुतिबाट रमाएका दर्शकलाई रोहिया महर्जनको नृत्य प्रस्तुतिले पनि उत्तिकै प्रभावित तुल्याएको थियो। नेवार, गुरुङ, लिम्बू, मगर, शेर्पा, राई, तामाङ, सुनुवार, थकाली आदि ३४ जना प्रतिस्पर्धीको सहभागितामा एक्सन इन्टरटेनमेन्ट प्रा.लि. र प्रख्यात प्रोडक्सन प्रा.लि.को संयुक्त आयोजनामा सम्पन्न पहिलो संस्करणको मिस मंगोल प्रतिस्पर्धामा उत्कृष्ट १६ हुँदै अन्तिम चरणमा उत्कृष्ट ८ जनाले प्रवेश पाए। प्रमुख निर्णायक चलचित्रकर्मी युवराज लामाको निर्णायक प्रश्नको सामना गरेपछि उत्कृष्ट ८ मध्येबाट सृष्टि, आश्मा र रीम उत्कृष्ट तीनभित्र पर्न सफल भए, जसअन्तर्गत सफल सञ्चारकर्मी बन्ने लक्ष्य लिएकी काठमाडौं भोटाहिटीनिवासी १९ वर्षीया सृष्टि राजकर्णिकारले प्रथम मिस मंगोल हुने गौरव प्राप्त गरिन्।

आश्मा गुरुङले फस्ट रनर-अप आफ्नो नाम दर्ता गराइन् भने बेस्ट हेयर उपाधिसँगै रीम लिम्बूले सेकेन्ड रनर-अपको उपाधि हात पारिन्। अन्य उपाधितर्फ दीपाञ्जली थापामगर मिस बेस्ट स्किनसहित मिस ट्यालेन्ट, बन्दना गुरुङ मिस पर्सनालिटी, पेम्बा छुमु शेर्पा (ह्योल्मी) मिस फ्रेन्डसिप, डिना गुरुङ मिस फोटोजेनिक, मीना राई मिस स्माइल, मुना सुनुवार मिस बेस्ट ड्रेस तथा निर्माला घिसिङ मिस इनोसेन्ट छनौट भए।

# अल्छीले सफलता प्राप्त गर्न सक्दैन

**असामान्य चर्चा पाइरहनुभएको छ, कस्तो लागेको छ ?**

म आफैं त्यो होइन, अर्कै पो हुँ की भन्ने अनुभूति भैरहेको छ। मन्त्री, नेता, कलाकार, सेलिब्रेटी सबैबाट बधाई लिइरहेकी छु। अनौठो अनुभव भैरहेको छ।

**यति धेरै पदक पाइएला भन्ने लागेको थियो ?**

यति धेरै प्रतिस्पर्धामा भाग लिँदैछु भन्ने नै थाहा थिएन। बुवाले जुन-जुन प्रतिस्पर्धामा जाऊ भनेर अर्‍हाउनुभयो, त्यसमै प्रतिस्पर्धा गरें।

**होइन, यति धेरै पदक पाइएला भन्ने लागेको थिएन भन्ने खाजेको ?**

खेलेपछि त स्वर्ण पदक आउँछ भन्ने नै लागेको थियो। त्यसैले जतिवटा खेल खेल्न पनि तयार भएँ, त्यसबेला पदक नै ल्याउने इच्छा थियो।

**एउटा स्पर्धामा खेल्नुभएन, स्वर्ण पदक आउँदैन भन्ने डर लागेर त्यसो गर्नुभएको ?**

होइन, त्यो खेलमा पनि मैले नै स्वर्ण पदक ल्याउँथें। बुवाले नै मलाई ब्याक गर्नुभयो। आ□ना अरू शिष्यले पनि खेल जितून् भन्ने उहाँको इच्छा थियो। यदि १३ वटै खेलमा मैले प्रतिस्पर्धा गरेको भए अन्य शिष्यले चित्त दुखाउन सक्छन् भन्ने बुवाको सोचाइ थियो।

**पौडीमा बाह्र स्वर्ण जिते पनि कुनै पनि स्पर्धामा पुरानो राष्ट्रिय रेकर्ड तोड्न सक्नुभएन, यसले त जबरजस्ती स्वर्ण पदक जितेजस्तो देखियो नि ?**

वास्तवमा जुन स्पर्धामा भाग लिए पनि स्वर्ण नै जित्ने इच्छा हुन्छ। एकै दिन लगातार तीन-चारवटा स्पर्धामा भाग लिँदा यति थाकिन्थ्यो कि राष्ट्रिय रेकर्ड तोड्ने स्टामिना नै बाँकी रहँदैनथ्यो। मेरो विचारमा तीन दिनमा १२ स्वर्ण जित्न विश्वचर्चित खेलाडीलाई पनि रेकर्ड तोड्न गाह्रै हुन्छ। राष्ट्रिय रेकर्ड तोड्न नसके पनि लुना प्रधान, नयना शाक्य, शैला राणाजस्ता चर्चित पौडीबाजले राखेको रेकर्डको हाराहारीमा आफूलाई उभ्याएँ।

**जे भए पनि राष्ट्रिय रेकर्डको इच्छा अधुरै रहने भयो ?**

होइन, आगामी खेलमा म सबै रेकर्ड तोड्ने पक्षमा छु। यदि मैले नियमित तालिम गर्न पाएँ भने एघारौं सागसम्ममा पुराना राष्ट्रिय रेकर्ड तोड्न सक्छु।

**एक महिनाअघिसम्म पौडीमा तपाईंको नाम आउँदैनथ्यो, रातारात कसरी यति धेरै प्रगति गर्नुभयो ?**

मेहेनतले, जसले मेहेनत गर्छ, उसैले सफलता हासिल गर्छ। अल्छीले प्रगति गर्न सक्दैन। काठमाडौंको जाडोमा घण्टौं पौडीपोखरीमा डुब्ने हिम्मत जो कोहीले गर्न सक्दैनन्। आर्टिटेक्टजस्तो कठिन विषय पढे पनि मैले दुवैमा सफलता हात पार्नु थियो। मैले जित्ने संकल्प गरेकी थिएँ। त्यसका लागि म जस्तोसुकै कठिन प्रशिक्षणका लागि पनि तयार थिएँ।

**बुवा प्रशिक्षक भएका कारण अरू पौडीवाजप्रति ध्यान नदिएको आरोपलाई के भन्नुहुन्छ ?**

तालिम अवधिमा उहाँ मेरो गुरु हुनुहुन्थ्यो, बुवा होइन। एउटा गुरुले कहिल्यै पनि एउटालाई काखा र अरूलाई पाखा पार्छ भन्ने मलाई लाग्दैन। उहाँले २० औं खेलाडीलाई खोजेर चाबहिलको बाबा बोर्डिङ स्कुलमा छात्रावृत्ति दिएर पढाउनुभयो, राम्रा खेलाडी निस्किउन् भनेर। अँ, घरमा पनि उहाँले मलाई गाइड गर्नुहुन्छ, जुन सहयोग अरूलाई गर्न सम्भव छैन।

**तपाईं आर्टिटेक्टजस्तो गम्भीर विषय अध्ययन गर्दै हुनुहुन्छ, खेलकुद र अध्ययनबीच समय मिलाउन गाह्रो छैन ?**

धेरै गाह्रो छ, तर म खेलकुद र अध्ययनबाहेक अरू केही पनि गर्दिनँ। मेरा उमेरका अन्य साथीहरू मनोरञ्जन गर्छन्, घुमफिर गर्छन्। म केही पनि नगरी यी दुईलाई मात्र समय दिन्छु। त्यसैले मेरो अध्ययन बिग्रिएको छैन। जुनसुकै काम गर्न पनि इच्छाशक्ति ठूलो कुरा हुँदो रहेछ।

**अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिन जाँदा लामो समय बिताउनुपर्छ, त्यसले कुनै गाह्रो भएको छैन ?**

बरु सहयोग गरेको छ। चीनबाट ओलम्पिक खेलेर फर्कंदा मैले त्यहाँका चर्चित कप्लेस तथा स्टेडियमको डिजाइन हेर्न पाएँ। कलेजमा त्यसैको प्रिजेन्टेसन गरें, जसले मेरो प्राक्टिकल नलेज बढ्यो। उद्देश्य राखेर मेहेनत गर्ने हो भने अप्ठ्यारो अवस्थामा पनि धेरै कुरा गर्न सकिन्छ।

**भविष्यको योजना के छ ?**



तस्बिर : नवराज बाग्ले

एउटा आफैंले डिजाइन गरेको स्विमिङ पुलसहितको आकर्षक घर बनाउने। उक्त घरमा बसेर जीवनभरि पौडी खेल्ने र आर्टिटेक्टसम्बन्धी काम गर्ने।

**विदेशमा कि नेपालमा ? किनभने नेपालमा तपाईंले कल्पना गरेको आम्दानी त नहोला नि ?**

नेपालमै काम गर्छु। नेपालमा आर्टिटेक्टको भविष्य उज्ज्वल छ, किनभने यहाँका मानिस पैसा कमाउनेबित्तिकै घर नै बनाउन चाहन्छन्। मेहनत गर्ने मेरो बानी नै छ। मेहनत गर्नेले जहाँ पनि पैसा कमाउँछन्।

–अश्विनी कोइराला




होटल तालिम विशेष छुटमा 2003 मा स्थापित

नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक Worldwide valid Certificate

Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ

COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.

- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

SLC दिएकालाई 25% EXTRA छुट

र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर, बागबजार, पि.के. क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ, 4247165, 2200889, 9841-891131

साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal), नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग, 2040782, 016200757, 98510-93629

र्‍याडीसन होटल तालिम सेन्टर, नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि, 4464720, 9841-891131, 98510-93629




प्राइभेट TEST/SLC - 2066

११ वर्षको गहिरो अनुभवका साथ यस पटक पनि पुन भर्ना खुल्यो SLC पास गर्ने सुवर्ण अवसर आजै सर्म्पक राख्नुहोस्।

प्राइभेट TEST/SLC कसका लागि ?

कक्षा ८ वा ९ पास गरी स्कुल जान नपाएका र कक्षा ९, Test वा SLC फेल भै निरास भएकाहरुका लागि।

सम्झना एकेडेमी नै किन ?

अत्यन्त अनुभवि शिक्षक/शिक्षीकाद्वारा अध्यापन, गरिब जेहेन्दार दलित पिछडिएकाहरुका लागि छात्रबृतिको व्यवस्था, कमजोरका लागि विशेष कक्षा संचालन, होस्टेलको राम्रो व्यवस्था भएको। बिहान, दिउसो र बेलुका कक्षा संचालन हुने, अंग्रेजी/नेपाली छुट्टा छुट्टै कक्षा को व्यवस्था।

TEST/SLC ग्यारेन्टीका साथ पास हुने गरी पढ्नलाई सम्झनुहोस्

SAMJHANA ACADEMY पुरानो बसपार्क, नेपाल पुलिस क्लब ठिक पछाडि सम्पर्क 014246397

होटल तालिम

SLC दिएर बसेका विद्यार्थीहरूका लागि विशेष छुट मा निम्न विषयहरुमा भर्ना लिइदैछ।

Cook, Waiter

साथमा Bakery/Bar Tender Front office/Care Giver House keeping

सिट सिमित छ

विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।

Manpower Training Center Pvt. Ltd. PACIFIC Jamal, Kathmandu 4232196

उद्घोषण Anchoring (VJ/RJ/Stage)

Public Speaking: Personality Development, Confidence Development, Leadership Development

Speech Art: Career Counselling, Videography & Camera, News Reading/Reporting

With: Mahima (Image TV), Bhuwan (ImageTV), Kala (Hits FM), Kusum (Gorkha FM), Raj (Star FM), Nirajan (Star FM), Dipak Samir (Gorkha FM) Gyanendra (Star FM), Krishna (STV), Sabina (ATV) Shyam (Image FM), Puskar (NNTV), Hira (VOY FM) and top media personalities from Nepal and India.

THE MEDIA'S COLLECTION

Bagbazar (Opp. to Petrol Pump) Ph. No. 4233042

Pokhara: 061-530569 also in Banepa & Ithari

WHAT AFTER EXAM??? Rs. 1000/- Discount Job Guarantee

# आ-आफ्नै परिभाषामा आमा

शिव मुखिया

*धर्ती भैं एकचोटी सहेर हेर अरूले कुल्चेको*
*आगो भैं एकचोटी बलेर हेर अरूले तापेको*

आमाको महिमामा गाइएको हुन् यी पंक्तिहरू। धर्ती भैं अरूले कुल्चेको सहने शक्ति आमामा हुन्छ। आफू बलेर आफ्ना सन्तानलाई न्यानो दिने सामर्थ्य तिनै आमामा हुन्छ। 'आमा' दुई अक्षरको यो शब्दले श्रृष्टिको बृहत् रूप अटाएको छ। यो शब्द जति व्यापक र प्रिय छ उति नै मर्मस्पर्शी पनि। 'आमा' शब्द उच्चारण गर्दा उत्पन्न हुने ध्वनिले हाम्रो हृदयको गहिराइलाई छुन्छ।

श्रृष्टिको संवाहक ती आमा जसले शिशुलाई आफ्नो गर्भमा नौ महिनासम्म हुर्काएर राख्छिन्। पीडादायक प्रसव वेदना सहेर जन्म दिन्छिन्। स्तनपान गराएर प्राण दिन्छिन्। उनको काख शिशुका लागि पहिलो धर्ती हो जहाँ उनी हुर्कन्छन्।

शिशुको निन्द्राका लागि ती आमा रातभर जाग्छिन्। उसको भविष्यका खातिर आफ्ना सम्पूर्ण इच्छा, आकांक्षा भुल्छिन् आमा। आमाको महिमा गाएर गाइनसक्नुको छ। त्यसैले त भनिन्छ 'आमा नै सृष्टिको सर्वश्रेष्ठ रचना हुन्।'

बाल्यकालको स्मृति खोतल्ने हो भने उनी आमा नै त थिइन् जसले हाम्रा शिर-पुच्छर नभएका असंख्य प्रश्न र जिज्ञासाको जवाफ दिन्थिन्। सानो बिरामीमा पनि रातभर जागेर हाम्रो ख्याल गर्थिन्। परी, जनवार तथा प्राकृतिका अनगिन्ती कथा सुनाएर हाम्रो निन्द्रा अझ गहिरो र मीठो बनाउँथिन्। आमा नै हुन् जसले हाम्रो अन्तर्मनमा नैतिक, सामाजिक, मानवीय मूल्य एवं मान्यताको बिजारोपण गरेकी थिइन्। जसको कारण हामी वास्तविक अर्थमा पूर्ण मानव बन्न सकेका छौं। पुरानो मान्यता अनुरूप 'पुत्र त कुपुत्र पनि हुन सक्छ तर माता कहिल्यै कुमाता हुन सक्दिनन्।' त्यसैले हाम्रो परम्परामा सम्पूर्ण नदीदेखि लिएर गाईसम्म सबै पवित्र प्रतीकलाई आमाको दर्जा दिइएको छ।

सम्भवत: यो संसारमा सबैभन्दा बढी प्रिय नाता वा शब्द नै आमा हो। आमा स्वर्गभन्दा पनि प्यारो हुन्छ। आमाबिना सृष्टि सम्भव छैन। हामीलाई जन्म दिने आमा, हुर्काउने, बढाउने आमा अनि भविष्यको गोरेटोमा हिंड्न सिकाउने आमा। अहिले एकपटक फेरि आमालाई श्रद्धापूर्वक सम्झने दिन आएको छ। वर्षमा एक दिन आमाको महिमालाई मनन गरेर श्रद्धा गर्ने अवसर हो- मातातीर्थ औंसी। यो दिनलाई हामी आमाको मुख हेर्ने दिन पनि भन्छौं। हुन त आमा सधैं नै पूज्य हुन्छिन् तर यस दिन विशेष रूपले आमाप्रति श्रद्धा व्यक्त गरिन्छ। आज समय बदलिइसकेको छ। परिवर्तीत समयसँगै यस्ता परम्पराहरू ओझेलमा पर्दै गएका छन्। आमाको मुख हेर्ने दिनलाई तपाईं कसरी स्मरण गर्नुहुन्छ ? साप्ताहिकको जिज्ञासामा रंगकर्मी सुनिल पोखरेल भावुक भए। 'म आमाको साथमा नरहेको धेरै वर्ष वितिसक्यो' उनले मलिन भावमा भने- 'तैपनि यो अवसरमा फोनबाट आमासँग कुरा गर्छु, श्रद्धापूर्वक उहाँलाई सम्झन्छु।' विराटनगरमा रहेकी आमालाई उनले २०३६ सालमै छाडेर राजधानी छिरेका हुन्। त्यसयता कुनै पनि मातातीर्थ औंसीमा उनीले आमाको साथ रहन पाएका छैनन्। 'बरु, अरू बेला घर जादाँ आमालाई मनपर्ने सामग्रीहरू लिएर जान्छु' पोखरेल भन्छन्। आमा सधैं नै सम्मानित अनि पूज्य हुन्छिन्। आमाको काखमा लुटपुटिँदै हुर्किएका हामीले कहिल्यै पनि उनको महिमा भुल्न सक्दैनौं।

'बिहान उठेर नुहाइ-धुवाइ गर्छु' आमाको मुख हेर्ने दिनको योजनाका सम्बन्धमा करिष्मा कार्कीले भनिन्- 'अनि सरप्राइज दिने।' हालै सम्पन्न पाँचौं राष्ट्रिय खेलकुदबाट पौडीमा सर्वाधिक १२ स्वर्ण पदक जितेकी करिष्माका दाजु तथा दिदी नेपाल बाहिर छन्। 'त्यसैले यसपाली आमालाई श्रद्धा गर्ने जिम्मेबारी मेरो हो' करिष्मा भन्छिन्- 'आमालाई म विशेष गिफ्ट दिन्छु।' विगतदेखि नै उनले यो पर्वलाई विशेष रूपले मनाउँदै आएकी छिन्। विगतमा दाजु तथा दिदीहरूको साथमा उनले आमालाई गिफ्ट दिने, खानेकुरा ख्वाउने काम गर्थिन्। 'त्यतिबेला मसँग पर्याप्त पैसा पनि हुँदैनथ्यो' करिष्माले विगत सम्झिइन्- 'अब भने मन खोलेर आमालाई गिफ्ट दिनेछु।' टाढा बस्ने सन्तानले आमालाई श्रद्धापूर्वक सम्झना गर्ने अवसरको रूपमा यो पर्व महत्त्वपूर्ण रहेको करिष्मा बताउँछिन्। 'नजिकको देउता हेला भनेझैं आमाको साथमा रहदाँ हामी उनको महिमालाई भुल्छौं' गायक निर्णय श्रेष्ठले भने- 'त्यसैले यो आमालाई श्रद्धा गर्ने विशेष दिन हो।' उनका लागि आमा जन्मदातामात्र होइनन् संगीत क्षेत्रमा लाग्न हौस्याउने प्रेरणाको श्रोत पनि हुन्। 'म संगीतमा लाग्नुमा आमाको महत्त्वपूर्ण भूमिका छ' निर्णय भन्छन्। सधैं आमाको साथमा रहेर पनि उनले यस दिनलाई विशेष रूपले मनाउनेछन्। 'त्यस दिन म सरप्राइज दिनेछु' निर्णयले सुनाए। आफूलाई धर्तीमा टेकाउने आमा सधैं हाम्रो साथमा हुन्नन्। आमा नहुँदाको क्षणमा आमाको महत्त्व अझ बढी महसुस हुने कुरा कलाकार केदार घिमिरे बताउँछन्। टेलिश्रृंखला मेरी बास्सैमा माग्ने बूढाको चरित्रमा देखिने यी कलाकारले ७ वर्षको उमेरमै आमाबाट विमुख हुनुपर्‍यो। 'आज आमा नहुदाँ नरमाइलो लाग्छ' उनले भावुक हुँदै सुनाए-'आमाको मुख हेर्ने भन्दै सबै फलफूल, मिठाई किनिरहेको देख्दा अझ नरमाइलो लाग्छ।' सानैमा आमाको माया गुमाएका उनी मातातीर्थको दिन आमालाई सम्झेर श्राद्ध एवं पूजाआजा गर्छन्। आजको पुस्ताले आमाबुबाको गुणलाई बिर्सिसकेको बताउँछन् उनी। 'युवापुस्ता आफ्नो कतर्व्यबाट विमुख देखिन्छ' केदारले भने- 'त्यस्ता युवायुवतीका लागि आमाको गुण सम्झने एउटा राम्रो अवसर हो।'

नेवार परम्परामा आमाको मुख हेर्ने दिनलाई विषेश महत्त्व दिइएको बताउँछिन् चित्रकार एरिना मानन्धर। 'आमालाई भोज ख्वाएर, नयाँ पहिरन प्रदान गरिन्छ' उनले भनिन्- 'परिवारका सबैजना भेला भएर आमालाई पुज्न पाउँदा एकदमै राम्रो लाग्छ।' उनलाई संसारमा सबैभन्दा प्रिय लाग्ने शब्द नै आमा हो। आमाबाट पाइने स्नेह, माया अन्यत्र पाईदैन।

बाँकी पृष्ठ ८ मा



सन्दर्भ- आमाको मुख हेर्ने दिन- वैशाख १२


Anchoring
RJ/VJ/MC/ Technician
Training with
• Rita Limbu • Pratima Shrestha • Simrika Sharma • Raj Shrestha
• Kusum Bajracharya • Keshav J. Panday • Siromani Dawadi and more...
"School of media personalities"
PREMIUM MEDIA
Kalanki, Kathmandu, Phone: 2024007, 4672580, 9841892941
"We don't teach you different things but we teach you differently"
Exploring Hidden Talent



सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
मोटोपन घटाउने (Sauna Belt) - 1999/-
अनुहार गोरो बनाउने (Roop Amrit) - 1299/-
स्तन बढाउने वा घटाउने Cream - 1299/-
डण्डीफोर हटाउने (Face Pack) - 1500/-
धुम्रपान छोड्न रक्सी छुटाउने - 1500/-
Body Slim Cream वा Sauna Belt - 3000/-
कपाल नझर्ने वा उमार्ने तेल - 750/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
Ph. 2290871, Mob. 9841506134



S.L.C.
दिएर बसेका विद्यार्थीलाई
विशेष छुट
Computer:
1 Smart Computer Package.
2 Web Design.
3 Hardware & Netwarking.
Language:
High Technology English.
Free- Internet, Wifizone, E-library
Princeton Infosys Pvt. Ltd
Jawalakhel, Lalitpur
Tell- 01-5544052



नि:शुल्क ब्यूटिसियन तालिम
नेपाल सरकारद्वारा मान्यता प्राप्त NGO को सहयोगमा दक्ष तथा अनुभवी ब्युटिसियनहरुद्वारा बेसिक, एडभान्स र डिप्लोमा तथा स्पेशल कोर्षहरुमा ग्यारेण्टिका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो।
S.L.C. दिएर बसेकालाई 20% Discountसहित भर्ना खुल्यो।
बालाजु चोक (LWBTC) 4350762
9841819235, 9841687846
(मैनबत्ती बनाउने तालिम नि:शुल्क दिइन्छ)

## दस जोड दुईको परीक्षा

# उत्कृष्टता हासिल गर्ने विधि

**शिव मुखिया**

ख्वप कलेज भक्तपुर कक्षा १२ मा अध्ययनरत संगीता श्रेष्ठ परीक्षाको तयारीमा जुटेकी छिन् । आगामी वैशाख १६ गतेदेखि सञ्चालन हुने कक्षा १२ को परीक्षालाई सफलतापूर्वक पार गर्ने ध्याउन्नमा उनी कडा मेहनत गरिरहेकी छिन् । संगीता मात्र होइन, नेपालभरिका करिब ४ सयभन्दा बढी दस जोड दुईमा अध्ययनरत विद्यार्थीलाई यतिबेला परीक्षाको चटारोले छोपेको छ । दस जोड दुईअन्तर्गत कक्षा १२ को परीक्षा १६ गते प्रारम्भ हुँदैछ भने कक्षा ११ को परीक्षा वैशाख ३० देखि हुनेछ । परीक्षा नजिकिँदै जाँदा कतिपय उच्च माध्यमिक विद्यालयले तयारी कक्षा पनि सञ्चालन गरिरहेका छन् ।

विद्यार्थीमाझ लोकप्रिय दस जोड दुईको परीक्षालाई कसरी उपलब्धिमूलक बनाउने ? परीक्षामा कस्तो विधि अपनाउँदा उच्च अंक हासिल गर्न सकिन्छ ? जस्ता विषयमा साप्ताहिकले सम्बन्धित विद्यालयका प्रिन्सिपल, प्रशासक एवं शिक्षकसँग जिज्ञासा राखेको थियो । 'उच्च अंक प्राप्तिका लागि लक्ष्य निर्धारण गर्नुपर्छ,' जेभियर एकाडेमी काठमाडौंका सह-प्रिन्सिपल राजकुमार भण्डारीले भने- 'लक्ष्य निर्धारण गरिसकेपछि सोहीअनुसार मेहनत गरे उच्च अंक हासिल गर्न सकिन्छ ।' लेखेर अध्ययन गर्ने, अध्ययन गरेको कुरालाई मनन गर्ने, अध्ययन गरेका मध्ये कति कुरा ग्रहण गर्न सकियो भनेर आत्ममूल्यांकन गर्ने, घरमा पनि निर्धारित समयमा परीक्षा दिने अभ्यास गर्नेजस्ता विधि अपनाउँदा परीक्षामा सफलता प्राप्त गर्न सकिने भण्डारीले बताए । 'यिनै विधि अपनाएर दैनिक १५ घण्टा तयारीमा जुट्नुपर्छ,' भण्डारीले भने- 'अलिकति पनि समय बर्बाद नगरी अध्ययन गर्दा लक्ष्य हासिल गर्न सकिन्छ ।'



दस जोड दुईमा अध्ययनरत अधिकांश विद्यार्थी मोटरसाइकल, मोबाइल एवं कम्प्युटरजस्ता प्रविधिसँग एकाकार भैरहेका हुन्छन्, तर सबैले यी प्रविधिको सदुपयोग गरेको भने पाइँदैन । परीक्षाको समयमा त यस्ता प्रविधिबाट अलग रहनु नै उपयुक्त हुने शिक्षकहरू बताउँछन् । मोटरसाइकल, मोबाइल एवं कम्प्युटरमा अल्झिएर विद्यार्थीहरूले आफ्नो महत्त्वपूर्ण समय बर्बाद गर्ने हुँदा परीक्षाको बेला यस्ता कुराबाट अलग हुनुपर्ने लिटिल एन्जल्स उच्च मा.वि., ललितपुरका प्रशासक नवीन श्रेष्ठ बताउँछन् । परीक्षामा समय प्रबन्धन महत्त्वपूर्ण कार्य हो । आफूलाई गाह्रो लाग्ने विषयलाई बढी समय दिएर अध्ययन गर्नुपर्ने श्रेष्ठ बताउँछन् ।

विद्यार्थीहरूले जहिले पनि अभिभावक एवं शिक्षकसँग पारदर्शी व्यवहार गर्नुपर्ने जेभियरका भण्डारी बताउँछन् । 'आफ्नो कमजोरी लुकाउनु हुँदैन, खुलस्त व्यवहार गर्नुपर्छ' भण्डारी भन्छन्- 'विद्यार्थीको कमजोरी थाहा पाएपछि शिक्षक एवं अभिभावकले सोहीअनुसार निगरानी गरेर अध्ययन गराउनुपर्छ ।

आफूलाई अनुकूल हुने वातावरणमा अध्ययन गर्नुपर्छ । शान्त वातावरणमा विद्यार्थीहरूले आफ्नो ध्यान केन्द्रित गर्न सक्छन् । 'मस्तिष्कलाई स्वच्छ बनाएर अध्ययनमा जुट्नुपर्छ' लिटिल एन्जल्सका श्रेष्ठ भन्छन् । अध्ययन गरेको कुरा ग्रहण गर्न मानसिक रूपमा मात्र होइन, शारीरिक रूपमा पनि स्वस्थ हुनुपर्ने उनको तर्क छ ।

अरू बेलाभन्दा परीक्षाको समयमा विद्यार्थीहरू अध्ययनमा बढी समय दिन्छन् र मेहनत पनि बढी गर्छन्, तर कक्षामा भर्ना भएदेखि नै मेहनत गरेर अध्ययन गर्ने विद्यार्थीहरूलाई परीक्षाको बेला गाह्रो हुँदैन । परीक्षामा उत्कृष्ट अंक हासिल गर्न सुरुदेखि नै राम्रोसँग अध्ययन गर्नुपर्छ । अरू समय अध्ययन नगर्ने र परीक्षाको बेलाचाहिँ दिनरात किताबमा घोत्लिने विद्यार्थीबाट उत्कृष्ट अंक प्राप्त गर्ने अपेक्षा राख्न सकिँदैन । यसरी परीक्षाको बेला मात्र पुस्तकमा घोत्लिइरहने विद्यार्थीलाई मानसिक रूपमा अझ बढी भार पर्ने सम्भावना हुन्छ । फलतः आफूले जानेको कुरा पनि भुल्न सकिन्छ । काठमाडौं मोडल उमाविका सह-प्रिन्सिपल मनोजकुमार थापा भन्छन्- 'परीक्षाको बेला नयाँ कुरा पढ्नेभन्दा पनि विगतमा आफूले पढेको कुरा स्मरण गर्ने हो ।' परीक्षा दिनु एक दिनअघि रातिसम्म पढेर बस्नु नहुने उनले बताए । रातभरि बस्दा परीक्षाका समयमा विद्यार्थीहरू शारीरिक एवं मानसिक रूपले समेत थकित हुन्छन् । जसले गर्दा सोचेअनुरूप परीक्षा दिन सकिँदैन ।

परीक्षामा प्रश्नलाई राम्रोसँग बुझेर मात्र जवाफ लेख्नुपर्छ । 'कतिपय विद्यार्थी हतारिएर प्रश्नको आशय नबुझी जबाफ लेख्छन्,' लिटिल एन्जल्सका श्रेष्ठ भन्छन् । प्रश्नको आशय बुझेर सही जवाफ लेख्नुपर्छ । कति अंकको प्रश्न हो सोहीअनुरूप जवाफ लेख्नुपर्छ । अक्षर स्पष्ट, शुद्ध र सफा हुनु आवश्यक हुन्छ । अध्ययन गरेको कुरालाई राम्रोसँग बुझेर परीक्षा दिनुपर्छ । मौलिक जवाफले विद्यार्थीको असली क्षमताको पारख गर्छ । त्यसैले आफूले बुझेको कुरालाई मौलिक ढंगले नै प्रस्तुत गर्नुपर्छ ।

**कमजोर विद्यार्थीका लागि**

कतिपय विद्यार्थी मेहनत गर्दागर्दै पनि कमजोर हुन सक्छन् । मानसिक एवं शारीरिक रूपले कमजोर विद्यार्थीहरू पढाइमा कमजोर हुने सम्भावना हुन्छ । उनीहरूले मेहनत गरेका हुन्छन् तर सही विधि नअपनाउँदा अध्ययन गरेको विषय ग्रहण गर्न सकिरहेका हुँदैनन् । पढ्न चाहने तर अध्ययन गरेको कुरा सजिलै ग्रहण गर्न नसक्ने विद्यार्थीहरूलाई परीक्षाको बेला शिक्षक, अभिभावक एवं साथीहरूको हौसला आवश्यक हुन्छ । जेभियरका भण्डारी भन्छन्- 'यस्ता विद्यार्थीहरूलाई आत्मबल दिनुपर्छ, हतोत्साहित बनाउनु हुँदैन ।'

## परीक्षामा अपनाउनुपर्ने सावधानी

परीक्षा विद्यार्थीको क्षमता जाँच्ने माध्यम हो । विद्यार्थीका लागि चाहिँ आफ्नो बौद्धिक क्षमता प्रदर्शन गर्ने अवसर हो । त्यसैले यो अवसरलाई संयमित एवं अनुशासित भएर पालना गर्नुपर्छ । परीक्षाको आफ्नै नियम एवं आचारसंहिता हुन्छ, जसलाई परीक्षार्थीले राम्रोसँग पालना गर्नुपर्छ ।

**परीक्षा सामग्री लान नभुलौं** : परीक्षा दिनु जानुअघि परीक्षा दिने विषयसँग सम्बन्धित आवश्यक सामग्री लान नछुटाऊँ । कलम, पेन्सिल, इलेजर, रुलर, कम्पासजस्ता विषयगत आवश्यकताको सामग्री बोकेर जानुपर्छ ।

**प्रश्न बुझेर मात्र उत्तर लेखौं** : प्रश्नपत्र हातमा आइसकेपछि प्रथमतः प्रश्नलाई राम्रोसँग पढौं । प्रश्नले चाहेको जवाफ के हो ? कति हो ? भन्ने कुरा बुझेर मात्र जवाफ लेखौं । प्रश्नको आशय नबुझी लेखिएको जवाफले समय र अवसर दुवै नष्ट गर्छ।

**मौलिक जवाफ** : पुस्तक पढेको आधारमा हु-बहु जवाफ लेख्नु राम्रो होइन । साथै, अर्काको सारेर वा चिटिङ गरेर लेखिएको जवाफको कुनै काम हुँदैन । त्यसैले जवाफ लेख्दा जतिसक्दो आफूले बुझेको कुरालाई मौलिक ढंगले प्रस्तुत गरौं । प्रश्नको मर्मलाई ध्यानमा राखेर आफ्नै बुझाइअनुसार जवाफ लेख्नु राम्रो हो । यसले नै विद्यार्थीको क्षमता जाँच गर्ने हो । पढेको कुरा जस्ताको तस्तै लेख्दा वा सार्दा विद्यार्थीले पढेको विषय बुझेको छैन भन्ने स्पष्ट हुन्छ । कुनै पनि प्रश्नको जवाफ दिँदा आँखा र हातको मात्र होइन, आफ्नो मस्तिष्कको प्रयोग गर्नुपर्छ ।

**समयसीमाको ख्याल** : कति समय लगाएर कुन प्रश्न हल गर्ने भन्ने कुरा निकै महत्त्वपूर्ण हुन्छ । प्राप्त हुने अंकका आधारमा जवाफ लामो वा छोटो लेख्ने भन्ने निक्यौल गर्नुपर्छ । परीक्षाजस्तो संवेदनशील घडीमा यताउता अलमलिनु, अनावश्यक कुरा सोचेर बस्नु, साथीहरूसँग जिस्कनुजस्ता कार्य गर्दा आफूलाई ठूलो नोक्सान पुग्न सक्छ । परीक्षाका लागि निर्धारित समयको ख्याल गरेर जवाफ लेख्नुपर्छ । आफूले जवाफ लेखिसकेर कपी बुझाउनुअघि एकपटक आफैंले जाँच गर्नु फाइदाजनक हुन्छ ।

**अत्तालिन हुँदैन** : आफूले नबुझ्ने वा गाह्रो प्रश्न आए विद्याथीहरू निकै अत्तालिन्छन् । यस्तो अवस्थामा अत्तालिँदा आएको कुरा पनि लेख्न सकिँदैन । बरु, सजिला प्रश्नहरू खोजेर क्रमैसँग हल गर्दै जानुपर्छ । निर्धक्क भएर बुद्धिमतापूर्ण ढंगले प्रश्नको जवाफ लेख्नुपर्छ ।

Study Abroad
USA / Australia / Canada
Poland / Cyprus / UK / Japan
GMAT / GRE / SAT / IELTS / TOEFL
Language Classes / Computer Classes
Personality Development Courses
Free Processing for Aus / Cyprus / Poland
Educational Directions (P) Ltd.
Kalimati-13, Near by Chandi Complex) KTM
Tel.: 01-4284190, 9841316944
G.P.O. Box: 23232
Email: educationaldirections@mail.org

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आर्युवेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

स्वास्थ्य तालिम
* मेडिकल C.H.W.
* केयर गिभर
* C.C.A.
विगत ९ वर्ष लामो अनुभव
STAFF Nurse/ HA Entrance Prepraton Class
नोट : S.L.C. दिएर बसेकालाई प्राथमिकता
जन स्वास्थ्य विकास केन्द्र
कोटेश्वर, काठमाडौं, फोन : २०८३१६२
मो. : ९८४१४५४९१५, ९८५१०६८३५४

होटल तालिम
SLC दिएर बसेका विद्यार्थीहरूका लागि विशेष छुट मा निम्न विषयहरूमा भर्ना लिइदैछ ।

| विशेष छुटमा | विषय | पुरानो शुल्क | छुट सहितको शुल्क |
| --- | --- | --- | --- |
| | Cook | 8000 | 5000 |
| | Waiter | 3000 | 1500 |

साथमा
Bakery/Bar Tender/Front office
House keeping/Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ ।
National Employment Training Center Pvt. Ltd.
NETC चुच्चेपाटी, चावहिल
४४९००१६
२०२३३६७

# वातावरणीय कसीमा २०६५

कुलचन्द्र अर्याल

२०६५ सालको वातावरणीय घटनाक्रम सुखद रहेनन् । संसारभरि नै बहसको प्रमुख विषय बनेको जलवायु परिवर्तनको प्रश्न नेपालमा पनि जोडतोडका साथ उठिरह्यो । नेपालको उच्च हिमाली क्षेत्रका हिमतालहरूमध्ये २० वटा ताल फुट्न सक्ने जोखिममा रहेका एक अध्ययनले देखाएको छ । तीमध्ये चारवटा अति नै जोखिममा रहेका छन् । देशका केही भागमा अतिवृष्टिका कारण प्राकृतिक विपत्ति आए पनि गत मनसुनमा औसतभन्दा निकै कम वर्षा भयो । गर्मीका कारण पानीका स्रोत सुकेपछि वन्यजन्तुले पानी खान नपाउँदा पर्सा वन्यजन्तु आरक्षमा ट्यांकरमा ओसारेर पानी ख्वाइएको समाचार चर्चाको विषय बन्यो । गत साउन महिनामा ३० वर्षयताकै उच्च तापक्रम रेकर्ड गरियो । यो हिउँदमा विगतभन्दा ५ डिग्री सेल्सियस तापक्रम बढ्न पुग्यो । वर्षा हुने हिउँदका महिना खडेरीमा बिते भने उच्च तापक्रमका कारण यो हिउँदमा तराई, पहाड र हिमाली क्षेत्रक कैयन् जंगलक्षेत्रमा विनाशकारी डढेलो लाग्यो जुन नियन्त्रण बाहिर जाँदा महत्त्वपूर्ण जैविक विविधता नष्ट हुन पुग्यो । काठमाडौंको वायुमण्डललाई खैरो बादलले धेरै दिनसम्म ढाकिरह्यो ।

यो वर्ष काठमाडौंमा जलवायु परिवर्तनसम्बन्धी एक अन्तर्राष्ट्रिय सम्मेलनसमेत भयो । पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनसम्बन्धी सो सम्मेलनमा जापान, रूस नेपाललगायत देशका करिब १ सय ५० सहभागी थिए ।

यसबीच क्योटो अभिसन्धिको स्वच्छ विकाश संयन्त्रअन्तर्गत नेपालको वनक्षेत्रसमेत कार्बन व्यापारको सूचीमा सूचीकृत भयो । नेपाली वनले कार्बन शोषण गर्नमा सहयोग गरेबापत नेपालले वार्षिक ५ अर्ब आम्दानी गर्न सक्ने भयो ।



सुधारिएको चुलो कार्यक्रमलाई समेत कार्बन व्यापारको सूचीमा समावेश गर्ने पहल जारी छ भने बायो ग्याँस र लघु जलविद्युत् कार्बन व्यापारको सूचीमा समावेश भएर आर्थिक टेवा पुऱ्याइरहेका छन् ।

**जैविक विविधता संरक्षण**

वन्यजन्तु र जैविक विविधताको क्षेत्रमा पनि यो वर्षका घटनाक्रम केही उल्लेखनीय रहे । बर्दिया राष्ट्रिय निकुन्ज तथा शुक्लाफाँटामा गरिएको बाघ गणनाको अन्तिम परिणाम आइनसकेको भए पनि अघिल्लो गणनामा भन्दा बाघको संख्यामा बढोत्तरी भएको संलग्न अधिकारीहरू बताउँछन् । गैंडा संरक्षणमा भने यो वर्ष निराशा हात लाग्यो । चितवन र बर्दियामा चोरी-सिकारीबाट गैंडा मारिने क्रम रोकिएन । बर्दिया स्थानान्तरण गरिएका ७८ गैंडामध्ये केवल २० वटा बाँकी रहेको र अन्य सबै सिकारीले मारिसकेको भन्ने चिन्ताजनक समाचार आयो । गैंडा संरक्षणका लागि भन्दै गत भदौमा नेपाल र भारतका संरक्षणकर्ताहरू चितवनमा भेला भए । संयुक्त बैठकबाट गैंडा संरक्षणका लागि १८ बुँदा पारित गरियो र संयुक्त रूपमा गैंडा गणना गर्ने निर्णय गरियो । सुक्लाफाँटामा बाह्रसिंगेको संख्या बढेको खबरले भने केही खुसी तुल्यायो ।

यस वर्ष जैविक विविधताका दृष्टिले केही महत्त्वपूर्ण क्षेत्रहरूलाई संरक्षित क्षेत्र घोषणा गरियो । बर्दियाको खैरापुरलाई कृष्णसार संरक्षण क्षेत्र बनाइयो । नागार्जुन जंगल क्षेत्रलाई शिवपुरी राष्टिय निकुन्जमा समावेश गरियो भने इलामको माईपोखरी अन्तर्राष्टिय सिमसार सूचीमा सूचीकृत भयो । गिद्धको संरक्षणका लागि भन्दै यसै वर्ष चितवन निकुन्जको कसरामा गिद्ध प्रजनन केन्द्र स्थापना भयो । वन्यजन्तुको क्षेत्रमा बाँदर निर्यातको प्रसंग पनि यस वर्ष चर्चित बन्यो । वैज्ञानिक प्रयोगका लागि नेपालका रातो बाँदर अमेरिका पठाउने सरकारी निर्णयका विरुद्धमा सर्वोच्चमा मुद्दा दायरसमेत भयो, जसबाट बाँदर निर्यातको काम रोकियो । यसै वर्ष कृषक तथा प्रजननको आनुवंशिक अधिकारसम्बन्धी कानुन व्यवस्थापिका संसद्मा प्रस्तुत गरियो । वनविनाशको दर यो वर्ष पनि रोकिएन । सुकुमवासी, भूमिहीन, द्वन्द्व तथा प्राकृतिक प्रकोपपीडितको नामबाट तराई क्षेत्रका वन अतिक्रमण गर्ने काम तीव्र भयो ।

यो वर्ष नेपालमा पनि खाद्यान्न र ऊर्जा संकट मुख्य दुई समस्या बनिरहे । खाद्यान्न अभावले पनि दुर्गम जनता निकै मारमा परे । खाद्यान्न तथा उपभोग्य वस्तुको मूल्यवृद्धि अत्यधिक रह्यो । संयुक्त राष्ट्रसंघले नेपालका २५ लाख मानिस भोकमरीमा रहेको प्रतिवेदन सार्वजनिक गऱ्यो ।

# आ-आफ्नै परिभाषामा आमा

पृष्ठ ६ बाट जारी

आमा हुनुको मर्मलाई राम्रैसँग बुझेकी एलिनाले आफ्नो क्यानभासमा पनि आमाको मायालाई प्रतिविम्बित गरेकी छिन् । 'मदर एन्ड चाइल्ड' शीर्षकमा उनले थुप्रै चित्र समेत बनाएकी छिन् । 'आमासँगको एउटा क्षण म कहिल्यै भुल्न सक्दिनँ' उनी भन्छिन्- 'दसैंको बेलामा आमाले आफ्नो काखमा राखेर दुई चुल्ठी बाटिदिएको सम्झना सधैं आइरहन्छ ।'

'यसपाली आमा हाम्रो साथमा रहनुहुन्न' ब्याडमिन्टन खेलाडी पूजा श्रेष्ठले भनिन्- 'आमा लण्डनमा हुनुहुन्छ ।' पाँचौ राष्ट्रिय खेलकुदबाट चार स्वर्ण पदक हात पारेकी पूजाले विगतमा यो पर्वलाई विषेश रूपले मनाउने गरेको स्मरण गरिन् । 'हामी परिवारका सबैजना भेला भएर आमालाई मीठो मसिनो ख्वाउँथ्यौं' पूजाले भनिन्- 'त्यस दिन असाध्यै रमाइलो हुन्थ्यो ।' आफू खेल क्षेत्रमा लाग्नुमा आमाको हात रहेको बताउँदै पूजाले भनिन्- 'मैले यहाँ गोल्ड मेडल जित्दा मभन्दा धेरै खुसी आमा हुनुभयो ।' आफूले प्रतियोगितामा सफलता हासिल गरेकाले आमाले लण्डनबाट फर्किएपछि पशुपतिमा लाख बत्ती बाल्ने भाकल गरेको समेत उनले बताइन् । 'आमाको प्रेरणा, हौसला एवं मायाले गर्दा म यहाँसम्म आइपुगेकी हुँ' पूजाले भनिन्- 'आमाको गुण बिर्सिनसक्नु छ ।'

मिस टिन काठमाडौं एलिसा मानन्धर छोराछोरीका लागि आमा सधैं मार्गदर्शकको रूपमा रहने बताउँछिन् । उनले भनिन्- 'छोराछोरीको भविष्य राम्रो बनाउन आमाको भूमिका महत्त्वपूर्ण हुन्छ ।' कुनै पनि आमाले छोराछोरीका लागि नराम्रो सोंच्दैन । जतिसुकै पीडा सहेर पनि उनका आँखाहरू आफ्ना सन्तानलाई सुखी देख्न चाहन्छ, खुसी देख्न चाहन्छ । 'आफूलाई अप्ठ्यारो पर्दा सबैभन्दा पहिले त्यसको समाधान आमासँग खोजिन्छ' एलिसा भन्छिन् । यसपाली आमाको मुख हेर्ने दिनमा उनले आमालाई अण्डा, माछा बनाएर सगुन ख्वाउने योजना बनाएकी छिन् । 'हाम्रो परम्परामा सगुन ख्वाएपछि अन्य खानेकुरा ख्वाउने चलन छ' एलिसाले भनिन्- 'त्यसपछि सरप्राइज गिफ्ट दिने ।'

हामीलाई संसार देखाउने आमा । हरेक सुख-दुःखमा साथ दिने आमा । आमा जति प्रिय वस्तु अरू के हुन सक्छ ? नेपाली राष्ट्रिय फुटबल टोलीका कप्तान राकेश श्रेष्ठ भन्छन्- 'आमाभन्दा ठूलो कुरा यो संसारमा अरू केही छैन ।' जन्मदाताका रूपमा मात्र होइन कर्मदाताका रूपमा पनि आमा पूज्य रहेको उनले बताए । 'मेरो सफलताको पछाडि आमाको हात छ' राकेश भन्छन्- 'उहाँले हौसला दिएर नै मैले खेलक्षेत्रमा यो स्थान हासिल गरेको हुँ ।' खेलका क्रममा आमासँग नहुदाँ पनि उनले यो पर्वलाई बिर्सिएनन् । 'आमालाई फोन गर्थें' उनले भने । आमाको मन नदुखाउनु, आमालाई दुःख नदिनु र आमाको भावना विपरीत काम नगर्नु नै सच्चा रूपमा आमाको सम्मान गर्नु हो भन्छन् उनी । 'म कहिल्यै आमालाई दुःख दिन्न' राकेश भन्छन्- 'यो मेरो आमाप्रतिको श्रद्धा हो ।'


भर्ना खुल्यो !
कक्षा ८ पास ९, १० र SLC फेल भई स्कुल जान छाडेकाहरूका लागि एक वर्षे
Private SLC
Morning/ Day
English /Nepali Medium
Siddhartha
Academy & Research Centre
Ph: 01-4357907
सोह्रखुट्टे गार्डेन होटल जाने बाटो

सौन्दर्यका सामानहरू

| | |
|---|---|
| १. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/- | ७. अनुहारको चाया पोतो हटाउने -रु. २,५००/- |
| २. Souna Belt Price -रु.२,४९९/- | ८. पेट घटाउन Abking pro -रु. ६,९९९/- |
| ३. Breast घटाउने क्रिम -रु.१,३००/- | ९. Home Jogger -रु. ६,९९९/- |
| ४. Breast बढाउने क्रिम -रु.१,३००/- | १०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/- |
| ५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/- | ११. Breast बढाउने pump -रु. १,४९९/- |
| ६. Roop Amrit -रु.१,३९९/- | १२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/- |

Global TV. Product Shop
पुतलीसडक, ( शंकरदेव क्याम्पस अगाडि )
कुमारीबैंकपछाडिफोन :४२४२०६१,४२३०८१५



# साप्ताहिक इन्फो



## पूजाको दोस्रो बिहे ?

नायिका पूजा चन्दले दोस्रो विवाह गर्ने खबर अमेरिकाबाट सार्वजनिक भएको छ। केही वर्षअघि अमेरिका पलायन भएकी नायिका चन्दले आफ्ना पूर्व श्रीमान् सुरज चन्दसँग यसअघि नै पारपाचुके गरिसकेकी छिन्। केही समयअघि स्वदेश आएर आफ्नी एक्ली छोरीलाई आफूसँगै अमेरिका लिएर गएपछि पूजाले दोस्रो विवाह गर्ने निर्णय गरेको बताइन्छ। विवाहको मिति भने तय भैसकेको छैन।

## गुडलक कि ब्याडलक



हेर्दाहेर्दै नायक अर्जुन कार्कीले १४ वटा चलचित्रमा अभिनय गर्न भ्याइसकेका छन्। कार्की दुई वर्षको अवधिमा यति व्यस्त भए कि उनले एकपछि अर्को चलचित्रमा अभिनय गरिरहे। रमाइलो कुरा के छ भने १४ वटा चलचित्रमा नायक भैसकेर पनि नायक कार्कीको एउटा मात्रै चलचित्र सार्वजनिक भएको छ। यसबीच उनले जति चलचित्रमा काम गरे तीमध्ये अधिकांश प्रदर्शनको सँघारमा छन्। एउटा पनि चलचित्र सार्वजनिक नभै यसरी एकपछि अर्को चलचित्रमा काम पाउँदै जानुलाई के भन्ने ? नायक अर्जुन कार्कीको 'गुडलक' ? सम्भवतः उनी संसारकै एक मात्र चलचित्र नायक हुन्, जसको एउटा पनि चलचित्र हिट हुनु त परै जाओस्, चलचित्र सार्वजनिक नभै एकपछि अर्को चलचित्रको लाइन लागेको छ। यदि प्रदर्शन हुने क्रममा रहेका उनका चलचित्र एकपछि अर्को गरी असफल भए भने नि ? निर्माताहरू फेरि पनि उनलाई आफ्ना चलचित्रमा लिन लाइन लाग्लान् र ? हाम्रो कामना छ– उनका लागि त्यस्तो 'ब्याडलक' नहोस्।



## नायिकाको खोजीमा

'मौसम' चलचित्रको सफलतापछि नयाँ चलचित्र 'च्यालेन्ज' निर्माण गर्ने तयारी पूरा गरेका चलचित्र निर्देशक श्याम भट्टराईले वैशाख १ गतेदेखि छायांकन प्रारम्भ गर्ने तय भैसकेको कार्यक्रम एक महिनाका लागि पर सारेका छन्। चलचित्रको छायांकनलाई एक महिना पर सार्नुपर्ने कारण पनि रमाइलै छ। चलचित्रमा विराज भट्ट, सुरेश मरहठ्ठा तथा रेखा थापाले अभिनय गर्ने पक्का भैसकेको छ। उनलाई अब एउटी नायिकाको खाँचो छ।

अहिले चलचित्रमा अभिनय गरिरहेका नायिकाहरूमा कथाले खोजेको जस्तो चरित्र फेला पार्न नसकेपछि भट्टराई हैरान भएका हुन्। 'नयाँ नायिकाको खोजी गरेको एक महिना भैसक्यो, अहिलेसम्म फेला पार्न सकेको छैन, निर्देशक भट्टराईले थपे- 'पाँच फिट तीन इन्च अग्ली, राम्रो फिगर भएकी तथा नायकसँग पनि द्वन्द्व गर्न सक्ने अनुहारको खोजीमा छु।' राजधानीको बानेश्वर हाइटस्थित नमस्ते नेपालको कार्यालयमा नयाँ नायिकाको पर्खाइमा बसेका निर्देशक भट्टराईलाई यो वैशाखभरिमा जसरी पनि एउटा नयाँ नायिका खोजिसक्नुपर्ने बाध्यता छ। भट्टराई भन्छन्- 'भनेजस्ती नायिका फेला पार्न सकिएन भने एउटा राम्रो चलचित्रको परिकल्पना पूरा नहुन सक्छ।'

## शीर्षक चलचित्रको

निर्देशक सोभित बस्नेत दुई नयाँ चलचित्र निर्माण गर्दैछन्, जसको शीर्षक क्रमशः 'चिनो' तथा 'कन्यादान' राखिएको छ। गायक अर्जुनकुमार पनि चलचित्र 'युगदेखि युगसम्म' को निर्माणमा व्यस्त छन्। वास्तवमा यी नामका चलचित्र यसअघि नै निर्माण भैसकेका छन्। कुनै चलचित्र निर्माण भएको दस वर्ष पूरा भएपछि त्यही शीर्षकमा अर्को चलचित्र निर्माण गर्न अनुमति नलिनुपर्ने नियमका कारण अहिले पुराना चलचित्रको नामबाट नयाँ चलचित्रको शीर्षक राख्ने होड चलेको छ। त्यति मात्र होइन, अहिले लामो शीर्षक राखेर चलचित्र निर्माण गर्ने शैली पनि प्रारम्भ भएको छ। भुवन केसीको चलचित्र 'म तिमिबिना मरिहाल्छु' मात्र होइन, दीपक रायमाझीको चलचित्र 'हाम्रो मिलन कहिले हुन्छ ?' 'हाँसिदेऊ एक फेर', 'नाइँ नभन्नु ल', 'दाग : नमेटिने घाउ' जस्ता चलचित्र त्यस्ता केही उदाहरण हुन्।



# तपाईंलाई अरूले नाक कोट्याएको देख्दा कस्तो लाग्छ ? आफूचाहिं कत्तिको कोट्याउनुहुन्छ ?

(सन्दर्भ विश्व नाक कोट्याउने दिवस वैशाख १० गते)



शरीरका अन्य अंगहरू आँखा, कान, दाँत सफा गरेजस्तै नाक सफा गर्नु पनि उत्तिकै आवश्यक छ। नाकमा फोहोर पर्ने भएकाले सफा गर्नु स्वाभाविक हो। म प्रायः बिहान-बेलुका बाथरुममा मात्र नाक सफा गर्छु। सार्वजनिक स्थलमा अरूले नाक कोट्याउँदा मानिस असभ्य देखिन्छ।

– रेजिना उप्रेती (नायिका)

लामो हाँसो....अ खै के भन्ने □ अरूले कोट्याएको देख्दा कस्तो-कस्तो लाग्छ, राम्रो लाग्दैन। म आफैंचाहिं नाक कोट्याउनैपर्‍यो भने रुमाल प्रयोग गर्छु। रुमाल पनि भएन भने कसैले नदेख्ने गरी यसो कोट्याएजस्तो गर्छु।'

– शोभा बर्मा (गायिका)

कस्तो अनौठो प्रश्न □ प्रायः नेपालीहरूको नाक कोट्याइरहने बानी नै छ। यो एउटा बानी नै भएकाले खासै अप्ठेरो लाग्दैन, तर म आफूचाहिं कहिलेकाहीं के गरौं, के गरौं भएको बेला नाक कोट्याउँछु। रुघा लागेको बेला नाक खसखस गरेको बेला पनि अनायासै नाकमा हात पुग्छ।

– कविराज निरौला (गायक)

एक त प्रश्न नै अचम्मको रहेछ। नाक कोट्याउने दिवस नै मनाइन्छ भन्ने सुनेको थिइनँ तर मचाहिं यो दिवसलाई सरासर वहिष्कार गर्छु। नाक कोट्याउनु फोहोरी काम हो जस्तो लाग्छ। म आफू पनि नाक कोट्याउँदिनँ र अरूले कोट्याएको हेर्दा पनि राम्रो लाग्दैन।

– श्याम भट्टराई (चलचित्र निर्देशक)

सार्वजनिक स्थलमै नाक कोट्याउनु राम्रो हो जस्तोचाहिं लाग्दैन, तर के गर्नु, यो काठमाडौंको धूलो-धूवाँले नाकै बन्द हुन्छ अनि कहिलेकाहीं कोट्याउनु परेन त...हा..हा...हा...□ (लामो हाँसो)

– हिमाल सागर (गायक)

## जम्का भेट

प्रथम मिस हङकङ नेपाल एवं नायिका। हङकङे नेपाली समाजमा मोडलिङ र र्‍यापको प्रारम्भकर्ताकै रूपमा चिनिन्छिन् जुनु पुन। सन् १९९८ मा आयोजित पहिलो मिस हङकङ नेपालको ताज पहिरेकी पुन मोडलिङ प्रतियोगिताहरूमा समेत सक्रिय रहिन्। केही वर्ष हराएझैं भएकी जुनुले एकाएक हङकङमै निर्मित नेपाली चलचित्रमार्फत नायिकाका रूपमा पुनरागमन गरेकी छिन्। आत्मसन्तुष्टिका लागि अभिनय गर्ने बुटवलकी जुनु पुनसँग साप्ताहिक प्रतिनिधि निर्मल श्रेष्ठको जम्काभेट :



**लामो समय हराउनुभयो नि ?**

हराएको होइन, हङकङमै थिएँ। घरव्यवहारका कारण समय दिन नसकेकी हुँ।

**मोडलका रूपमा चिनिए पनि कसरी एकाएक चलचित्रमा आउनुभयो ?**

चलचित्र पहिलो भए पनि अभिनय मेरा लागि नौलो होइन। यसअघि म्युजिक भिडियोहरूमा काम गरिसकेकी छु। मेरो रहर, बुबाको प्रोत्साहन तथा साथीभाइले हौंस्याएका भरमा प्रयास गरेकी हुँ।

**कस्तो रह्यो चलचित्रको पहिलो अनुभव ?**

साह्रै रमाइलो। कथाअनुसार आफूलाई ढाल्न सोचेजस्तो सजिलो हुँदो रहेनछ। सुरुकै दिनमा निर्देशक प्रवीन बराइलीले हङकङको अति व्यस्त हाईवेमा दौडाए। कथाको माग भन्दै काँडैकाँडा भएको जंगलमा कुदाए, अग्ला ठाउँबाट फालहालियो। क्यामेरा अगाडि भएपछि नसोचेको काम पनि गरिँदो रहेछ। जीवनमै पहिलो पटक खाली ट्रकपछाडि बसेर यात्रासमेत गरियो।

**कस्तो छ तपाईंको भूमिका ?**

चलचित्र द प्लानले हङकङमा बसोबास गर्ने नेपाली युवाहरूको कथा बोकेको छ। म पनि त्यसभित्रकी एक पात्र हुँ।

**दर्शकले कस्तो प्रतिक्रिया देलान् ?**

अंग्रेजी चलचित्रसँग तुलना गरे पक्का त्यस्तो छैन। नेपाली चलचित्र हेर्न जाँदैछु भनेर आए कम लाग्नेछैन। यहाँ मात्र होइन, नेपालका दर्शकले समेत मन पराउने कुरामा आशावादी छु।

**राम्री हुनुहुन्छ, फेरि नायिकाको प्रस्ताव आए के गर्नुहुन्छ ?**

अलि मोटाएकी छु। पहिलो प्राथमिकता कामलाई नै दिनुपर्‍यो। रहर त लाग्छ नि, तर के गर्नु ? आत्मसन्तुष्टिका लागि राम्रा अवसर पाए अवश्य गर्नेछु।

**तपाईंका नौला कुरा ?**

त्यस्तो नौलो केही छैन, तैपनि साईबाबाको दर्शन गर्न बैंगलोर पुगेपछि पूर्ण शाहाकारी भएर फर्किएँ।

## प्रथम हङकङ डान्स आइडल



प्रथम डान्स आइडल को बन्छ भन्ने कौतूहलताले सयौं नृत्यपारखी आइतबार मंकी हिलको खुला चौरमा भेला थिए। विशुद्ध नेपाली गीत र पहिरनको छनौट आयोजकको मुख्य सर्त रहेकाले कार्यक्रममा आकर्षण थपेको थियो। नयाँ वर्षको अवसर पारेर फियोना हङकङले आयोजना गरेको उक्त कार्यक्रममा २८ जना प्रतियोगी सहभागी थिए। आयोजकको चुनौतीबमोजिम गीतसंगीत र शब्दअनुसारका पहिरन छनौटमा प्रतियोगीहरू खरो उत्रिए। युवती मात्र सहभागी प्रतियोगितामा अधिकांश गुन्यूचोली, बख्खु र फरियाजस्ता नेपाली परम्परागत जातीय पहिरनमा ठाँटिएर भिडे। सात समुद्रपारि आ□नै गाउँठाउँमा बज्ने लोकलयमा आधारित गीत सुन्न पाउँदा के पाका, के जवान सबै फुरुङ्ग थिए। भीडमा दंग पर्दै नृत्याङ्गना सँगै तालमा ताल मिलाउनेको कमी थिएन। गीत-संगीतको ध्वनि र दर्शकको लगातार हुटिङले सहरभन्दा टाढाको एकान्त स्थल दिनभर गुञ्जायमान भयो।

पहिलो चरणमा सोन्ह, दस र पाँच हुँदै अन्तमा सन्ध्या गुरुङ, क्रिष्टिना लिम्बू र रेनु थापा अन्तिम तिनमा छानिए। सयौं दर्शकको लगातारको हुटिङ र तालीका बीच सुरुदेखि दर्शकको आँखामा परेकी रेनु थापा 'प्रथम हङकङ डान्स आइडल' घोषित भइन्। अन्तिम प्रतिस्पर्धाका लागि 'किन बढ्दैछ ढुकढुकी मुटुको' रोजेकी उनले जितपछि प्रतिक्रिया दिँदै भनिन्– 'साह्रै खुसी छु, अरू त के भनूँ खै।' यो प्रतियोगितामा फस्ट र सेकेन्ड रनरअप क्रमशः सन्ध्या गुरुङ र क्रिस्टिना लिम्बू घोषित भए।

**निर्मल श्रेष्ठ, हङकङ**

## मिसन एभरेस्ट

तीन वर्षपहिले सगरमाथामा ४ मिनेट ४० सेकेन्ड कम्मरभन्दा माथि कपडा खोलेर बसेपछि चर्चा कमाएका जाङ्बु शेर्पा अर्को उपाधि लिएर आएका छन्। यी तन्नेरी पर्वतारोहीले सर्वोच्च शिखरमा जाँदा खिचेको फुटेजलाई डकुमेन्ट्रीमा ढालेका छन्। 'मिसन एभरेस्ट' नाम दिएको उक्त डकुमेन्ट्री केही समयपछि राजधानीको जय नेपाल हलमा देखाइने शेर्पाले बताए। १ घन्टा ३० मिनेटको यो डकुमेन्ट्रीले शेर्पाहरूले कसरी हिमाल चढ्छन् ? भन्ने कुरा बताउँछ। पछिल्लो समयमा धेरै शेर्पा युरोप र अमेरिकातिर पलायन भएपछि आरोहणलाई केही धक्का पुगेकाले तन्नेरी पुस्तालाई हिमाल आरोहणमा आकर्षित गर्ने ध्येयले यो चलचित्र बनाएको शेर्पाले बताए।

हिमाल भन्नेबित्तिकै साहसिक र कठिन काम हो भन्ने प्रतिविम्ब आउँछ। संसारका हजारौं मानिस हिमाल आरोहण गर्न आउँछन्। त्यसमा पनि सबैलाई शिखरको सफलता हात पर्दैन। केही बीचैबाट निराशाको पोको बोकेर फर्कन्छन्, केही शिखर चुमेर उत्साहित भएर फर्कन्छन्। 'मिसन एभरेस्ट' ले समेटेको छ। सोलुखुम्बुको खरिखोलामा जन्मिएका शेर्पा हिमालमा युवा पुस्ताको चार्म हराउँदै गएकोमा चिन्ता गर्छन्। त्यसैले उनी मिसन एभरेस्टले युवाहरूको ध्यान तान्नेमा ढुक्क छन्। सगरमाथामा छ पटक पाइला राखिसकेका जाङ्बुले चोयु, सिसापाङ पनि आरोहण गरेका छन्।

यो वृत्तचित्रका लागि क्यामेरा पनि उनैले चलाएका हुन्। जर्ज मेलोरीको जीवनमा आधारित वृत्तचित्रमा शेर्पाको (सहयोगी) भूमिका निर्वाह गरेका जाङ्बुले शिखरसम्मकै फुटेज खिचेका छन्। नेपाल सरकारले हिमाल आरोहीहरूप्रति उचित ध्यान नदिएको उनले गुनासो गरे। हिमालमा बर्सेनि नेपाली पर्वतारोहीले ज्यान गुमाएका छन् तर सरकार बेखबर छ, -जाङ्बुले भने।

**-चक्र कार्की**

## युद्धचित्र फ्रेम्स अफ वार वृत्तचित्र यात्रा


काठमाडौं– नेपालयले निर्माण गरेको 'युद्धचित्र –फ्रेम्स अफ वार' शीर्षकको वृत्तचित्रको देशव्यापी प्रदर्शन प्रारम्भ भएको छ। देशका ३१ वटा सहरमा २९ चैत, २०६५ देखि ६ असार २०६६ सम्म उक्त वृत्तचित्र देखाइनेछ। प्रेम बिके र केसाङ्ग छेतेनद्वारा निर्देशित उक्त वृत्तचित्र कुन्द दीक्षितको तस्बिर पुस्तक 'लडाइँमा जनता'को तस्बिरप्रदर्शनी यात्रामा आधारित छ। २०५२ देखि २०६३ सम्म चलेको नेपालको एक दशक लामो द्वन्द्वका बेला प्रभावित भएका नागरिकहरूको पीडा वृत्तचित्रमा समेटिएको छ। ३१ सहरमा हुने १ सय ४५ प्रदर्शनलाई अधिराज्यका ५० हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने विश्वास गरिएको छ। स्थानीय आयोजकका रूपमा नेपाल पत्रकार महासंघका सम्बन्धित जिल्ला शाखाहरू रहने उक्त प्रदर्शनीमा स्थानीय सञ्चारमाध्यमहरू र सामुदायिक संस्थाहरूको पनि सक्रिय सहभागिता रहनेछ।

हेटौंडाबाट चैत २९ गते सुरु भएको यो यात्रा लाहान, भद्रपुर, फिदिम, इलाम, विराटनगर, धनकुटा, इटहरी, गाईघाट, जनकपुर, वीरगन्ज, कावासोती, नेपालगन्ज, महेन्द्रनगर, धनगढी, वीरेन्द्रनगर, लमही, सन्धिखर्क, बुटवल, तम्घास, तानसेन, स्याङ्जा, बाग्लुङ, बेनी, पोखरा, दमौली, बेसीसहर, गोरखा, चौतारा र चरिकोट हुँदै काठमाडौंमा सप्ताहव्यापी रूपमा जेठ ३१ देखि असार ६ सम्म चलेर समापन हुनेछ। वृत्तचित्रको प्रवेश निःशुल्क भए पनि इच्छुक दर्शकहरूले स्थानीय आयोजकसँग प्रवेश पास लिनुपर्नेछ।

## कान्समा नेपाली लघु चलचित्र

**साप्ताहिक समाचार**

काठमाडौं– ओस्कारपछिको सबैभन्दा प्रभावकारी अन्तर्राष्ट्रिय चलचित्र महोत्सव कान्समा नेपालको इतिहासमै पहिलो पटक तीनवटा लघु चलचित्र छानिएका छन्। दीपक रौनियारको 'चौखट' का अतिरिक्त 'अवेकन आइज' तथा 'ह्वेर इज द स्टोरी ?' पनि केन्स सर्ट फिल्म कर्नर अन्तर्गत दर्ता भई



बिक्री वितरणको स्टलमा सहभागी हुन लागेका हुन्।

नेपालबाट छनौट भएका लघु चलचित्रका निर्देशकहरूका अनुसार उक्त सर्ट फिल्म कर्नर कुनै प्रतिस्पर्धा होइन तथा त्यहाँ सहभागी हुन कुनै जुरीले छनौट पनि गर्दैन। त्यसमा सहभागिताका लागि प्रक्रिया पुर्‍याई तोकिएको शुल्क तिरेपछि जो-कोहीले पनि भाग लिन पाउँछन्। आइसफल प्रोडक्सनले जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'यो कुनै ठूलो घटना होइन। यसको प्रमुख फाइदा भनेकै स्टलमा बसेर संसारभरिबाट आएका चलचित्रसम्बन्धी चासो राख्ने व्यक्तिसँग सम्पर्क बढाउनु तथा सम्भव भए आफ्नो चलचित्र बिक्री गर्न पाउनु हो।'

कान्समा सहभागी हुने लघु चलचित्र 'ह्वेर इज द स्टोरी ?' को निर्देशन मनोजबाबु पन्तले गरेका हुन्। यो चलचित्रमा क्याप्टेन शेरबहादु गुरुङलाई चित्रण गरिएको छ। 'अवेकन आइज' का निर्देशक विनोद पौडेल हुन् जसमा विष्णु पाण्डे, पुष्पा केसी तथा मीरा भण्डारीले मुख्य भूमिका निर्वाह गरेका छन्।



## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म १८ वर्षीय युवक हुँ र पेसाले खेलाडी। मेरो प्रेम पनि खेल जगत्बाटै सुरु भएको हो। पहिले त हामीबीच सामान्य बोलचाल भयो। बोली-व्यवहारका कारण मलाई उनी मन परिन्। त्यसपछि मैले उनलाई मन पराउँछु भनेर प्रेमपत्र लेखेँ, तर उनले अहिलेसम्म प्रतिक्रिया जनाएकी छैनन्। उनी केही दिन रिसाएकी पनि थिइन्, तर सोध्न सकिनँ। खेल्न भने उनी सधैं आउँछिन्। मेरो जन्मदिनमा म्यासेज पनि पठाइन्। मैले उनलाई फोन पनि गरेँ, राम्रोसँग कुराकानी भयो, तर प्रेमपत्रको उत्तर माग्ने आँट भने आएन। म कसरी उनलाई मन पराउँछु भनूँ ?**

**सयाम**

खेलाडीहरू त आँटिला पो हुन्छन्। खेलमा जे-जस्तो गर्न सक्ने आँट भए पनि प्रेम प्रकट गर्ने मामिलामा भने जसको पनि मुटु काम्न सक्छ। तपाईंले आँट गरेरै उनलाई प्रेम पत्र दिनुभयो, जवाफ पो आएन। मेरो विचारमा कसैले कसैलाई मन पराउनु वा एकतर्फी माया गर्नु सामान्य कुरा नै हो। जसलाई मन पराइएको छ, उसले पो कस्तो रूपमा लिने हो ? भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। त्यसैले तपाईंले मन पराएकी साथीले तपाईंको प्रेमलाई कस्तो रूपमा लिएकी छिन् भन्ने कुराको महत्त्व धेरै छ। एकपटक त आँट गरेर प्रेमपत्र दिइसक्नुभयो। अब जे होला भन्ने सोचेर त्यसको जवाफ माग्नु नै उचित हुन्छ। त्यसरी सोध्ने बेलामा भने उनको मुड कस्तो छ भन्ने कुरामा विचार गर्नुहोला नि।

## ● फिल्मी खबर ●

### कलाकार निर्वाचन

• नेपाल चलचित्र कलाकार संघको अध्यक्षमा रमेश बुढाथोकी निर्वाचित भएका छन्। बुढाथोकीका विरुद्ध अरू कसैको उम्मेदवारी नपरेपछि उनी सर्वसम्मत घोषित भएका थिए। अन्य पदका लागि भएको निर्वाचनमा भने झरना थापा, लय संग्रौला, सौजन्य सुब्बा, सानु ताम्राकार, विशाल विष्ट, विक्रान्त बस्नेत, धीरेन शाक्य, उत्तम केसी, घनश्याम खतिवडा, नवल खड्का, हेमन्त बुढाथोकी तथा रामकेशर बोगटी कार्यसमितिको सदस्यमा निर्वाचित भएका छन्।

### सिलसिलाको ५१ दिन

•चलचित्र 'सिलसिला'ले एकपछि अर्को स्थानमा प्रदर्शनको ५१ दिन मनाएको छ। ०६५ को सर्वाधिक सफल चलचित्रको सूचीमा अग्रस्थानमा रहेको यो चलचित्रले दमक, नारायणघाट र दाङमा सफलताको ५१ दिन मनायो। उक्त अवसरमा चलचित्रका कलाकार तथा प्राविधिकहरू त्यहाँ पुगेर दर्शकहरूसँग खुसी साटेका थिए। राजु पाण्डे, सिपी पौडेल आदिको लगानीमा बनेको चलचित्र 'सिलसिला'मा विराज भट्ट, राज तिमिल्सिना, रेखा थापा, सोनिया केसी आदि कलाकारको मुख्य भूमिका छ। चलचित्र 'सिलसिला'का निर्देशक राजेन्द्र उप्रेती हुन्।

### व्यवसायी सफलतातर्फ

•चैतको दोस्रो सातादेखि उपत्यकाबाहिर प्रदर्शन थालिएको चलचित्र 'जिन्दगी' व्यावसायिक सफलताको बाटोतर्फ लम्किरहेको कुरा चलचित्रका निर्माता दयाराम पुडासैनीले बताएका छन्। यो चलचित्रमा निखिल उप्रेती, अरुणिमा लम्साल, प्रमोददीप, पुष्कर रेग्मी, आशा पौडेल, लक्ष्मी गिरी आदि कलाकारको मुख्य भूमिका छ।



# स्टेजका हिरो

पृष्ठ १ बाट जारी

मनोज आफैं भन्छन्, 'सर्वोच्च पदमा बसेकाहरूले आफ्नो स्वार्थका लागि जनता भिडाउने, अयोग्य व्यक्तिहरूलाई माथि तान्ने वातावरण मेरा लागि असह्य कुरा हुन् ।'

सैद्धान्तिक प्रस्तुति दिन आफूले रातदिन अध्ययन गर्ने बानी बसाएको उनले बताए । यही अध्ययन गर्ने बानीका कारण उनी पत्र-पत्रिकामा व्यङ्ग्य लेख्छन् । उनका 'लुखास्त' र 'हनुम्यान' दुई हास्यव्यङ्ग्य पुस्तक पनि प्रकाशित छन् । उनले हास्यव्यङ्ग्य-सम्बन्धी एक दर्जन क्यासेट पनि निकालिसकेका छन् । उनका 'द हाहाहा', 'मदरल्यान्ड', 'मनोजरञ्जन', 'फोटोकपी' जस्ता भिसिडी पनि चर्चित छन् । 'यी सबैमा मनोजले देश र जनताको चिन्ता गरेका छन् ।'

'आज म बौद्धिक कलाकारका रूपमा जुन स्थानमा छु त्यसको श्रेय लोकतन्त्रप्रति प्रतिबद्ध नेता तथा नागरिक समाजलाई जान्छ ।' नेकपा (एमाले) को सांस्कृतिक विभागसँग नजिक रहेका गजुरेलले साप्ताहिकसँग भने, '२०४६ सालको आन्दोलनदेखि नै मैले राजनैतिक विकासक्रमलाई राम्रोसँग अध्ययन गर्न पाएँ । देश चलाउने नेताहरूको नजिक रहें । हाम्रो देशमा विदेशी चलखेल कस्तो छ, बुझें । यसले मेरो कलाकारितालाई माझ्ने काम गर्‍यो ।'

पत्रकारितामा स्नातक मनोज सिस्नुपानी नेपाल नामक हास्यव्यङ्ग्य सदनका उपाध्यक्ष हुन् भने त्यही संस्थाद्वारा सञ्चालन हुने इन्टरनेट पत्रिका डामाडोल डटकमका सम्पादक पनि हुन् । मनोज डामाडोलमार्फत हरेक साता केही न केही व्यङ्ग्य पस्किरहेका हुन्छन् । हास्यव्यङ्ग्यसँग सम्बन्धित कलाकारको अन्तर्वार्ता उनको चर्चित कोलम हो । 'अब नेपालीहरू पनि प्रविधिसँगै संसारका अरू देशसरह अघि बढ्नुपर्छ ।' प्रविधिको कुरा उप्काउँदा मनोजले भने, 'गन्हाउने राजनीति धेरै गर्‍यौं, अब केबुलकारबाट पहाडका प्रत्येक गाउँमा पुग्ने प्रविधिको विकास गर्नुपर्छ ।'

### स्टेजका हिरो

मनोज टेलिभिजन च्यानलमा पनि नदेखिएका होइनन्, तर उनी त्यसमा जम्न सकेनन् । 'सबै जना सबै कुरामा योग्य हुन सक्दा रहेनछन् ।' टेलिभिजनमा असफल हुनुको कारण बताउँदै मनोज भन्छन्, 'नेपालका टेलिभिजनहरूले पनि तत्कालीन अवस्थामा मलाई कार्यक्रम गर्न दिनु रिस्क पनि माने ।' नेपालका सबैजसो कलाकार मञ्चमा हुने कार्यक्रममा मनोज अनिवार्य हुनुपर्ने धारणा राख्छन् । 'मनोजबिनाको स्टेज न त दर्शकले कल्पना गर्न सक्छन्, न त हामी नै,' दीपकराज गिरी भन्छन् । कलाकारहरूका अनुसार मनोजले हांस्यव्यङ्ग्य कार्यक्रममा सूत्रधारको काम गर्छन् । एउटा प्रस्तुतिबाट अर्को प्रस्तुतिका बीचमा मनोजले गर्ने व्यङ्ग्यले कार्यक्रमको स्तरमै परिवर्तन ल्याउने कलाकारहरूको ठम्याइ छ ।



## मनोज वाणी

**नयाँ वर्ष दुई हजार छैसट्ठीका लागि एक दर्जन प्रतिज्ञा**

म सार्वजानिक शौचालयमा पसेर अश्लील शब्दहरू लेख्नेछैन ।
आफूलाई सधैं सही र अरूलाई गलत देख्नेछैन ।
म माइक पाएपछि दर्शक-श्रोता निदाउन्जेल कविता सुनाउनेछैन, भाषण गर्नेछैन ।
आफूले खाए चन्दा, अरूले खाए घुस मान्नेछैन ।
भट्टीमा लोकल पिएर दोहोरीमा कुर्सी ओगट्नेछैन ।
म भोज-भतेरको लाइनमा बस्दा मासुको आइटममा धेरै बेर अड्किनेछैन ।
प्लेनमा एयर होस्टेजले ल्याएको चकलेट मुठ्याउनेछैन ।
घरमा कहिलेकाहीं अरूको इच्छाअनुसार पनि रिमोट चलाउनेछु ।
नचाहिने विषयमा टायर पोल्ने तर चाहिने विषयमा चू नबोल्ने बानी त्याग्नेछु ।
अब उप्रान्त नेपालको राजधानी दिल्लीलाई मान्नेछैन ।
अंग्रेजी भाषा र हिन्दुस्तानी भेष लगाएर राष्ट्रियताको भाषण गर्नेछैन ।
आफ्नो स्वार्थका लागि अचारलाई आची र आचीलाई अचार ठान्नेछैन ।
तरकारी चर्को भएको वा लोग्नेको बोली झर्को भएकोमा चक्काजाम गर्नेछैन ।

### राजनैतिक प्राणी

व्यावसायिक कलाकार भए पनि मनोजले लोकतान्त्रिक आन्दोलनमा नागरिक समाजसँग मिलेर विभिन्न कार्यक्रम गरे । जतिखेर जनता दलसँग टाढिएको अवस्था थियो, त्यसबेला नागरिक समाजका अगुवाहरूसँग गाउँ-गाउँ गएर जनता जगाउने काम गरे । 'जतिखेर कलाकारहरू कि त राजाका पोल्टामा गएका थिए, कि त मौनता साँधेर बसेका थिए', नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डे भन्छन्, 'त्यसबेला मनोजले लोकतन्त्रका लागि आफ्नो कलाकारिताको उपयोग गरे ।'

कतिपय अवस्थामा उनी कलाकार कम कम्युनिस्ट पार्टीका सदस्य बढी देखिने गरेको भन्दै उनको आलोचना पनि हुने गरेको छ । यो कुरा मनोज पनि अस्वीकार गर्दैनन् । 'मेरो कलाकारिता हुर्कनमा नेकपा (एमाले) को पनि योगदान छ ।' मनोज भन्छन्, 'यद्यपि म व्यावसायिक कलाकार हुँ । यस्तै आरोप लाग्ला भनेर मैले केही महिनाअघि सरकारबाट नेपाल टेलिभिजनको सञ्चालक समितिमा रहेर काम गर्ने अफरलाई अस्वीकार गरें ।' २०४६ सालको प्रजातान्त्रिक आन्दोलनमा उनलाई खुट्टाको गोलीगाँठोमा गोली लाग्यो । 'त्यसपछि मलाई सहानुभूति दिनेहरू यति बढे कि मैले ठूलो काम गरेछु भन्ने लाग्यो,' पार्टीका पछि लाग्नुको रहस्य खोल्दै मनोजले बताए । २० वर्ष पार्टीको सदस्य भएर बिताएका मनोज आजभोलि आफूलाई स्वतन्त्र व्यक्तित्वको पहिचान दिने प्रयासमा छन् । 'म कम्युनिस्ट नै हुँ ।' आफ्नो सिद्धान्त फुकाउँदै मनोजले भने, 'तर म बहुदलीय प्रतिस्पर्धा, खुला अर्थतन्त्र, स्वतन्त्र पत्रकारिता एवं निजी सम्पत्तिको पक्षपाती हुँ । कम्युनिस्ट सिद्धान्तले यी कुरा मान्दैन ।'

### संघर्षको जीवन

अहिले मनोजले काठमाडौंमा गतिलो घर बनाएका छन् । एउटा कार्यक्रम सञ्चालन गरेबापत उनी छ अङ्कसम्मको रकम लिन्छन् । 'अहिले सम्झँदा मेरो परिवर्तित जीवन सपनाझैं लाग्छ ।' मनोज भन्छन्, 'नेपालको एउटा कलाकार मञ्चमा उभिएर पनि लाखौं कमाउन सक्ने भएछ ।'

मनोज ताप्लेजुङको दुर्गम गाउँ मामाङ्खेमा जन्मिएका हुन् । चार महिनाको हुँदा उनका बुबा खसे । तीन दाजुभाइमध्ये कान्छा मनोजले प्रवेशिका उत्तीर्ण गरुन्जेलसम्म ताप्लेजुङ, झापा तथा काठमाडौंका आठवटा विद्यालय परिवर्तन गर्नुपर्‍यो । 'गरिबको छोरोले पढ्नका लागि जे-जे गर्नुपर्छ, त्यही-त्यही गरियो ।' मनोज अध्ययन र कलाकारिताको संघर्ष सम्झन्छन्, 'परिस्थितिले जहाँ-जहाँ पुर्‍यायो, त्यहीं पढ्नुपर्‍यो । मेरो जेठो दाजु नभएको भए यतिखेर म कतै ठेला कुदाउँदै वा भारी बोक्दै हुन्थे

# २०८८ सालको समाचार

**मनोज गजुरेल–**

*संघीय गणतान्त्रिक नयाँ नेपाल बनाउने जनताको चाहना कुशल नेतृत्वको अभावमा अन्ततः नयाँ-नयाँ नेपालहरूमा परिणत भएको छ । विश्वमानचित्रमा उदाएका यिनै दर्जनभन्दा बढी नयाँ मुलुकहरूका लागि बीबीसी रेडियोको कार्यक्रम 'उत्तरी-दक्षिण एसिया'मा तपाईंलाई स्वागत छ । अब सुन्नोस्, नयाँ-नयाँ नेपालका झन् नयाँ समाचारहरू :*

लिम्बुवान र खम्बुवानबीचको सीमा विवाद पुनः चर्किएको छ । सीमानदी 'अरुण'मा माछा मार्ने विषयलाई लिएर दस वर्षदेखि जारी शीतयुद्ध अहिले चरम उत्कर्षमा पुगेको हो । सामरिक महत्त्वको यो नदीलाई आफ्नो नियन्त्रणमा लिन दुवै देशका सेनाहरू अहिले अरुण किनारमा तैनाथ छन् । कुनै पनि बेला युद्ध भड्किन सक्ने भयले स्थानीय जनता बाँसको डुंगा चढेर बिहारतिर पलायन हुन थालेका छन् । बिहारका परराष्ट्रमन्त्री कालु यादव भन्छन्- 'पहाडी जनताके सुरक्षाहेतु हम अरुणसमस्यामे हस्तक्षेप भि कर सकते हैं ।'

कोचिला र लिम्बुवानबीचको खटपटले राजधानी म्याङ्लुङमा उपभोग्य सामाग्रीको हाहाकार मच्चिएको छ । २० वर्षअघि सम्पन्न 'चुलाचुली सन्धि' मुताविक दुवै देशले चारकोसे जंगलमा घाँस दाउरा गर्ने सहमति भएको थियो, तर हालै आएर लिम्बू नेसनल आर्मीले चारकोसे जंगलमा दाउरा खोज्न आएका कोच युवाहरूलाई महिला जिस्क्याएको आरोपमा पक्राउ गरेपछि विवादले उग्ररूप लिएको हो । घटनाको विरोधमा कोचिला सरकारले पहाडमा जाने अत्यावश्यक वस्तुमाथि प्रतिबन्ध लगाएपछि लिम्बुवानमा हाहाकार मच्चिएको छ । राजधानी म्याङ्लुङमा बोल्दै राष्ट्रपति श्री रामप्रसाद वनेमले भने- 'हैन हाओ, यिनीहरूले निउङ् नै खोज्या हो त ?'

यता 'तामाङ गणतन्त्र' र 'शेर्पाल्यान्ड' बीचको गुम्बाकाण्ड अझै शान्त हुन सकेको छैन । सोलुखुम्बुस्थित तेङ्बोचे गुम्बामाथि आ-आफ्नो दाबी गर्दै आएका दुवै राष्ट्र बौद्धमार्गी भए पनि सामरिक महत्त्वको गुम्बा भएकाले उनीहरू पछाडि हट्न मानिरहेका छैनन् । धार्मिक क्षेत्रमा राजनीति गरेको भन्दै 'क्रान्तिकारी बौद्ध मोर्चा'ले दुवै देशमा हड्तालको आह्वान गरेको छ । उता, सगरमाथा प्रवेशद्वार मानिएको सानो पहाडी राज्य 'जिरेल'का पर्यटनमन्त्री मनोज जिरेलले बीबीसीसँग भने- 'दुई छिमेकीबीचको झगडाले पर्यटक आउनै छाडे । हामी साना मुलुकको अर्थतन्त्र खत्तम भयो । यसले दक्षिणपूर्वी उत्तर एसियाको शान्ति र पर्यटन नराम्रैसँग प्रभावित हुने हुँदा यसमा नेवाः प्रदेशले तुरुन्त हस्तक्षेप गर्नुपर्छ ।'

'नेवाः प्रदेश'बाट स्वतन्त्रता पाउनुपर्ने माग गर्दै ऐतिहासिक कीर्तिपुरमा आज पनि विशाल प्रदर्शन भयो । देशका शान्तिमन्त्री मचाकाजी फुयाँलले भने- 'कीर्तिपुरलाई स्वायतता दिने विषयमा छलफल गर्न सकिन्छ, तर स्वतन्त्रता कदापि हुँदैन ।' उता कीर्तिपुर लिबरेसन आर्मीका प्रवक्ता उद्योग महर्जनचाहिं कुनै पनि हालतमा स्वतन्त्र कीर्तिपुर बनाएरै छाड्ने दाबी गर्दै भन्छन्- 'कीर्तिपुरका जनताको नाककान काट्ने शाहवंशसँग साँठगाँठ गर्ने काठमाडौंलाई हामी झुकाएरै छोड्छौं ।'

पश्चिमी पहाडी राज्य कर्णालीबाट तीर्थाटन गर्न काशी हिंडेका ब्राह्मणहरूको एउटा टोली थरूहट सीमामा रोकिएको छ । सुरक्षाको कारण देखाउँदै थरूहटले भिसा नदिएपछि टोली अलपत्र परेको हो । सुरक्षाजाँचका नाममा जनैसमेत खोलिएको बाहुनहरूको आरोप छ, तर थरुहट परराष्ट्र मन्त्रालयले आफ्नो बचाउ गर्दै भनेको छ- 'यो कसैको आस्थामाथि आक्रमण होइन, केवल थरूहटमा जुम्राको प्रकोप रोक्न जनै खानतलासी गरिएको हो ।'

मगराँतको प्रतिबन्धित दल 'जनै मुक्तिमोर्चा'ले सशस्त्र विद्रोहको घोषणा गरेको छ । जनै लगाउने तथा जनैबाट मुक्त भएका जातिहरू बाहुन, क्षेत्री, दलित, गिरी, पुरी, संन्यासी आदिलाई विभेद गरेको भन्दै उनीहरूले गत महिना संयुक्त मोर्चा बनाएका थिए । मोर्चाका ब्युरो सदस्य रणवीरसिंह धमलाले बीबीसीसंग भने- 'सत्ता अभावमा छटपटाइरहेको हाम्रो आत्मा तब मात्र शान्त हुन्छ जब हामी खलंगामा पार्टीको झन्डा फहराउँछौं ।' मगराँतको राजधानी खलंगामा क्याबिनेटको आपत्कालीन बैठक बसिरहेको छ ।



उत्तर-पूर्वी एसियाको पुरानो राष्ट्र मधेसका आदिवासीले राजधानी रौतहट ठप्प पारेका छन् । देशलाई यादवीकरण गरिएको तथा गाउँलाई नहेरिएको भन्दै त्यहाँका गरिब तथा दलित जनताले आन्दोलन छेडेका हुन् । विकास र बजेट ठूलाले मात्र हजम गरेको तथा गरिब मधेसीलाई राज्यले आफ्नो भोट बैंक मात्रै मानेको आरोप लगाउँदै विद्रोही नेता चम्पक चमारले भने- 'अब यह मधेस नही, यादवदेश, झादेश, आदेश, गुप्तादेशमात्र भगेले । हम यिनको दिखा देंगे कि हम विदेशी भगौडा नही, भूमिपुत्र छिः ।'

मधेसका आदिवासीको आन्दोलनका कारण तमुवानमा पेट्रोलको अभाव बढेको छ । यसका कारण पर्यटक तथा यात्रुहरू गन्तव्यसम्म पुग्न नसकेपछि सरकारले वैकल्पिक व्यवस्थाको घोषणा गरेको छ । अन्नपूर्ण बेसक्याम्पमा रोकिएका पर्यटकहरूको उद्धारका लागि करिब २० वटा घोडा त्यसतिर रवाना भैसकेका छन् भने सर्वसाधारणको सुविधाका लागि करिब ५ सय च्याङ्ग्रा परिचालन भएका छन् । सरकारको यो कदमको विरोध गर्दै विपक्षी 'थकाली संयुक्त मोर्चा'ले देशलाई ढुंगेयुगतिर लान लागेको आरोप लगाएको छ । उता यातायातमन्त्री तुलबहादुर तमुले गोल्डेन आईटिभीलाई अन्तर्वाता दिंदै भने– 'आवश्यक परे हामी राँगा तथा गोरु पनि परिचालन गर्न सक्षम छौं ।'

सपना देख्न छोड्नोस्, समाचार सकियो । ब्यूँझनोस् अनि एकता, अखण्डता र सद्भाव देखाउनुहोस्– धन्यवाद ।

## मनोजका प्रशंसक

**पुष्पकमल दाहाल, प्रधानमन्त्री**

कला, विषयवस्तु एवं प्रस्तुतिका हिसाबले मनोजको कलाकारिता उत्कृष्ट छ । एकपल्ट म आफैं दर्शक भएको अवस्थामा उनले मेरै नक्कल गरेर मलाई नै व्यङ्ग्य गरेका थिए । उनको व्यङ्ग्यले मलाई आफ्ना बारेमा आत्मसमीक्षा गर्न र अरूको आफूप्रतिको दृष्टिकोण थाहा पाउन मद्दत पुग्यो । मैले उनको खबरदारीलाई सकारात्मक रूपमा लिने गरेको छु ।

**माधवकुमार नेपाल, वरिष्ठ नेता, नेकपा (एमाले)**

कलाकारका रूपमा मनोज गजुरेल प्रतिभाशाली छन् । अरूसँग तुलना नगरी मनोज गजुरेलको कलाकारिता मूल्यांकन गर्ने हो भने उनी लोकतन्त्रप्रति प्रतिबद्ध छन् । राष्ट्रिय एकता, सामाजिक सद्भाव एवं विकास उनका रुचिका विषय हुन् । उनले कहिलेकाहीं मलाई नै व्यङ्ग्य गरिरहेका हुन्छन् । विशेष गरी मैले बोल्ने शैलीलाई बिगारेर नक्कल गर्छन् । यसो गर्दा मलाई रमाइलो लाग्छ ।

**अर्जुननरसिंह केसी, प्रवक्ता, नेपाली कांग्रेस**

मनोज गजुरेल मेरा अभिन्न मित्रमध्येमा पर्छन् । मित्र भएका कारण होइन, उनको प्रतिभाका कारण म उनको प्रशंसक बनेको हुँ । उनी नेपालका बौद्धिक कलाकारमध्येमा पर्छन् । उनको प्रस्तुतिमा राष्ट्रियता, लोकतन्त्र एवं विकासप्रतिको माया देखिन्छ ।

**डा. देवेन्द्रराज पाण्डे, अगुवा, नागरिक समाज**

राजाको प्रत्यक्ष शासन प्रारम्भ भएपछि मनोज पनि नागरिक समाजमा मिसिन आए । पहिले मैले उनलाई उति ध्यान दिएको थिइनँ, तर जब राजाको विरुद्ध कसैले बोल्न सक्ने अवस्था थिएन, उनले राजालाई नै व्यङ्ग्य गरेर सबैलाई ऊर्जा दिए । मनोजले कलाकारितालाई लोकतन्त्र र गणतन्त्रिक आन्दोलनसँग साटे । जतिखेर धेरैजसो कलाकार या त राजाको पोल्टामा गएका थिए, या चुप लागेर बसेका थिए, त्यस्तो बेलामा मनोजले रिस्क लिएर जस्तो प्रस्तुति दिए, त्यो कदर योग्य छ ।

**दीपकराज गिरी, कलाकार**

मनोज गजुरेल स्टेजका लागि जन्मिएको कलाकार हुसन । उनीबिनाको कुनै पनि स्टेज अपूरो हुन्छ । मनोजको क्यारिकेचर अब्बल दर्जाको छ ।

## कुमारित्व लिलामीको बढ्यो व्यापार



केही महिनाअघि अमेरिकाकी २२ वर्षीया नताली डायलनले आफ्नो कुमारित्व इन्टरनेट लिलाममा चढाएपछि युवतीहरूमा कुमारित्वको महत्त्व बढ्दै गएको छ। अहिले फेरि रोमानियाकी १८ वर्षीया युवतीले आफ्नो कुमारित्व लिलाममा राखेपछि युरोपको सञ्चारमाध्यममा उनको चर्चा प्रारम्भ भएको छ। रोमानियाबाट रोजगारी खोज्न जर्मनी छिरेकी एलिना पेर्सियाले आफ्नो आर्थिक अवस्थामा सुधार ल्याउन र कलेजको फि तिर्न आफ्नो कुमारित्वलाई लिलाम गर्न जर्मन भाषाको यौन वेबसाइटको सहयोग लिएकी छिन्। जर्मन भाषा बोल्न नसक्दा वेट्रेसको जागिरसमेत गुमाएकी एलिनाले आफ्नी एक दिदी नातालियाले कुमारित्व लिलाम गराएर पैसा कमाएको बताएपछि आफूले पनि सोही उपाय अपनाएको बताइन्। एलिनाको कलेजका शिक्षकहरूले उनी कुमारी नरहेको बताएपछि सम्बन्धित वेबसाइटले उनलाई आफ्नो कुमारित्व पुष्टि गर्न चुनौती दिएको थियो। उनले परीक्षणमा आफू कुमारी रहेको प्रमाणित गरेकी थिइन्। प्रमाणित नभएसम्मका लागि वेबसाइटले लिलामी स्थगितसमेत गरेको थियो। एलिनाले आफ्नो कुमारित्वबाट ५० हजारभन्दा बढी यूरो पाउने आशा राखेकी छिन् यद्यपि वेबसाइटले ५ हजार युरोबाट लिलाम बढाबढ प्रारम्भ गरेको छ।

● पहिलो विश्व ●

## महिलामा अश्लील चलचित्रको क्रेज

बेलायतमा हालै गरिएको एक सर्वेक्षणले महिलाहरूमा पनि अश्लील चलचित्र हेर्ने क्रेज बढिरहेको देखाएको छ। बेलायतबाट प्रकाशित हुने सन् पत्रिकाले आफ्ना पाठकबीच गरेको सर्वेक्षणबाट उक्त नतिजा आएको हो। पत्रिकाको सर्वेक्षणअनुसार ६६ प्रतिशत महिलाले नियमित रूपमा अश्लील चलचित्र हेर्ने गरेको बताए। करिब १ हजार पाठकले भरेको सर्वेक्षण फाराममा ८८ प्रतिशत पुरुषले नियमित अश्लील चलचित्र हेर्ने गरेको बताए। यसरी अश्लील चलचित्र हेर्नेमा २२ प्रतिशत महिला २६ देखि ३५ वर्षका, २९ प्रतिशत महिला ३६ देखि ४५ वर्षका र १६ प्रतिशत महिला ४५ वर्षभन्दा माथिका छन्। अश्लील चलचित्र हेर्ने दर्शकमा ७६ प्रतिशत पुरुष र ८७ प्रतिशत महिला विवाहित थिए। ६४ प्रतिशत पुरुषले महिलासँगै बसेर अश्लील चलचित्र हेर्ने गरेका छन् भने ५७ प्रतिशत महिलाले पुरुषसँग हेर्ने गरेका छन्। सर्वेक्षणमा सहभागी महिलाहरूमध्ये ६ प्रतिशत महिलाले दैनिक अश्लील चलचित्र हेर्ने गरेको बताए भने २६ प्रतिशतले महिनामा एकपटक हेर्ने गरेको बताए।





### अन्त्यमा...

केही वर्षअघिसम्म अधिकांश देशका श्रीमतीहरू टाउको दुखेको वा पेट दुखेको बहाना गरेर श्रीमान्‌समक्ष आ□नो यौन अनिच्छा प्रकट गर्थे, तर अहिले यस्तो समस्या श्रीमान्‌हरूले श्रीमतीसामु व्यक्त गर्न थालेका छन्। बेलायतीहरूको यौन आचरणका विषयमा गरिएको एक सर्वेक्षणले पुरुषहरूको यौनइच्छा कम हुँदै गएको देखाएको छ। १८ देखि ५४ वर्षसम्मका पुरुषमा केन्द्रित भएर 'मेन्स हेल्थ फोरम' ले गरेको सर्वेक्षणमा १५ प्रतिशत पुरुषले आफूमा यौनइच्छा कम हुँदै गएको बताएका थिए भने ४९ प्रतिशतले केही वर्षअघि गरेको यौनसम्पर्क आनन्ददायी रहेको बताएका थिए। शारीरिक रूपमा कुनै किसिमको समस्या नभएका ती पुरुषमा घट्दै गएको अनिच्छाका विभिन्न कारणमा उनीहरूले टेलिभिजन, इन्टरनेट र म्यागजिनमा अश्लील दृष्यहरू बढी हेर्नु आदि रहेको बताइन्छ।

### पुनः सानो पर्दामा

• विभिन्न चलचित्रमा अभिनय गरिरहेका कलाकार दीपक अधिकारीलाई दर्शकले पुनः सानो पर्दामा देख्न पाएका छन्। नेपाल टेलिभिजनबाट प्रत्येक सोमबार राति ८:५० बजे प्रसारण भैरहेको हास्यश्रृंखला 'जीरे-खुर्सानी' मार्फत उनी पुनः सानो पर्दाका दर्शकमाझ पुगेका हुन्। यसबाहेक अधिकारीलाई कान्तिपुर टेलिभिजनबाट प्रसारण हुन लागेको टेलिश्रृंखला 'उधारो सिउँदो' मा पनि देख्न पाइनेछ।

### लोक संगालो कार्यक्रम

• नेपाल वान च्यानलबाट लोकगीतहरूको नयाँ कार्यक्रम 'लोकसँगालो' को प्रसारण प्रारम्भ भएको छ। बिहीबार साँझ ६:३० बजे प्रसारण हुने यो कार्यक्रमको सञ्चालन पार्वती तामाङले गरिरहेकी छिन्।

### थ्रिलर सिरियल

• तराई टेलिभिजनबाट प्रसारण प्रारम्भ भएको 'डायल १००' सस्पेन्स, थ्रिलर कथावस्तु समावेश गरिएको श्रृंखला हो। प्रत्येक बुधबार राति ८:५० बजेदेखि प्रसारण हुने यो टेलिश्रृंखला १ सय ४ भाग लामो हुनेछ। निर्देशक बाबुराम ढकालका अनुसार तराई टेलिभिजनबाट यो श्रृंखला दुई वर्षसम्म प्रसारण हुनेछ। सुनिलदत्त पाण्डे, नागेन्द्र रिजाल, नीता ढुंगाना, विनोद मानन्धर, विमल पौडेल, सुकृति खरेल, आशा भुषाल, मुकेश आचार्य आदि कलाकारको मुख्य भूमिका रहेको यो श्रृंखलाको सम्पूर्ण छायांकन काठमाडौंमा गरिएको छ।

### क्याम्पो मेनिया

• नयाँ टेलिभिजन कार्यक्रम 'क्याम्पो मेनिया' को प्रसारण प्रारम्भ भएको छ। नेपाल वान च्यानलबाट प्रत्येक शनिबार दिउँसो १२ बजेदेखि प्रसारण हुने यो कार्यक्रममा विभिन्न कलेजमा आयोजना हुने अतिरिक्त क्रियाकलाप, कक्षा सञ्चालनको प्रक्रिया आदि विषय समावेश गरिनेछ। सुवानी मोक्तान तथा सुजिता श्रेष्ठले यो कार्यक्रम सञ्चालन गरिरहेका छन्।

● सानो पर्दा ●

### नयाँ एफएम

• आदर्श मिडिया प्रा.लि.द्वारा सञ्चालित आकाश एफएमले सोमबार देखि नियमित प्रसारण सुरु गरेको छ। पर्साको श्रीसिया खल्वाटोला गाविसस्थित सुख्खा बन्दरगाह चोकमा कार्यालय रहेको उक्त एफएम पर्साको पाचौं एफएम हो। १०१ दशमलव ९ मेगाहर्जमा सुन्न सकिने उक्त एफएम ५ सय किलोवाट क्षमताको हो। हाल उक्त एफएमले बिहान र बेलुका गरी दैनिक १२ घण्टा विभिन्न समाचारमूलक, सांगीतिक तथा सूचनामूलक कार्यक्रम नेपाली, हिन्दी, मैथिली, भोजपुरी, उर्दू अरबी तथा अंग्रेजी भाषामा प्रसारण गर्ने भएको छ।

### रुढिवादविरुद्ध

• नुवाकोट जिल्लाको विकराल समस्याका रूपमा रहेको चेलीबेटी बेचबिखन तथा परम्परागत रूढिवादी संस्कारलाई बदल्ने उद्देश्यले स्थानीय युवाहरूको संयुक्त पहलमा 'फिरफिरे' शीर्षकको टेलिचलचित्रको निर्माण प्रारम्भ भएको छ। टेलिचलचित्रमा अभिनय गर्ने युवायुवतीले व्यक्तिगत रूपमा पैसा जुटाई केही साताअघिदेखि उक्त टेलिचलचित्रको छायांकन प्रारम्भ भएको हो। हास्यव्यंग्य प्रस्तुतिमार्फत चेतना फैलाउने उद्देश्य रहेको उक्त टेलिचलचित्रको निर्देशन ईश्वर भण्डारीले गरेका छन्। टेलिचलचित्र निर्माणका लागि १४ जना स्थानीय कलाकारले ५-६ हजार रुपैयाँ जुटाएको निर्माता, कलाकार तथा संगीतकार देवेन्द्र थापाले बताए। पूर्वी नुवाकोटका शिखरबेसी, राउतबेसीलगायत एक दर्जन गाविसमा विद्यमान चेलीबेटी बेचबिखन समस्या तथा रूढिवादी परम्परालाई निर्मूल गर्ने उद्देश्यमा टेलिचलचित्र केन्द्रित हुने बताइएको छ। टेलिचलचित्रमा श्रीकृष्ण प्याकुरेल, देवेन्द्र थापा, राजु विक,



विमला असरपति, पुण्यवती जोशी, कमला केसी, रामचन्द्र असरपति, योवन बस्ती, आशिष नेपाल आदि कलाकारले अभिनय गररिहेका छन्।

## ● म्युजिक अपडेट ●

### डुक्पाको निधन

लोकप्रिय गीत 'असारै महिनामा...' का गायक छुजाङ डुक्पाको ५४ वर्षको उमेरमा गत सोमबार साँझ निधन भएको छ। लामो समयदेखि मृगौला रोगबाट पीडित डुक्पाको दार्जीलिङको कालेम्पोङस्थित आ□नै निवासमा मृत्यु भएको हो। विद्यार्थी जीवनदेखि नै सांगीतिक क्षेत्रमा लागेका डुक्पाले सन् १९७६ मा काठमाडौं आएर उक्त गीत गाएका थिए। यही गीतले उनलाई चर्चाको शिखरमा पुर्‍याएको थियो। उनले 'चिनारी' शीर्षकको गीतिसंग्रह पनि श्रोतामाझ ल्याएका थिए। उनका श्रीमती तथा तीन छोरा छन्।

### प्रकटको भिन्न रुप

पोखरेली साहित्यकार प्रकट पंगेनी 'शिव' गत शनिबार राजधानीमा भिन्न रूपमा प्रस्तुत भए। प्रणय गजलकारको छवि बनाएका पंगेनी राजधानीका श्रोतालाई देशभक्तिपूर्ण गजल सुनाइरहेका थिए, आ□नो पाँचौं एकल गजल-वाचनमा। गुरुकुलमा आयोजित कार्यक्रममा उनले दुई घण्टासम्म श्रोतालाई मीठा-मीठा गजल सुनाए। हत्केलो समूह नेपालले आयोजना गरेको 'परिवेशमा प्रकट' मा पंगेनीले २४ वटा गजल सुनाएका थिए।

### योगीको एकल गायन

गायक शिशिर योगी गत शुक्रबार राजधानीमा पहिलो पटक एकल गायनमार्फत श्रोतामाझ प्रस्तुत भए। 'शिशिरका सुसेली' शीर्षकको एकल गायन कार्यक्रममा गायक योगीले आफ्नो लोकप्रिय गीत 'सारंगी त रेटे पनि...' लगायत डेढ दर्जन गीत प्रस्तुत गरे।

### माहिलाको उत्साह

राष्ट्रिय गीतका रचनाकार व्याकुल माइलाले रचना गरेका सुगम संगीतमा आधारित गीतहरूको पहिलो संग्रह 'उत्साह' गत शुक्रबार एक समारोहका बीच लोकार्पण भयो। संगीतकार शान्तिराम राईद्वारा संगीतबद्ध उक्त संग्रहको विमोचन संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले गरेका थिए। सोही अवसरमा 'स्रष्टा र सिर्जनाको संवैधानिक व्यवस्था' विषयमा अन्तर्क्रिया पनि सञ्चालन संगीततर्फ मञ्जु पौडेलद्वारा सञ्चालित कार्यक्रममा मिङ्मा शेर्पा, हेमन्त शर्मा, रन्जित केसी आदिले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरे। निःशुल्क प्रवेश गराइएको उक्त कार्यक्रम करिब पाँच घण्टा चलेको थियो।

### अन्नपूर्णको मनोनयन

पोखरास्थित रेडियो अन्नपूर्णले आ□नो नवौं वार्षिकोत्सवका अवसरमा आयोजना गर्ने तेस्रो अन्नपूर्ण म्युजिक एवार्डका लागि विभिन्न १९ विधामा पर्न सफल उत्कृष्ट पाँच मनोनयन हालै सार्वजनिक गरेको छ। भोलि शनिबार वितरण गरिने म्युजिक एवार्डमा गीत-संगीतको गुणस्तर, श्रोताको रोजाइ, लोकप्रियता तथा निर्णायकको निर्णयका आधारमा उक्त छनौट गरिएको हो। १९ विधामा सर्वोकृष्ट गीत, गायन, सुगम संगीत, संगीत, लोकदोहोरी गायन पुरुष, लोकदोहोरी महिला, लय तथा शब्द संकलन, रिमिक्स, पुरुष पप गायन, महिला पप गायन, संगीत संयोजन, सर्वोत्कृष्ट एल्बम, नवप्रतिभा, सर्वोत्कृष्ट रचना, सामाजिक चेतना मूलक गीत, स्थानीय चलचित्र, सर्वोत्कृष्ट भजन, पप संगीत सिर्जना तथा सर्वोत्कृष्ट म्युजिक भिडियो छन्।

### टुँडिखेलमा लोकदोहोरी

लोकसंगीत उत्थान संघले हिमाल रेमिट्सको सहभागितामा राजधानीको टुँडिखेलमा आयोजना गरेको शुभकामना लोकदोहोरी कार्यक्रम २०६६ मा लोकदोहोरी तथा सुगम संगीत सुन्ने तथा हेर्ने दर्शकको चाप बढी नै देखियो। ४० हजारभन्दा बढी दर्शकको उपस्थितिमा लोकदोहोरी क्षेत्रका चर्चित गायक-गायिकाहरू विमलराज क्षेत्री, देवी घर्ती, नवीन पौडेल, राधिका हमाल, युवराज आचार्य आदिले विभिन्न भाका हालेपछि दर्शकहरू पनि नाच्न-गाउन मस्त देखिन्थे। कार्यक्रममा सुगम गरिएको थियो।

### अलिमिया लोकतारा

लोकसङ्गीतको सम्बर्द्धन तथा लोककवि अलिमियाँ भाका संरक्षण गर्ने उद्देश्यले आयोजित अलिमियाँ लोक तारामा सरला राई खोटाङ, रामबहादुर परियार स्याङ्जा, दिलीप थापामगर बाग्लुङ, विनिता सापकोटा कास्की, स्मृति पुन बाग्लुङ, अशोक सुनार स्याङ्जा, सीता लामिछाने पर्वत, आयुष परियार कास्की, राधा गुरुङ कास्की तथा रामजी पौडेल कास्की उत्कृष्ट १० मा परेका छन्।

### शम्भुजितको डान्स

संगीतकार तथा गायक शम्भुजित बास्कोटाले आफ्ना नयाँ गीतहरूको अडियो तथा सिडी-संग्रह 'एट फिफ्टी डान्स डान्स' संग्रह पोखरा पुगेर सार्वजनिक गरेका छन्। फूलबारी रिसोर्टमा आयोजित एक सांगीतिक कार्यक्रममा गायकद्वय प्रेमध्वज प्रधान तथा योगेश वैद्यले बाँस्कोटाको उक्त संग्रह विमोचन गरेका हुन्। संग्रहमा संगीतकार बाँस्कोटालाई गायिकाद्वय अञ्जु पन्त तथा मल्लिका कार्कीले गायनमा साथ दिएका छन्।

## ● अफबिट ●



सेक्स बमको आइटम डान्स : चलचित्र युगदेखि युगसम्मको आइटम डान्समा पूजा लामा आकर्षक मुद्रामा। तस्बिर : फुर्सद डटकम

## साप्ताहिक लाइभ

- भोलि शनिबार राजधानीमा 'रमाइलो साँझ' शीर्षकको सांस्कृतिक कार्यक्रम हुँदैछ। कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा आयोजना हुने यो मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रमको आयोजना नेपाल टेलिभिजन कलाकर्मी मञ्चले गर्न लागेको हो। सानो पर्दाका तीन चर्चित कार्यक्रम 'तीतो-सत्य', 'जिरे-खुर्सानी' तथा 'मेरी बास्सै' का लोकप्रिय हास्यकलाकारले कार्यक्रममा दर्शकहरूलाई हँसाउने जिम्मा लिएका छन्। कार्यक्रममा नृत्यका अतिरिक्त विमलराज क्षेत्री तथा राधिका हमालको दोहोरी गायन पनि सुन्न पाइनेछ।
- 'सेभ भल्चर सेभ इन्भारोमेन्ट' शीर्षकमा फोटोपत्रकार कृष्णमणि बरालको एकल तस्बिर प्रदर्शनी नेपाल आर्ट काउन्सिल बबरमहलको ग्यालरीमा भोलिदेखि प्रारम्भ हुनेछ। उक्त प्रदर्शनीमा लोपोन्मुख गिद्धका तस्बिरहरू राखिनेछन्। प्रदर्शनीमा विगत चार वर्षदेखि पोखरा र सेरोफेरोमा खिचिएका गिद्धहरूका विभिन्न अवस्था झल्काउने तस्बिरहरू छन्।

## • तालुमा आलु •



प्रकाश ओझा

जादुगर एउटा सोमा जादु देखाउँदै थियो । उसले एउटी युवतीलाई बाकसमा बन्द गऱ्यो अनि करौंतीले बाकसलाई टुक्रा-टुक्रा पार्न थाल्यो ।

'दर्शक महानुभावहरू', ऊ दर्शकलाई भन्न थाल्यो, 'यो सुन्दर युवतीको दिमाग अब मेडिकल कलेज अध्ययनका लागि पठाइनेछ अनि शरीर त्यसै खेर नजाओस् भनेर कुकुरलाई दिइनेछ ।'

तुरुन्त दर्शकदीर्घाबाट आवाज आउन थाल्यो- 'भौ भौ भौ भौ ।'

०००

रातको समयमा एक व्यक्तिको कार बाटोमा बिग्रियो । छेउछाउमा गाउँ थिएन । एउटा घर देखियो, त्यहाँ गएर सुत्ने वातावरण मिलाउन उसले घरमालिकसँग अनुरोध गऱ्यो । अत्यन्त जाडो थियो र त्यो घरमा दुईवटा मात्रै कोठा थिए । एउटा कोठामा लोग्ने-स्वास्नी अनि अर्को कोठामा जवान छोरी सुत्थे । त्यो व्यक्तिलाई छोरीको कोठामा सुत्ने व्यवस्था मिलाइयो । आधी रातमा युवकको नियत बिग्रियो र युवतीको छेउमा पुग्यो ।

'चकचक नगर अहिले बुबालाई बोलाउँछु अनि...।' युवक डरायो...। आधा घन्टापछि फेरि कोसिस गऱ्यो..., धेरै ओभर नबन अहिले बुबालाई बोलाउँछु अनि...।' युवक फेरि डरायो, पन्ध्र मिनेटपछि फेरि कोसिस गऱ्यो । 'अहिले बुबालाई बोलाउँछु अनि...' भन्दै युवती केही नजिक आई...। अब सफलता प्राप्त भयो । केही क्षणपछि युवतीले युवकलाई कुहिनाले घोची, युवकले विचार बुझ्यो र फेरि एकपटक सफलता प्राप्त गऱ्यो । एकछिनपछि फेरि कुहिनाले घोची, युवकले कुरा बुझ्यो, एक छिनपछि फेरि कुहिनाले घोची..., हद भएपछि युवकले भन्यो-

'धेरै ओभर नबन है अहिले म तिम्रो बुबालाई बोलाउँछु अनि ।'

### मेरो कुरो

स्वास्थ्यको एकदमै ख्याल राख्ने व्यक्ति चुरोट पिउँदा डबल फिल्टर प्रयोग गर्छ ।

## • कविता •

### प्रतीक्षा स्मरण



ती हाम्रा बालापन रमाइला बिताएका पलक्षण
स्मरणमय सीमित कल्पी बसिरा'छु क्षण-क्षण
साथ छैनौं ऐले तनरूपी प्रिय तिमी-हामी
छुट्टिँदैनौं कहिल्यै मनरूपी चखेवा जोडी बनी
पस्यौ सहर तिमी बनाउन क्यारियर भनी
नपुगेर इच्छा बिदेसियौ प्रिय त्यैंबाट पनि
सधैं पर्खिरा'छु भेट्टाउँछु तिमीलाई भनी
साटौंला सपना मेटाउँला पिरती प्यास पनि
लहरे पीपलु सुसाई पवन चौतारी छायाँ
खोजिबसिरा'छन् किशोर किशोरीको चोखो माया
रोइहरन्छन् न्याउली एकोहोरो दिन-रात नभनी
सम्झाउँछन् कोइली शान्त रहू भन्छन् नदी पनि
छोरा आए झुल्थे पाखा-पखेरा ब्युँतिइन्थे
छोरी आए खुल्थे लहलहराई फैलिरहन्थे
खेलिदिए सन्तान मझेरीबीच आई आहा □
यो दिल शीतल हुन्थ्यो बिसाउँथे मनका सब डाहा
भन्दै वृद्धा काख निरन्तर कुरिरहेका आँत
ती मीठा कल्पना सन्तान माया छुट्ने दासता
सम्झी फर्की आऊ बचाऊ जन्मभूमि जन्मदाता
खियाऊ कोमल कर हरियाली बनाउँदै पाखा
तिमी फिर्दा हाँस्छन् कन्दरा बुकी ताल नदी
सदा चिर्बिराउँछन् खुसीका क्षणमा चरी पनि
साथै बिताउँला हटाउला साराका ती प्रतीक्षा
मेटाउँला जननी जन्मभूमिका ती तिक्तता ।

–अनन्तादेवी खनाल

### आमा यहाँ के-के भएछ □

लामो अन्तरालपछि देश फर्किएँ आमा
यहाँ त उल्का भएछ, उत्पात भएछ
देशभरि कलह नै कलहले घेरा हालेछ
नहुनुपर्ने सबै भएछ
दुर्गन्धले सहर नै ध्वस्त भएछ
आमा यहाँ के-के भएछ □
अचम्मको उन्नति भएछ
साइकल चढ्न नसक्नेले जीप चढ्ने भएछ
काम गर्नेले दुःख पाउने, गफाडीले सुख पाउने
परम्परा कायम भएछ
दिमाग र स्वास्थ्य बिगार्ने चैं चल्दा रहेछन्
आमा यहाँ के-के भएछ □

–जे.पी. बर्मेली

## • लघुकथा •

### शुभकामना

आफ्नो घरबाट कार्यालय जाने क्रममा एक जना वरिष्ठ कविसँग भेट हुन पुग्यो । 'आज साहित्यकार तुल्सीरामको जन्मदिन हो नि □ आज बेलुका ६ बजे उसले हामीलाई पार्टी दिने भएको छ। फोन गरेर उसलाई शुभकामना दिए हुन्छ नि ।' –वरिष्ठ कविले भने ।

'म अहिले कार्यालय जान लागेको छु, कार्यालय पुगेपछि फोन गरेर उसलाई जन्मदिनको शुभकामना दिन्छु,' -मैले भनें ।

'यहाँ मेरै अगाडि मोबाइलबाट फोन गरेर शुभकामना देऊ न,' -वरिष्ठ कविले भने । 'मलाई अहिले हतार छ' भन्दै म आफ्नो बाटो लागेर कार्यालयमा पुग्नासाथ साहित्यकार मित्र तुल्सीरामलाई उसको मोबाइलमा फोन गरेर 'जन्मदिनको शुभकामना छ है' भनें । 'आज मेरो जन्मदिन कहाँ हो र ? मेरो जन्मदिन त साउन १ गते हो नि,' उनले भने ।

'मलाई वरिष्ठ कवि एमप्रसादले भनेको– तपाईंको जन्मदिन हो भनेर । आज तपाईंले उनीहरूलाई पार्टीमा बोलाउनुभएको छ रे नि □' -मैले भनें ।

'आज मैले उनीहरूलाई एउटा पार्टीमा कविता पाठ गर्नचाहिँ बोलाएको छु,' तुल्सीरामले भने ।

– अरुणबहादुर खत्री

आवश्यकता

निटिङ मेशीनले बुन्न जान्ने वा सिक्न इच्छुक व्यक्तिहरूले
सम्पर्क : रेणु श्रेष्ठ
४२६००७३, ४२६९७७१
फोन गर्ने समयः १०-५ बजे
शनिवार बन्द

भर्ना खुल्यो
प्राइभेट Test/S.L.C.
कक्षा ८ पास ९, १० र SLC पास वा फेल भई स्कूल जान छोडेकाहरुलाई १ वर्षे विशेष कक्षा
ब्राइट फ्यूचर Morning & Day shift
चावहिल, चुच्चेपाटी
(NCC बैंकको ठीक अगाडि)
फोन:४४६३०७३, ९८५१००२८०४

प्राइभेट Test / S.L.C
बिगत बर्षहरुमा
100% पास
गराउन सफल ।
२०६६ को लागि private Test / S.L.C. भर्ना खुल्यो
कक्षा समयः बिहान र दिउसो
माध्यमः अंग्रेजी र नेपाली
साथै Computer, Language / Tuition Classes सञ्चालन भइरहेको छ ।
Kathmandu Multiple Institute P.Ltd.
Bhotahity, Kathmandu
Ph: 4-232203
www.kmi.edu.np

कोरीयनसँग बिहेवारी
कोरीयन पुरुष संग वास्तविक विवाह गर्न चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस् ।
पिसफुल इन्टरनेशनल म्यारिज ब्यूरो प्रा. लि.
फोन : ०१२२९१९९४, ९८०८०३३१४६

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल, Ktm
Ph:- 4363215, 2315801

पृथक शैक्षिक पहिचान भएको
समर्पण एकेडेमी
लगनखेलमा Private Test तथा SLC का लागि भर्ना खुल्यो ।
Private Test/ S.L.C.
विशेषताहरूः-
❁ Library र Lab को राम्रो व्यवस्था
❁ अनुभवि तथा दक्ष शिक्षक शिक्षीका
❁ समय-समयमा Exam को व्यवस्था
❁ गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती
❁ Nepali र English दुवै माध्यममा पढाइने
❁ Hostel को व्यवस्था
सम्पर्कः
समर्पण एकेडेमी
लगनखेल "Your Best Partner for Quality Education"
(100 M east from Lagankhel Bus Park)
Ph. 5547574, 5522498

## ● सन्देश ●

सपना, नववर्षको सुअवसरमा तिमीलाई मेरो मन-मुटुदेखि शुभकामना। नववर्षको उमङ्गसँगै तिम्रा हरपाइलामा श्री पशुपतिनाथले सहयोग गरून्, जीवनमा कहिल्यै दुःख भोल्नु नपरोस्। साथीहरू सरिता, कविता, सरस्वती, भावना, मेनका, जानुका, मैया, सुशीला, उषा, सविना, सुनिता, नारायणी, कल्पना, राज, शिवहरि, उत्तम, सुजन, रामशरण, सागर, हिमाल, गोपाल, हरिवंश, उत्तम, किशोर, मदनकृष्ण आदिलाई पनि ह्याप्पी न्यू इयर।

**राजेन्द्र थापा**

पिलिसा, नववर्षमा तिमीले चालेका हरेक पाइलाले सफलता चुमुन्, परीक्षाको रिजल्ट पनि राम्रो आओस्– शुभकामना।

**दीपक लामिछाने**

तिमी दुःखी, म पनि त दुःखी नै छु। दुःखी-दुःखी मिली हामी बनौं सुखी। के तपाईंलाई दाजुभाइको चाहना छ मलाई दिदीबहिनीको भएजस्तै ? छ भने असल दाजुबहिनी वा दिदीभाइ भएर बाँचौं। भावनात्मक नाता बलियो बनाऔं।

**एस. थापा**

भैरहवामा नेपाल राष्ट्र बैंकको जाँच दिदा मीठो बोलीमा 'ल कापी च्यात्नु त भयो' भन्ने अनि बुटवलसम्म एउटै बसमा फर्कदा जिस्किने, छुट्टिने बेलामा रातो अनुहार लगाएर फर्की-फर्की हेर्ने साथीसँग मित्रता गाँस्न चाहन्छु।

**विमर्श**



सम्पूर्ण नेपालीलाई नववर्षको हार्दिक शुभकामना। म विशेष साथीको खोजीमा छु। इच्छुक जो-कोहीले इमेल गर्नुहोला।

bindast_binod@yahoo.com

के.एम.सी. कलेजका आत्मीय साथीहरू अमृता, बन्दना, सहिंली र प्रनिभालाई जन्मदिनको लाखौंलाख शुभकामना, साथै उत्तरोत्तर प्रगतिको कामना।

**अच्युत**

म अध्ययनको सिलसिलामा चीनको सांघाई विश्वविद्यालयमा आइपुगेकी छु। नेपालमा कार्यरत हुँदा कतार, मलेसिया, साउदी अरब, युएईलगायत अन्य देशका मित्रहरूले अवउप्रान्त नेपालको ठेगानामा पत्र नपठाउनुहोला। इमेल पठाउनुभए जवाफसहित ठेगाना पठाइदिनेछु।

hai_bipna@yahoo.com

## ● जीवनको गोरेटोमा ●

### मेरो पहिलो प्रेम



मेरो जीवनमा एउटा यस्तो मोड आयो जसले मेरो दैनिकीलाई सदाका लागि परिवर्तन गरिदियो। अहिले म समय-परिस्थितिसँग सम्झौता गरेर बाँचिरहेको छु। थाहा छैन, यो सम्झौताको अन्त्य कहिले हुने हो र आफ्नो मुटुसँग सम्झौता गरेर कति दिन बिताउने हो ? फेरि डर पनि लाग्छ, कुनै त्यो समय नै नआउने हो कि ?

कुरा आजभन्दा ५ वर्षअघिको, म कक्षा ७ मा नयाँ विद्यालयमा भर्ना भएँ। म सेक्सन 'सी' मा थिएँ। विद्यालय नयाँ भएकाले मेरा लागि सबै कुरा नयाँ थिए। एक दिन उनलाई मिसले उठाई पाठ पढ्न लगाउनुभयो। उनको चर्को तर मीठासपूर्ण स्वरले बाहिरतिर रहेको मेरो नजरलाई उनीतिर खिच्यो। त्यस दिन मलाई छुट्टै अनुभव भएको थियो। त्यस दिनदेखि नै उनले मेरो मुटुमा ठाउँ पाइन्। मैले साथीमार्फत् उनको नाम थाहा पाएँ। त्यस वर्ष उनीसित मेरो त्यति चिनजान भएन र मैले पनि कुनै जिद्दी गरिनँ। कक्षा ८ मा एउटै सेक्सनमा रही परिचय गरेर उनीसँग नजिक हुने अठोट गरेँ तर मेरो दुर्भाग्य उनी र म कक्षा ८ मा मात्र नभई कक्षा ९ मा पनि छुट्टिन विवश भयौं।

जब कक्षा ९ को प्रथम त्रैमासिक परीक्षा भयो, त्यसपछि मेरो पढाइले गति लियो। म कक्षा १० को सेक्सन 'ए' मा पर्ने भएँ। भाग्यले भनौं वा उनीसँग नजिक हुने मेरो तीव्र चाहनाले म बस्ने बेन्च र उनको बेन्च अघि-पछि भयो, कहिले हाम्रो बेन्च अघि हुन्थ्यो त कहिले उनको। पढाइमा राम्रै भएकाले मेरो जोससँग पनि सम्बन्ध राम्रो थियो। उनीसँग नजिक हुनलाई परिचयको आवश्यकता पर्‍यो। जब उनीसँग बोलचाल हुनथाल्यो, लाग्थ्यो दिन २४ घन्टाको नभै मात्र ६० सेकेन्डको छ। बेलुकि विद्यालय बन्द भएपछि म भोलिको पर्खाइमा हुन्थें। मलाई यस्तो हुन्थ्यो कि घर जान नपरोस्, सधैं विद्यालयमा बसूँ।

बिस्तारै-बिस्तारै हाम्रो मित्रताले प्रगाढ रूप लिइरहेको थियो। उनीसँग विद्यालयमा हुने भेटघाटलाई म कहिल्यै बिर्सन सक्दिनँ। हाल ती क्रियाकलापहरू सम्झँदा थोरै लजाउँछु अनि धेरैचाहिँ आनन्दको अनुभूति हुन्छ। ती क्रियाकलापहरू सम्झँदा लाग्छ, मेरा लागि पनि उनको मुटुमा ठाउँ छ, तर मैले कहिल्यै पनि प्रेमप्रस्ताव राख्न सकिनँ किनकि यदि उनले प्रस्ताव अस्वीकार गरे हामीबीच भएको सम्बन्ध पनि बिग्रने डर थियो। म त्यस्तो चाहन्नथें। त्यतिकैमा हाम्रो टेस्ट नजिक आइरहेको थियो।

उनी हिसाबको ट्युसन पढ्न थालिन्, म पनि उनकै समूहमा ट्युसन पढ्न थालें। यत्तिकैमा एक वर्ष वितेको पत्तै भएन। हाम्रो एसएलसी परीक्षा नजिकिँदै थियो र मलाई उनीसँग छुट्टिनुपर्ने चिन्ताले सताउन थाल्यो। मसा प्रेमप्रस्ताव राख्ने साहस पनि थिएन किनकि त्यो समय प्रेमप्रस्तावका लागि उचित थिएन। यत्तिकैमा परीक्षा पनि सकियो र हामी छुट्टियौं, अहिले हामी छुट्टाछुट्टै कलेज पढ्छौं। शारीरिक रूपमा म उनीबाट टाढा भए पनि भावनात्मक रूपमा तिमीबाट म कहिल्यै टाढा हुन सक्दिनँ किनकि उनी नै मेरो पहिलो र अन्तिम प्रेम हुन्।

थाहा छैन, उनी मलाई प्रेम गर्छिन् कि गर्दिनन् र मलाई प्रेम गर्नैपर्छ भन्ने पनि छैन, किनकि म उनको भावनाविपरीत जान सक्दिनँ। म प्रेममा प्राप्ति नै चाहन्नँ, प्राप्तिविना पनि बाँच्न सक्नुपर्छ। फरक यत्ति हो कि त्यसमा बाँच्न गाह्रो हुन्छ। यदि उनी पनि मलाई प्रेम गर्छिन् भने म उनलाई आ□नो स्मृतिमा सजाउन तयार छु।

**–दीपक**

## ● साथी ●






Discipline ! Development !! Self-confidence!!!

Regd. No.: 34145

Join British Gurkha Army

& Singapore Police Force

Intake 09/10



We heartily announced ADIMISSION OPEN for Pre-British Gurkha Army and Singapore Police Force from qualified candidated for intake 09/10. A complete solution with physical and Educational classes by Ex. British Gurkha Army, Experienced PTI and renowned lectures. One of the oldest Nepal Government Regd. Organization to recruit highest number of the trainess.

Pre-British Gurkha Army Training Centre

LINCOLN SPORTS Pvt. Ltd.

Head Office: Bangalu, Ktm

Tel.: 014354578, 2084195

Branch Office: Jawalakhel, Ktm. Tel.: 2173482

Butwal, Gurkha Nagar: 9857032432

Mobile No.: 9851032482, 9841339670

9841525115, 9803084817

# नेपालको राजनैतिक हिरो को हो ? किन ?

नेपालका राजनैतिक हिरो कमरेड प्रचण्ड हुन् जस्तो लाग्छ। किनभने उनी अहिलेसम्म ताली र गालीको पात्र बनेर अघि बढिरहेका छन्।

**नन्दलाल श्रेष्ठ** (२४), **सिन्धुली**

प्रचण्ड (पुष्पकमल दाहाल) हुन्। दसवर्षे जनयुद्धपछि गणतन्त्र स्थापना गर्नमा उनकै ठूलो हात छ।

**समशेर योञ्जन**

नेपालका राजनैतिक हिरो साँझपख भट्टीपसलहरूमा प्रशस्तै भेटिन्छन्। उनीहरू जस्तो एक गिलास पिएर बाह्र-सत्ताइस गफ चुट्न कसैले जानेको हुँदैन।

**देशराज प्रधान** (२६), **झापा**

अहिलेको अवस्थामा गिरिजाबाबुलाई हिरो भन्नुपर्ला। सरकार बाहिर बसे पनि उनले जे बोल्यो त्यही मानेका छन् सरकारमा बसेका जंगलीहरूले पनि।

**प्रकाश रिजाल**

सत्ता नपाउञ्जेल सबै हिरो, पाएपछि सबै जिरो। खै यतिका संघर्ष गरेर पनि उस्तै ताल छ। सबै एकै ड्याङका मूला हुन्।

**कमल जिसी** (२६), **दिक्तेल**

प्रचण्ड नै हिरो नि, हिरो नभएको भए २०-२५ वर्ष नेपाल र नेपालीलाई आफ्नो पेवा बनाएर एकछत्र शासन गरेका गिरिजाप्रसादलाई किनारा लगाउँदै आफ्नो पोल्टामा शासन ल्याउन सक्थे ?

**मिनु हिताङ, स्याङ्जा**

प्रचण्ड, जनताको रगत चुस्ने कीराहरूलाई चुस्नै गाह्रो हुने गरी लात मारिदिए।

**राजु सिम्खडा, धादिङ**

अहिलेका राष्ट्रपति र प्रधानमन्त्री हुन्। भ्रष्टाचार गर्ने र देशमा विकृति भित्र्याउने, राष्ट्रको ढुकुटी सिध्याउनेहरू खलनायक हुन्।

**प्रेम**

राजनैतिक हिरो त गिरिजाबाबुलाई नै मान्नुपर्छ। किनभने उहाँ नै हुनुहुन्छ नेपालमा लोकतन्त्र ल्याउने।

**बिरु नुगो, ताप्लेजुङ**

आफूलाई राजनीति नै थाहा छैन, हिरो कहाँबाट चिन्नु भन्या ?

**सन्दीप निरौला, सर्लाही**


म त हरिवंश आचार्यलाई बनाइदिने थिएँ। यदि उनको जस्तो मस्तिष्क राजनैतिक क्षेत्रमा लगाउने हो भने हाम्रो देश अहिले कहाँ पुगिसक्थ्यो। अहिलेको कथित राजनैतिक हिरो त फुस्रे हिरो हो। कुरा एउटा काम अर्को। खाली भत्ता पचाउने र नाम कमाउने बाटो।

**अनुप प्रेमी**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पुरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
२. सबैभन्दा ठूलो धर्म के हो ?
३. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
४. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
५. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
६. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
७. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
८. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
९. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
१०. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?



## ● यौन जिज्ञासा र समाधान ●


डा. राजेन्द्र भद्रा

**प्रश्न : म २१ वर्षीय अविवाहित युवक हुँ। मैले ९ वर्षदेखि १७ वर्षको हुँदासम्म ९ जना केटी र १२ जना केटासँग यौनसम्पर्क गरेको थिएँ। त्यतिखेर म केटा र केटी दुवैसँग बराबर आनन्द पाउथें, तर १७ वर्षदेखि अहिले २१ वर्षको हुँदा १ जना केटी र ५ जना केटासँग यौन आनन्द लिएको छु। अहिले म केटाहरूप्रति बढी आकर्षित हुन्छु। केटाहरूसँग गुद्धामैथुन, मुखमैथुन आदिमै बढी आनन्द आउँछ। कहिलेकाहीं हस्तमैथुन गर्दा पनि केटाहरूलाई नै सम्झन्छु। मेरो बानी-व्यवहार, बोल्ने तरिका पनि केटीहरूसँग मिल्छ। अहिले मेरो यौनक्रियाकलाप केटीहरूको जस्तो भएकाले चौबीसै घण्टा चिन्ता लाग्न थालेको छ। के यसको समाधान छ ?**

**१. मेरो केटीको जस्तो यौनक्रियाकलाप केटाको जस्तो बनाउन सकिएला ? सकिन्छ भने कसरी ?**

**२. मैले विवाह गर्नु उपयुक्त हुन्छ कि हुँदैन ? कतै श्रीमतीबाट मैले दु:ख त पाउँदिनँ ?**

**३. किन म पुरुष भएर पनि केटाप्रति नै आकर्षित भएको ?**

**४. कतै मैले सानैदेखि केटाहरूसँग यौनआनन्द लिएकाले त यस्तो भएको होइन ?**

**५. मैले विपरीत लिंगीहरूबाट आनन्द लिन के गर्नुपर्ला ?**

**– बी.एस.**

**उत्तर : किन केटाप्रति नै आकर्षित ?**

तपाईंले पहिले केटा तथा केटी दुवैसँगको सम्पर्कमा आनन्द प्राप्त गर्नुभएको कुराले एक हदसम्म तपाईं द्विलिङ्गी स्थितिमा हुनुहुन्थ्यो कि भन्ने लागे पनि अहिले आ□नै जस्तो लिङ्ग भएको व्यक्ति अर्थात् केटासँगकै यौनक्रियाकलापमा रमाएको देखिएकाले तपाईं समलिङ्गी हो भन्न सकिन्छ। तपाईंलाई थाहै होला, यौनका दृष्टिकोणले विपरीत लिङ्गीप्रति आकर्षित हुने व्यक्तिलाई हामी 'विपरीत लिङ्गी' यौन परिचय भएको मानिस भन्छौं भने समान लिङ्ग भएको व्यक्तिप्रति आकर्षित हुनेलाई 'समलिङ्गी' र यस्तो 'पन'लाई समलैङ्गिकता। यौनका दृष्टिकोणले पुरुष तथा महिला दुवैप्रति आकर्षित हुने व्यक्तिलाई हामी द्विलिङ्गी भन्छौं।

आ□नो यौन परिचय के होला भनेर पक्का हुनुभन्दा पहिले केही अलमल हुन्छ। केही व्यक्तिमा समान लिङ्ग भएकै व्यक्तिसँग यौन क्रियाकलापमा संलग्न भएपछि केही अलमलको स्थिति पार गरेर उनीहरूले समान लिङ्ग भएको व्यक्तिको खोजी गर्न थाल्छन्। अर्को थरीले कुनै पनि यौनसम्पर्क हुनुभन्दा पहिले नै आ□नो यौन परिचय के हो भनेर थाहा पाइसकेका हुन्छन्। विशेष गरेर पुरुषहरूले किशोरावस्थामै आ□नो यौन परिचय के हो भन्ने निर्क्योल गरिसकेका हुन्छन्। अहिले तपाईंले किशोरावस्था पार गरिसक्नुभएकाले पक्कै पनि आ□नो यौन परिचय के हो भनेर निर्क्योल गरिसक्नुभएको हुनुपर्ने भए पनि अझै केही अलमलमा हुनुहुन्छ कि जस्तो बुझिन्छ।

**यौन क्रियाकलाप केटाको जस्तो बनाउन सकिएला ?**

तपाईं यदि वास्तवमै समलिङ्गी हुनुहुन्छ भने त्यसलाई परिवर्तन गर्न सजिलो छैन। यौन परिचयको मामिलामा समाजले आशा गरेको भन्दा फरक कुरा आफूमा विकास हुन लाग्नु र यही अलमलको क्रममा अति नै गम्भीर किसिमको मानसिक तनाव हुने तथा पीर पर्छ। यौनको मामिलामा पहिलेको तुलनामा हाम्रो समाज पनि खुला हुँदै गएको छ र सबै किसिमको यौन परिचय भएका व्यक्तिहरूलाई सहज रूपमा स्वीकार्य हुँदै गैरहेको छ र सहयोगीहरूको जमात पनि बन्दैछ। आ□नो इच्छाअनुसार गर्ने प्रयास गर्नुहोस् तर कतिपय प्राकृतिक कुरा हाम्रो व्यक्तिगत इच्छा, चाहनाभन्दा बलिया हुन्छन् भन्ने तथ्यलाई आत्मसात् गरे जीवन सहज हुन्छ।

समलिङ्गी सम्बन्धभित्र पनि सलग्न दुई व्यक्तिमध्ये एक जनाले पुरुषको जस्तो व्यवहार गर्छ भने अर्कोले महिलाको। तपाईं यस्तो सम्बन्धमा महिलाको भूमिकातिर अग्रसर हो कि भन्ने लाग्छ। तपाईंलाई केटाबाट यौनआनन्द प्राप्त हुन्छ भने किन केटीसँगको सम्बन्ध अनि यौनसम्पर्कका लागि पहल गर्नुपर्‍यो ? बुझ्न सजिलो छैन। यदि तपाईं समलिङ्गी हुनुहुन्छ भने यस्तो सम्बन्धले तपाईंलाई फाइदा गर्दैन, साथै तपाईंले सम्बन्ध राख्ने युवतीको जीवन पनि बरबाद हुनसक्छ।

**विवाह गर्न हुन्छ कि हुँदैन ?**

विवाह सोचेर गर्नुपर्ने विषय हो। कुनै महिलासँग विवाह भए पनि वा पुरुषसँग विवाह भए पनि त्यसका आफ्नै अप्ठ्याराहरूको सामना गर्नुपर्ने हुन्छ। तपाईं यदि पूर्ण रूपमा समलैंगिक हुनुहुन्छ भने त्यसलाई परिवर्तन गर्न गाह्रो हुनेछ। कुनै महिलासँग विवाह भए सम्बन्धलाई सुमधुर बनाउन निकै कठिन हुनसक्छ। कुनै एक महिलाको जिन्दगी त्यसै बरबाद हुनसक्छ। तपाईंले दोहोरो जिन्दगी जिउनुपर्ने हुन्छ, जुन कष्टकर पनि सावित हुनसक्छ।

अर्कातिर, तपाईंले चाहेजस्तो समलिङ्गी पुरुषसँग विवाह गरे यौनजीवन राम्रै होला, तर विवाहका लागि उपयुक्त पुरुष भेट्टाउन र विवाहित जीवनयापन गर्न अहिलेको नेपाली समाजमा निकै गाह्रो छ। तपाईंका आफन्त, छिमेकी तथा साथीभाइका लागि पनि यो त्यति सजिलो विषय हुँदैन। केही वर्ष पहिलेको तुलनामा अहिले समलिङ्गी व्यक्तिहरूबीच विवाहको क्रम बढेको छ। आत्मबलसहित निर्भीकता साथ कतिपय समलिङ्गीले सुखमय जीवनयापन गरिरहनुभएको छ।


के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।

महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।

सुन्दरता अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।

महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि :सन्तान) को गोपनियताका साथ उपचार

सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

शाखा कार्यालय
पोखरा – ०६१-५३११९४ बुटवल – ०७१-५४८८९३
भरतपुर – ०५६-५२०९६८ इटहरी – ०२५-५८४०८८
दाङ – ९८४७८७७११४, ९८०६२०९८००
हेटौंडा – ०५७-५२६०४६ सप्तरी, फत्तेपुर – ०३१-५५०११२

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौँ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

थाहै नदिई जाँड-रक्सी छुटाउन
यौन शक्ति शीघ्र स्खलन रोकी, उत्तेजना बढाउने Imported Japani Oil
• मोटोपना घटाउन/तौल बढाउन १२ Kg सम्म
• अनुहारको चाँया-पोतो, Pimples साथै Wrinkles को ग्यारेण्टी उपचार
Height Plus @ 1350/- डेलिभरि सुविधा
0% Side Effect, 100 % effective
4442133, 4438630
चितवन: 9845159169, 061-240234

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

नयाँ वर्ष २०६६ को उपलक्षमा
फ्रि !फ्रि !!फ्रि !!!
तालिम पश्चात उत्कृष्ट १० जनालाई १२,००० देखि १५,००० सम्मको जागिर
◆ ३०जनालाई नि: शुल्क वेटर तालिम
◆ वेरोजगार र विधार्थीहरुलाई पहिलो प्राथमिकता दिइने
◆ तालिम अवधिभर दैनिक भत्ता रु १०० देखि ३०० सम्म हुनेछ।
Columbia Academy
New Baneshwor
9841387697,4781061

# प्रेम अभिव्यक्तिमा यौनको भूमिका



भनिन्छ, प्रेम गरिँदैन आफैं हुन्छ। यदि यो कुरा सत्य हो भने प्रेम गरिसकेपछि त्यो सम्बन्धलाई कायम राख्नु, निर्वाह गर्नु र अघि बढाउनु सरल कार्य होइन। कहिले मनको आवश्यकताले प्राथमिकता पाउँछ त कहिले शारीरिक चाहनाले महत्त्व पाउँछ। यस्तो परिस्थितिमा प्रेमलाई स्थायित्व प्रदान गर्नु पनि एउटा कला हो। प्रेमलाई सदा यौवन अवस्थामा राख्न 'यौनसम्पर्क'को आवश्यकता पर्छ, तर कसरी ? यसलाई बुझ्न वास्तविक एवं गहिरो अर्थलाई राम्रोसँग बुझ्नु आवश्यक छ। यौनसम्पर्कले व्यक्तिको कामुकता एवं प्रेम दुवैलाई दर्साउँछ। किनकि केही व्यक्तिका लागि यौनसम्पर्क आफ्नो प्यास मेटाउने माध्यम हो भने धेरैका लागि यौनसम्पर्क प्रेम अभिव्यक्तिको माध्यम। यी सबैबाट फरक एउटा सोच पनि छ, त्यो हो– 'प्रेम नै यौनसम्पर्क हो वा यौनसम्पर्क नै प्रेम हो।

स्त्री-पुरुष यौनसम्बन्धलाई लिएर एक विपरीत सिद्धान्त र मनोविज्ञान पनि व्याप्त छ। स्त्री-पुरुषको यौनसम्बन्धसित जोडिएको सिद्धान्तअनुसार 'पुरुष यौनसम्पर्क गर्नका लागि महिलासित प्रेम गर्छ भने महिला पुरुषको प्रेम प्राप्त गर्न यौनसम्पर्कका लागि तयार हुन्छिन्। यसबाहेक पनि प्रेमका बारेमा स्त्री-पुरुषमा फरक-फरक व्यवहार देख्न पाइन्छ। भनिन्छ, यदि पुरुषको कार्य-व्यवसाय ठीक रूपमा चलिरहेको छ भने मात्र उसले आफ्नो प्रेमसम्बन्धलाई ठीक ढंगबाट निर्वाह गर्न सक्छ, त्यसमा समय दिन सक्छ, तर महिला भने आफ्नो काम तब मात्रै ठीक ढंगबाट गर्न सक्षम हुन्छिन् जब उनको प्रेमसम्बन्ध सुमधुर हुन्छ।

यी कुराबाट के पुष्टि हुन्छ भने प्रेम र यौनसम्पर्क, दुवैलाई निर्वाह गर्नु पनि एउटा कला हो। यद्यपि यौनसम्पर्कप्रति सोच, यसको परिभाषा, उमेर, परिस्थिति एवं आवश्यकता-अनुसार परिवर्तित हुन्छ। कसैका लागि यौनसम्पर्क सन्तान उत्पादनको माध्यम हुन सक्छ त कसैका लागि देह सन्तुष्टि प्राप्त गर्ने आधार। केही पुरुष के सोच्छन् भने राम्रो यौन सम्बन्धबाट महिलाको मन जित्न सकिन्छ, कोही यसबाट महिलालाई काबुमा राख्न सकिन्छ भन्ने मान्छन्। कैयन् के पनि सोच्छन् भने शारीरिक सम्बन्धविना स्त्री-पुरुषबीच प्रेम रहन सक्दैन, तर वास्तवमा यौनसम्पर्क, प्रेमको एउटा महत्त्वपूर्ण पक्ष हो तर प्रेमको सर्वोपरि भने होइन। विना यौनसम्पर्क पनि प्रेम सम्भव छ, तर प्रेमविना यौनसम्पर्क सम्भव छैन। यदि हुन्छ भने त्यो शारीरिक आवश्यकताको पूर्ति हो, वासना हो, अपराध वा बलात्कारजस्तो कुकर्म।

यौनसम्पर्कको प्रेमसँग अत्यन्त नजिकको सम्बन्ध रहेकाले धेरैको नजरमा यो या त प्रेमको पर्याय बनेको छ वा त्यसको परिभाषा। जबकि यौनसम्पर्कको सम्बन्ध तनसँगै मनसँग पनि हुन्छ। मनोविज्ञहरूका अनुसार यौनसम्पर्क शारीरिक क्रिया भए पनि यसको सम्बन्ध मनसित हुन्छ। बिना मन यौनसम्पर्कलाई सफल र आनन्दायक बनाउन सकिँदैन र मनको तन्दुरुस्ती एवं स्वस्थताका लागि आवश्यक हुन्छ आपसी सम्बन्धमा प्रेम, किनभने प्रेम भए मात्र आफ्नोपनको भावना जागृत हुन्छ र तब यौनसम्पर्क बाध्यता हुँदैन, आवश्यक हुन्छ र आनन्दपूर्ण पनि।

यौनसम्पर्क फूलको सुगन्धजस्तै हो। फूल छ भने सुगन्ध आफैं फैलन्छ। फूल छैन भने सुगन्धको पनि सम्भावना हुँदैन। अतः जहाँ प्रेम छ त्यहाँ यौनसम्पर्कले त्यो प्रेमको अभिव्यक्तिको काम गर्छ। यौनसम्पर्क, प्रेमको मूक भाषा हो। जहाँ व्यक्तिले आफ्नो साथीलाई शब्दमा बोलेर आफ्नो भावना अभिव्यक्त गर्दैन, स्पर्शको माध्यमबाट व्यक्त गर्छ। यौनसम्पर्कको अर्थ मात्र सम्भोग गर्नु होइन। यो शरीरको त्यो आनन्दसँग पनि जोडिएको छ जुन एक शरीरलाई अर्को शरीरबाट प्राप्त हुन्छ। चाहे त्यो चुम्बन होस् वा आलिंगन, काखमा टाउको राखेर सुत्नु होस् वा गालालाई सुम्सुम्याउनु, एक-अर्कासँगको सानो स्पर्शले पनि प्रेम उत्पन्न गर्छ।

जहाँ प्रेम हुन्छ, त्यहाँ समर्पण र अधिकार हुन्छ। जब व्यक्तिले कसैलाई प्रेम गर्छ, तब उसले उक्त व्यक्तिलाई पूर्ण रूपमा पाउने चाहना राख्छ। उसको तनमनमा व्यक्तिको अधिकार रहन्छ। मनको आवश्यकता मनबाटै पूर्ति हुन्छ तर शरीरको आवश्यकता मनबाट पूर्ति हुन सक्दैन। शरीरको यही प्यास मेटाउने कार्य नै यौनसम्पर्क हो। परन्तु कसैको पनि शारीरिक कामना गर्नुपूर्व उसको मनलाई वरण गर्नु आवश्यक छ। सर्वप्रथम साथीको चाहना बुझेर उसको मन जित्नुपर्छ। उसको आवश्यकता र इच्छा बुझ्नुपर्छ। उसको सम्मान र आकांक्षाको ख्याल गर्नुपर्छ। त्यसपश्चात् मात्र यौनसम्पर्कको कामना गर्नु उचित हुन्छ। यौनसम्पर्कलाई नै प्रेमको खोल ओढाएर प्रेमको गीत गाउनु बेइमानी हो, धोका हो।

शरीरको आकर्षणले एक-अर्कालाई क्षणिक आनन्द दिन सक्छ तर आपसी सम्बन्धमा स्थायित्व प्रदान गर्न सक्दैन। जहाँ यौनसम्पर्क सम्बन्ध गौण हुन्छ, कहिलेकाहीं त्यही यौनसम्पर्क प्राथमिक पनि हुन्छ। वैवाहिक जीवनमा यौनसम्पर्कको कमीले कैयन् अवस्थामा आपसी तनाव, झगडा वैमनस्यता सिर्जना गर्छ तर प्रेममा कमी नआउन सक्छ तसर्थ यौनसम्पर्कको अति वा कमी दुवै प्रेम एव आपसी सम्बन्धका लागि घातक हुन्छ।

व्यक्तिको लिंग उसको शरीरको मध्यभागमा हुन्छ। जहाँबाट उसको शरीरलाई दुई बराबर भागमा बाँड्न सकिन्छ। यसैगरी यसको भोग पनि सन्तुलित मात्रामा गर्नु आवश्यक छ, अर्थात् प्रेम र यौनसम्पर्कका बीच सन्तुलन हुनुपर्छ। यौनसम्पर्क त्यही हुनुपर्छ जहाँ प्रेम छ, किनकि यौनसम्पर्क प्रेमको विस्तारित रूप हो र प्रेमको अभिव्यक्ति नै यौनसम्पर्क हो। यो प्रेमको एक महत्त्वपूर्ण पक्ष हो तर समग्र प्रेमको स्वरूप भने होइन। प्रेममा यौनसम्पर्क धेरै कुरा हो तर सबै कुरा होइन। प्रेम छ भने यौनसम्पर्क प्रसादसरह अनुभव हुन्छ, प्रेम छैन भने यौनसम्पर्क व्यापार सरह हुन पुग्छ। जहाँ शब्दले हार खान्छ त्यहाँ यौनसम्पर्कले शब्दको कार्य गर्छ।

पति-पत्नी वा प्रेमी-प्रेमिकाबीच जे-जति अव्यक्त रहन्छ, यौनसम्पर्कले त्यसलाई पूर्ण रूपमा व्यक्त गरिदिन्छ। यौनसम्पर्क अत्यन्त संवेदनशील कुरा हो। कहिले यसबाट बिग्रिएको कुरा बन्न मद्दत प्राप्त हुन्छ भने कहिले सुमधुर सम्बन्ध पनि धरापमा पर्छ। दाम्पत्य जीवनमा यौनसम्पर्कको भूमिका त्यही हो जसरी तरकारीमा नुनको भूमिका त्यस्तै हुन्छ जस्तो तरकारीमा नुनको भूमिका मात्रा तल-माथि भए तरकारी बेस्वाद हुन पुग्छ। यौनसम्पर्क आवश्यक छ, यो प्रेमको महत्त्वपूर्ण पक्ष हो जसको माध्यमबाट युगल जोडीले आफ्नो प्रेमलाई अभिव्यक्त गर्छन् र आपसी सम्बन्धलाई अझ प्रगाढ एवं मजबुत बनाउन सक्छन्।

–रोजिन शाक्य

---



# प्ले गर्ला !

• आशिष लुइँटेल

ठमेलको जाभा कफी हाउस मेरो नियमित गन्तव्य हो अर्थात् जहाँ म हप्तामा एकपटक आउँछु। यो त्यही ठाउँ हो जहाँ प्रौढ र अरूको तुलनामा मेरै उमेरका युवायुवती बढी आउँछन्। लेख्नका लागि युवासम्बन्धी विषयवस्तु फेला पर्ने आशामा पनि म यहाँ आउँछु। आज पनि उस्तै भीड छ। म दोस्रो तलाको रेलिङको आडमा चिउँडो थमाएर सडकतिर हेरिरहेको छु। तुलनात्मक रूपमा आज धेरै जोडी यो सडकको दायाँ-बायाँ हिँडिरहेका छन्। कोही हातमा हात गुजुल्टयाएर अनि कोही एक-अर्काको कम्मरमा हात राखेर हिँडिरहेका छन्। घडीले दिउँसोको ३ बजेको संकेत गर्दैछ। 'सर, कफी नै होइन त ?' वेटरले सोध्यो। 'भोक पनि लागेको छ', कफीसँगै मैले अर्डर पठाएँ- 'मिक्स पिज्जा पनि है □'

'हाइ □ आज पनि एक्लै ?' यही ठाउँमा आउने जाने क्रममा चिनिएकी (तर त्यति साह्रो बोलचाल नभएकी) एउटी युवतीले सोधिन्। कुर्दैछु- मैले जवाफ फर्काएँ र सोधें- 'अनि तिमी नि ?' 'अँ, म पनि'- उनले भनिन्।

'कस्तो छ तयारी ?'- मोबाइल फोन कानमा राख्दै उनले मसँग सोधिन्, सायद उनी कसैलाई मिस कल दिँदैछिन्। 'भन्नाले ?'- मैले प्रतिप्रश्न गरें। उनी हाँसिन्- 'फेब्रुअरी १४ को क्या □' 'उस्तै हो, खासै नौलो केही छैन।' मैले जवाफ फर्काएँ। 'केयुतिर त सबै प्याक हुन्छन् भन्ने सुन्छु नि □'- म पढ्ने विश्वविद्यालयको प्रेम कहानी खोतल्ने प्रयास गर्दै उनले थपिन्-'धुलिखेलको लभस्पट निकै चर्चित छ हगि ?' 'अँ हो त □'- मैले यतिमात्रै भनें। सानैदेखि यो सहरमा हुर्किएकी हुन् यी युवती, बोल्न कत्ति पनि नहिच्किचाउने खालकी छिन्। उनको रङ गोरो छ। सायद यिनै गुणले हुनुपर्छ, (यो मेरो अनुमान मात्र हो) धेरै केटा उनका 'पछि लागेका छन्'।

'नचिनेको नम्बरबाट आउने मिस कलले हैरान पार्छ'- आफ्नो व्याख्या आफैं गर्ने ती युवतीले भनिन्- 'म्यासेज त कत्ति हो कत्ति □' मेरो बुझाइमा उनी आफ्नो रूपमा अलि बढी नै घमण्ड गर्छिन्। आफैं भन्छिन्- 'धेरैले ऐश्वर्या राय (बलिउडकी नायिका जो विश्व सुन्दरी पनि हुन्) जस्ती भन्छन् तर मचाहिँ प्रीति जिन्टा (बलिउडकी अर्की चर्चित नायिका) जस्ती लाग्छु।' 'तर मलाइ त एन्जेलिना जोली (हलिउडकी चर्चित नायिका) जस्ती लाग्यो'- मैले उनको नाकमा थप उचाइ दिएँ। 'तपाईं पनि हिन्दी गायक शान जस्तो' उनले मेरो हाँसोलाई 'कस्तो राम्रो' को संज्ञा दिइन्। 'भयो मलाई पुग्यो'- मैले भनें। 'प्रमिस, साँच्चै भनेको'- उनी हाँसिन्।

'कस्तो मानिस रहेछ'- उनी आत्तिइरहेकी छिन् 'साढे ३ बजिसकेछ, अझै आउँदैन।' उनले फोन गरिन्- 'मिस कल किन, रिटर्न नगरेको ?' उनी झोक्किइन् र फेरि कुल हुँदै भनिन्- 'प्लिज, छिटै आऊ ४ बजे त म हिंड्छु।' उताबाट 'जाममा परेकाले आउन ढिला हुने' बताइयो क्यार, अनि उनले भनिन्- 'जाम भए तिमी घर फर्क, जाभामै ६ बजे आऊ है, म साढे ६ बजेभित्र आइसक्छु।'

यी युवतीले फेरि अर्को ठाउँमा फोन गरिन्- 'मेरो घरमा साढे ५ बजे ग्याद्रिङ हुने भयो, त्यसैले जसरी पनि जानुपर्ने भयो। तिमी ४ बजे जाभामा आऊ न है म पनि आउँछु।' मैले उनको कुरा बुझिसकेको छु। म मुसुमुसु हाँसिरहेको छु तर उनीसँग यस विषयमा कुरा गर्नु बेकार हुने मेरो ठहर छ। त्यसैले म चुपचाप छु। 'कफी लिने ?' मैले औपचारिकताका लागि सोधें। 'होइन होइन तपाईं लिनुस्', उनले भनिन्। मैले कफीको कप आफूतिर तानें।

'ऊ आयो' बाइक पार्क गरिरहेको एउटा केटालाई देखाउँदै उनले भनिन्- 'ल म गएँ है, बाइ बाइ' उनी पल्लो टेबलमा सरिन् 'हाइ' हातमा हेलमेट लिएर लामो-लामो कपाल पालेको 'त्यही' केटो युवतीलाई हेर्दै आयो- 'आज त मभन्दा निकै छिटो पो आइसकीछ्यौ कस्तो अचम्म □' वेटरले मेनु दियो। 'आज तिम्रो च्वाइस'- मेनु केटातिर सार्दै युवतीले भनिन्।

केही बेरमै अर्को केटा आयो, उही केटाको शैलीमा उसले भन्यो- ठ्याक्कै ४ बज्यो, ४ बजेसम्म त कुछ्यौं भन्ने मलाई थाहा थियो।' युवती अत्तालिन थालिन् र भनिन्- 'अँ अँ अँ...'। 'अनि उहाँचाहिँ को नि ?' नवप्रवेशीले सोध्यो। युवती केही बोलिनन्। मलाई उनीहरूको मुभमेन्टमा चाख लागिरहेको छ। म मनमनै हाँसिरहेको छु र अब के होला भन्ने कौतुहलता पनि मनमा छ तर म ती युवतीको चलाख्याइँ देखेर तीनछक्क परें।

'एकैछिन'- युवती जुरुक्क उठिन् र हाते ब्याग काँधमा भिर्दै भनिन्- 'पेट गडबड भयो, ट्वाइलेट।' उनी तल झरिन्। ती केटाहरू वल्लो-पल्लो टेबलमा बसेर उनलाई कुरिरहेका छन् तर युवती आइनन्। एकैछिनमा पहिले आएको केटाको फोन आयो। खै के भनियो कुन्नि ऊ उठेर गयो। केही क्षणमा पछि आउने केटो पनि त्यसै गरी फोन उठाउँदै हिंड्यो। ती युवतीको 'बुद्धि' देखेर म हाँसिरहेको छु। प्रत्यक्षरूपमा चलचित्रको जस्तो दृश्यको अनुभव गरिरहेको मैले मनमनै भनें- आज भने साक्षात् 'प्ले गर्ला' देखें।

# तनावका कारण मिस टिन कोसी बिथोलियो



**कमल रिमाल**

विराटनगर- सन् २००८ मा गर्नुपर्ने मिस टिन कोसी प्रतियोगिताको दोस्रो संस्करण २००९ मा गरिए पनि झडप र तनावका कारण बिथोलिएको छ। एक महिनादेखि क्याटवाकको प्रशिक्षण लिएर प्रतियोगितामा उत्रिएका १८ जना किशोरी कार्यक्रममा हस्तक्षेप भएपछि ऱ्याम्पमा हिँड्न लगाइएको पहिरनमै भाग्न बाध्य भए।

मिस टिन कोसीका नाममा आयोजक ड्रिम्ज एन्ड आइडियाज इन्टरटेनमेन्ट हाउसले विकृति फैल्याउन खोजेको आरोप लगाउँदै युवाहरूले कार्यक्रममा हस्तक्षेप गरेका थिए। धरानबाट आएको समूहको नृत्य सुरु भएलगत्तै स्टेजमै चढेर युवाहरूले हस्तक्षेप गरेका थिए। युवाहरूको अवरोध पन्छाउँदै कार्यक्रमलाई निरन्तरता दिइए पनि मिस टिनका प्रतियोगिहरूको पहिलो परिचय राउन्डसँगै प्रस्तुत गरिएको चौबन्दी-सारी राउन्डदेखि कार्यक्रम अगाडि बढ्न सकेन। परिचय राउन्डमै विरोधकर्ताले विद्युत् बन्द गरेकाले केही क्षण कार्यक्रम प्रभावित भएको थियो।

हस्तक्षेपमा संलग्न अधिकांश युवा युथ फोर्ससँग संलग्न थिए। उनीहरूले मिस टिन कोसी प्रतियोगिता बन्द गरियोस्, विद्यार्थीलाई पढ्न दिइयोस्, विकृति रोकियोस् जस्ता नारा लगाएर प्रतियोगितामा अवरोध गरेका थिए। विरोधमा संलग्न युवा र प्रहरीबीच झडपसमेत भएको थियो। ५ सय र हजारका टिकट काटेर प्रतियोगिता हेर्न पुगेका दर्शकहरू त्यसै फर्कन बाध्य भए।

कार्यक्रमका प्रमुख अतिथि मोरङका प्रमुख जिल्ला अधिकारी शशिशेखर श्रेष्ठकै अगाडि युवाहरूले अवरोध गरी तोडफोड गरे पनि प्रहरीले विरोधलाई नियन्त्रण गर्न सकेन। प्रहरीको सुरक्षाका बाबजुद सभागृहको कम्पाउन्ड नाघेर भित्र प्रवेश गरेका युवाहरूले तोडफोड गर्नुका साथै प्रजिअको विरोधमा नाराबाजी गरेका थिए। सो क्रममा प्रहरीसँग पुनः झडप भएको थियो। कार्यक्रम स्थगित गरिए पनि प्रजिअ श्रेष्ठ झन्डै एक घण्टासम्म सभागृहभित्र लुकेर बसेका थिए।

कार्यक्रम स्थगन गराउने समूहमध्येका रोहित कोइरालाले यसमा युथ फोर्सको संलग्नता रहेको बताए। उता कार्यक्रममा उपस्थित युथ फोर्स मोरङका सह-इन्चार्ज सुरज श्रेष्ठले यसमा आफूहरूको कुनै संलग्नता नरहेको बताए। युथ फोर्स मोरङका इन्चार्ज पर्शुराम बस्नेतले पनि झडपमा आफूहरूको संलग्नता नरहेको बताउँदै विकृति रोक्ने कार्यक्रमलाई भने आ□नो समर्थन रहेको बताए।

राजनैतिक दलका भ्रातृ संगठनको दबाबमा प्रशासनले सुरक्षा दिन नसक्ने भएपछि मिस टिन कोसी प्रतियोगिताको दोस्रो संस्करण नहुने भएको छ। वैशाख २ गते विराटनगरमा सञ्चालन भैरहेको अवस्थामा एक हूल युवाले अवरोध गरेपछि प्रतियोगिता स्थगन भएको थियो। आयोजक ड्रिम एन्ड आइडियाज इन्टरटेन्मेन्ट हाउसले वैशाख ९ गते पुनः प्रतियोगिता गर्ने निर्णय गरे पनि वाईसीएल र युथ फोर्सले दबाब दिएर स्थगन गराएको हो। एकीकृत माओवादी र नेकपा एमाले निकट दलका युवा र महिला संगठनहरूले प्रतियोगिता रोक्न माग गर्दै गत सोमबार मोरङ प्रशासनमा ज्ञापनपत्र बुझाएका थिए।

दुवै दलका भ्रातृ संगठनले सोमबार विराटनगरमा पत्रकार सम्मेलन गरी नारी अस्मितामाथि खेलबाड गर्दै विकृति पैदा गर्ने खालको कार्यक्रम भएकाले स्थगित गराउन दबाब दिइएको जानकारी दिए। वाईसीएल मोरङका इन्चार्ज कुशल लिम्बू र युथफोर्स मोरङका इन्चार्ज पर्शुराम बस्नेतले विकृति फैलाउने कुनै पनि कार्यक्रम गर्न नदिइने बताए। मिस टिन कोसी प्रतियोगिता सञ्चालन गरिएको कार्यक्रममा मोरङ प्रमुख जिल्ला अधिकारी शशिशेखर श्रेष्ठ प्रमुख अतिथिको कुर्सीमा बसेकै बेला युवाहरूले तोडफोड गरेर कार्यक्रम प्रभावित बनाएका थिए। 'विकृति फैलाउने कार्यक्रममा मोरङका सीडीओ तथा एसपीको हात छ' वाईसीएल इन्चार्ज लिम्बूले बताए। उक्त दिन मोरङको रंगेलीमा भारतीय सुरक्षाकर्मीले नेपाल प्रवेश गरेर नेपालीहरूलाई कुटपिट गरिरहँदा सिडिओ कार्यक्रममा नांगो नाच हेरेर बसेको युथफोर्स इन्चार्ज बस्नेतले आरोप लगाए।

पत्रकार सम्मेलनमा युवाहरूले महिलाहरूलाई मनोरञ्जनको साधन नबनाउन समेत आग्रह गरे। माओवादी र एमालेका भ्रातृ संगठनहरूले कार्यक्रमको विरोध गरेपछि मोरङको प्रहरी प्रशासनले समेत कार्यक्रमलाई सुरक्षा नदिने निर्णय गरेको छ। आयोजक संस्थाले प्रहरी प्रशासनले नै सुरक्षा दिन नसक्ने बताएपछि प्रतियोगिता सम्पन्न गर्न नसकिने जनाएको छ।


## रोजगार

सरकारी मान्यता संस्थालाई १३ कर्मचारी - ९५००।- २०६४०५९, ९८०३०७५९८१ चावहिल

राम्रो कमाई गर्न ९८०३६०४७३७, ९८४१८४६६७८

शिक्षित/अशिक्षित महिला/पुरुष तुरुन्त चाहियो ९०००।- ६६३५४०१, ९८०३४२१५२६

## सम्पर्क

प्राइभेट S.L.C. नयाँ भर्ना ०१-६९१३२८६ सोह्रखुट्टे

केस झर्न नरोकिएमा पैसा फिर्ता, ९८०३५०२२५९

Computer Laptop, I-pod, Chinese mobile & Branded mobile 100% repair & sales with home service 9841535094, 4785419

## उपचार

स्तन घटाउन, बढाउन तथा गुप्ताङ्ग टाईट गर्न ९८४९०५११६१ (फोन लेडिजको लागि मात्र)


यौन सन्तुष्टि, लिङ्गको लम्वाई, मोटाई बढाउन, चाहे अनुसार शारीरिक तौल घटाउन, बढाउन, ४२७६०६८, ९८०३५०२२५९

**दररेट**

- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

# नेपाली गल्फरको आम्दानी बढ्दो






तस्विरहरू : नेपाल स्पोर्ट्स फ टि डटकम

**साप्ताहिक समाचार**

काठमाडौं– अन्तर्राष्ट्रिय खेलकुदमा गल्फ अन्य खेलको तुलनामा केही महँगो मानिन्छ । यो खेलबाट खेलाडीहरूले गर्ने आम्दानी पनि अन्य खेलका खेलाडीहरूभन्दा बढी नै छ । यही मान्यता नेपालको गल्फक्षेत्रमा पनि लागू हुँदै गएको पछिल्लो तथ्यांकले देखाएको छ ।

विश्वका धनाढ्यहरूको आर्थिक स्थितिको लेखाजोखा गर्ने फ्रोब्स म्यागजिनका अनुसार खेलकुदबाट सर्वाधिक आम्दानी गर्नेमा गल्फ खेलाडी टाइगर उडको नाम शीर्ष स्थानमा छ । सन् १९९६ देखि प्रोफेसनल गल्फर भएका उडले गल्फबाट मात्र अहिलेसम्म ८ करोड ३९ लाख १५ हजार अमेरिकी डलर कमाइसकेका छन् । गत वर्ष गल्फबाट सर्वाधिक आम्दानी गर्ने खेलाडीको दोस्रो स्थानमा रहँदा उनले ५७ लाख ७५ हजार डलर आम्दानी गरेका थिए । सन् २००५ देखि २००७ सम्म गल्फबाट सर्वाधिक कमाउने शीर्ष स्थानमा रहँदा उनको वार्षिक आम्दानी सरदर १ करोड डलर थियो ।

गल्फलाई अन्य खेलको तुलनामा महँगो मानिन्छ । यो सोचाइ नेपालको परिप्रेक्ष्यमा पनि लागू हुन्छ । जसले गर्दा यो खेललाई धनाढ्यहरूको सौखिन खेलका रूपमा परिभाषित गरिएको छ । यद्यपि गल्फरहरूले खेलबाट लाखौं आम्दानी गर्न सक्छन् भन्ने कुरा पछिल्लो तथ्यांकले देखाएपछि यो खेललाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा जस्तै नेपालमा पनि एमेच्योर र प्रोफेसनल गल्फ प्रतियोगिताहरू हुने गरेका छन् । संख्यात्मक रूपमा हेर्दा प्रोफेसनल प्रतियोगिताभन्दा एमेच्योर प्रतियोगिताको संख्या बढी छ । नेपालका प्रोफेसनल गल्फ प्रतियोगितामध्ये सर्वाधिक नगद पुरस्कारको प्रतियोगिता सूर्य नेपाल मास्टर्स नै हो । यो प्रतियोगितामा खेलाडीहरूलाई प्रदान गर्ने नगद पुरस्कार अन्य खेलको तुलनामा सर्वाधिक छ । गत वर्ष पहिलो संस्करण आयोजना गरेको 'सूर्य नेपाल गल्फ टुर' ले यो वर्ष आफ्नो नगद पुरस्कार गत वर्षको तुलनामा १२ लाख रुपैयाँ वृद्धि गरेर ५५ लाख पुऱ्याएको छ । गत वर्ष नौवटा प्रतियोगिता गरिएको यो टुरले सन् २००९/१० मा दस प्रतियोगिता समावेश गरेको छ । नेपालमा पनि खेलाडीहरूले गल्फ खेलेरै सर्वाधिक आम्दानी गरी राम्रो जीवनयापन गर्न सकून् भनेर पुरस्कार राशिमा लगातार वृद्धि गरिएको सूर्य नेपालले बताएको छ ।




गत वर्ष नेपालका गल्फरहरूमध्ये सर्वाधिक आम्दानी गर्नेमा शिवराम श्रेष्ठ शीर्ष स्थानमा थिए । उनले नेपालभित्र भएका गल्फ प्रतियोगिताबाट ४ लाख ९८ हजार रुपैयाँ कमाए । केही प्रतियोगिता खेल्न बंगलादेश र भारतसमेत गएका श्रेष्ठको गत वर्षको कुल आम्दानी ६ लाख ११ हजार ५ सय रुपैयाँ पुगेको थियो । यसैगरी गत वर्ष सर्वाधिक आम्दानी गर्ने खेलाडीको दोस्रो स्थानमा दीपक थापामगर रहे । उनले २ लाख ५९ हजार ४ सय ५२ रुपैयाँ आम्दानी गरेका थिए । यसैगरी रवि खड्काले २ लाख १२ हजार १ सय ८६ रुपैयाँ, दीपक आचार्यले १ लाख ८० हजार ५ सय ४ रुपैयाँ, रमेश नगरकोटीले १ लाख ७५ हजार ७ सय ५५ रुपैयाँ आम्दानी गरेका थिए ।

सूर्य नेपालले यो वर्ष नेपाली खेलाडीहरूको आम्दानी अझ बढाउन गल्फर पाइलट्स क्लासिक प्रतियोगिता सञ्चालन गरेको थियो । २ लाख रुपैयाँ पुरस्कारको यो प्रतियोगितामा नेपालका २१ जना प्रोफेसनल गल्फर गोकर्ण, आर्मी तथा तिलगंगाको गल्फ कोर्समा एक-एकदिने प्रतियोगितामा सहभागी भए । यो प्रतियोगितापछि 'सूर्य मास्टर्स' प्रतियोगिता हुनेछ जसमा नेपाललगायत भारत, मलेसिया र भुटानका ८० जना व्यावसायिक गल्फरले प्रतिस्पर्धा गर्नेछन् ।

● मैदान बाहिर ●

## रुनीलाई अप्ठ्यारो




गत जून महिनामा कोलेन रुनीसँग वैवाहिक जीवनमा बाँधिएका वाह्ये रुनी यो वर्ष बाबु बन्ने भएका छन् । बाबु बन्ने खबरले रुनी दम्पती खुसी छन् । रुनी बाबु बन्ने बेलामा भने विश्वकप फुटबल प्रतियोगिताको छनौट चरणमा सहभागी भैरहेका हुनेछन् । रुनी पहिलो शिशु जन्मिएको क्षणलाई गुमाउन चाहँदैनन् भने अर्कातर्फ फुटबल नै जीवनको मुख्य क्यारिअर भएका कारण प्रतिस्पर्धालाई पनि छोड्न चाहँदैनन् । चिकित्सकहरूका अनुसार कोलेनले आगामी अक्टोबरमा शिशु जन्माउनेछिन् तर त्यो समयमा रुनी युक्रेनविरुद्ध विश्वकपको छनौट प्रतियोगितामा व्यस्त हुनेछन् । यो अवस्था आएपछि अहिले कोलेनले शल्यक्रियामार्फत एक महिनाअघि सेप्टेम्बर महिनामा शिशु जन्माउने सोच बनाइरहेकी छिन् । वाह्येले छोरा जन्मिएको खण्डमा उसको कोठा इङ्ल्यान्डको एभरटोन क्लबले प्रयोग गर्ने नीलो रंगले सजाउने बताए । यदि छोरी जन्मिई भने के गर्ने भन्दा वाह्ये भन्छन्- 'स्वर्गकी राजकुमारीलाई जस्तै गरेर राख्छु ।'



## वर्षकी आकर्षक महिला

महिलाहरू स्वभावैले आफूलाई आकर्षक देखिने चाहना राख्छन् । अझ आफ्नो क्यारियर नै ग्ल्यामरको फिल्डमा भएको र ब्वाइफ्रेन्ड वा श्रीमान्‌का कारण मिडियाको फोकसमा बसेका महिलाहरू बढी नै आकर्षक देखिन चाहने खालका हुन्छन् । यस्तै गुण भएका महिलाहरूमध्ये कोचाहिँ सर्वाधिक आकर्षक देखिन्छिन् भनेर टेलिभिजन च्यानल स्टाइल नेटवर्कले ३ हजार महिलाबीच गरेको सर्वेक्षणमा गायिका एवं चेल्सिका स्ट्राइकर एस्ले कोलकी श्रीमती सेर्ली कोल सन् २००९ की सर्वाधिक आकर्षक महिला ठहरिएकी छिन् । उनले सर्वेक्षणमार्फत सुपर मोडल केट मोसलाई दोस्रो स्थानमा धकेलिन् । उनले यो वर्ष अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा देखा परेकी अमेरिकी राष्ट्रपति बाराक ओबामाकी श्रीमती मिचेल ओबामा तथा फ्रान्सको राष्ट्रपतिकी श्रीमती कार्ला ब्रुनीलाई समेत पछि पारेकी थिइन् । यो सर्वेक्षणका क्रममा भिक्टोरिया बेकहयामले तेस्रो स्थान हात पारिन् । यही सर्वेक्षणअन्तर्गत यो वर्ष सर्वाधिक नराम्रो पहिरन लगाउने को हो भनेर सोधिएको प्रश्नमा मोडल केथी प्राइसको नाम शीर्ष स्थानमा आएको थियो ।



## एन्ना विज्ञापनमा

**टेनिस खेलमा कुनै ग्रान्डस्ल्याम उपाधि हात पार्न सफल नभए पनि उनको सौन्दर्यले उनलाई विज्ञापनको संसारमा भने लोकप्रिय र आर्थिक रूपमा सबलसमेत बनाएको छ । टेनिस खेलबाट लगभग अलग भएकी एन्ना कोर्निकोभाको सौन्दर्यले यो खेलमा उनलाई कुनै न कुनै ढंगले तानिरहेको छ । उनलाई हालै स्वीजरल्यान्डको के-स्वीस कम्पनीले विज्ञापनका लागि अनुबन्ध गरेको छ । स्पोर्ट्स वेयर उत्पादन गर्ने उक्त कम्पनीले एन्नालाई आकर्षक व्यक्तित्वका कारण अनुबन्ध गरेको जनाएको छ ।**

## एन्डीको विवाह सम्पन्न

अमेरिकी टेनिस खेलाडी एन्डी रोडिकले गत शुक्रबार ब्रुकलिन डेकरसँग विवाह गरे । २६ वर्षीय एन्डीले स्वीमसुट मोडल ब्रुकलिन डेकरसँग टेक्सासको स्थानीय क्लबमा विवाह गरेका हुन् । आ□ना निकटतम मित्रहरूबीच सम्पन्न भएको उक्त विवाह समारोहमा स्टेफी ग्राफ, आन्द्रे आगासी पनि सहभागी थिए । रात्रिकालीन भोजमा प्रख्यात गायक इल्टन जोनको गीत-संगीतले विवाहको वातावरणलाई रमाइलो बनाएको थियो । विवाह समारोहमा दुलहीले चकलेट रंगको गाउन लगाएकी थिइन् । विवाह समारोहमा सरिक भएका निम्तालुहरूले एन्डी दम्पती एक-अर्काका लागि नै बनेजस्ता देखिएको प्रतिक्रिया दिएका थिए ।



# धेरै प्रतियोगिता थोरै कीर्तिमान



**साप्ताहिक समाचार**

काठमाडौं– लामो समयको अन्तरालपछि राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा खेलाडीहरू शारीरिक रूपमा प्रतिस्पर्धाको अवस्थामा हुँदैनन् भन्ने कुरा यसपटक सम्पन्न पाँचौं राष्ट्रिय प्रतियोगितामा बनेका कीर्तिमानले प्रस्ट पारेको छ। कुनै पनि ठूला प्रकृतिका खेलकुद प्रतियोगिताका व्यक्तिगत स्पर्धामा कायम हुने कीर्तिमानले रौनक थप्ने काम गर्छ। यद्यपि यसपटक सम्पन्न पाँचौं राष्ट्रिय प्रतियोगितामा उल्लेखनीय रूपमा नयाँ राष्ट्रिय कीर्तिमान कायम हुन सकेनन्।

राष्ट्रिय खेलकुद परिषद्ले समावेश गरेका ३० वटा खेलमध्ये कीर्तिमान कायम हुने खेलको संख्या ६ थियो, तर केवल एथलेटिक्स र भारोत्तोलनमा मात्र नयाँ कीर्तिमान कायम भए, बाँकी रहेका आर्चरी, सुटिङ, जिम्नास्टिक र पौडीमा कुनै नयाँ कीर्तिमान कायम हुन सकेनन्। यो घटनाले के पुष्टि गरेको छ भने राखेपले कुनै तयारीविना नै खेलाडीहरूलाई प्रतिस्पर्धामा उतारेको थियो।

**एथलेटिक्स**

पाँचौ राष्ट्रिय प्रतियोगिताको एथलेटिक्समा पाँचवटा नयाँ राष्ट्रिय कीर्तिमान कायम भए भने एउटा कीर्तिमान दुईपटक भंग भयो। सर्वाधिक कीर्तिमान कायम हुने आशा राखिएको एथलेटिक्समा सोचे अनुरूप नयाँ राष्ट्रिय कीर्तिमान बन्न सकेन।

पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत एथलेटिक्समा पहिलो राष्ट्रिय कीर्तिमान नेपाल प्रहरीकी केशरी चौधरीले बनाइन्। महिलाको ट्रिपल जम्पमा केशरी चौधरीले आफ्नो नाममा रहेको ११ दशमलव १९ मिटरको कीर्तिमानलाई सुधार गर्दै ११ दशमलव ३० मिटर हाम फालेर नयाँ कीर्तिमान कायम गरिन्।

महिलाकै ज्याभलिङ थ्रोमा मध्यपश्चिमाञ्चलकी वसन्ती कुमाल चौधरीले ३५ दशमलव ४६ मिटर फ्याँकेर नयाँ राष्ट्रिय कीर्तिमान कायम गरिन्। उनले यसअघि लीलाकुमारी थापाले कायम गरेको ३५ दशमलव २८ मिटरको कीर्तिमान तोडेकी थिइन्।

पुरुषको १ सय १० मिटर बाधा दौडमा सशस्त्र प्रहरीका सन्तोष श्रेष्ठ नयाँ राष्ट्रिय कीर्तिमान राख्न सफल भए। उनले राजेन्द्र कुँवरको नाममा रहेको १६ दशमलव १७ मिनेटको कीर्तिमान भंग गर्दै १६ दशमलव ०८ सेकेन्डको नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका थिए। यसैगरी महिला ४ सय मिटर दौडको हिट चरणमा सशस्त्र प्रहरीकी प्रमिला रिजालले ओलम्पियन चन्द्रकला थापाको नाममा रहेको ६० दशमलव ०० सेकेन्डको कीर्तिमानलाई तोडेर ५९ दशमलव ९० सेकेन्डमा झारेकी थिइन्। त्यसको भोलिपल्ट प्रमिलाले आफैंले राखेको नयाँ राष्ट्रिय कीर्तिमानलाई तोड्दै ५९ दशमलव ६० सेकेन्डमा सुधार गरेकी थिईन्।

एथलेटिक्सको अन्तिम दिन पुरुष हाइजम्पमा सशस्त्र प्रहरीका बालकृष्ण चौधरीले आफ्नो पछिल्लो कीर्तिमान भंग गर्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गरे। उनले आफ्नै नाममा रहेको १ दशमलव ९० मिटरको कीर्तिमानमा सुधार गर्दै १ दशमलव ९६ मिटर नाघेका थिए।

**भारोत्तोलन**

भारोत्तोलनअन्तर्गत महिलाको ६३ किलोग्राम तौल समूहमा नेपाल प्रहरीकी झन्तकुमारी कटुवालले ६ नयाँ राष्ट्रिय कीर्तिमान कायम गरिन्। आफ्नो नाममा रहेको ७० किलोग्राम स्न्याच, ८५ किलोग्राम क्लिन एन्ड जर्क र कुल १ सय ५५ किलोग्रामको राष्ट्रिय कीर्तिमानलाई उनले दुईपटक भंग गरिन्। उनले पहिलो प्रयासमा स्न्याच ७१, क्लिन एन्ड जर्क ८६ र कुलमा १ सय ५७ किलोग्राम भार वहन गर्दै राष्ट्रिय कीर्तिमान कायम गरिन्। दोस्रो प्रयासमा स्न्याचमा ७४, क्लिन एन्ड जर्कमा ९० र कुलमा १ सय ६४ किलोग्राम उचालेर आफैंले बनाएको कीर्तिमानलाई पुनः भंग गरेकी थिइन्।

भारोत्तोलनका ओलम्पियन कमलबहादुर अधिकारीले पनि आफ्नो स्पर्धामा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरे। पुरुषको ६९ किलोग्राम तौल समूहमा गत बेइजिङ ओलम्पिकमा अधिकारीले स्न्याचमा राखेको १ सय १४ किलोग्रामको राष्ट्रिय कीर्तिमानलाई भंग गर्दै उनले १ सय १५ किलोग्राममा पुऱ्याएका थिए। यसैगरी नेपाल प्रहरीकी भारोत्तोलक देवी चौधरीले पनि ५३ किलोग्राम तौल समूहमा दोहोरो राष्ट्रिय कीर्तिमान कायम गरिन्। चौधरीले क्लिन एन्ड जर्कमा ७५ किलोग्राम र कुलमा १ सय ३० किलोग्राम उचाल्दै दोहोरो राष्ट्रिय कीर्तिमान कायम गरेकी हुन्। यसअघि वि.सं. २०६२ सालमा वीरगन्जमा सम्पन्न महिला भारोत्तोलन प्रतियोगितामा पर्साकी नीति श्रेष्ठले क्लिन एन्ड जर्कमा ७२ दशमलव ५ र कुलमा १ सय ३० किलोग्राम उचालेर राष्ट्रिय कीर्तिमान आफ्नो नाममा राखेकी थिइन्।

**पौडी**

पौडीमा व्यक्तिगत स्पर्धातर्फ नयाँ राष्ट्रिय कीर्तिमान कायम हुन सकेन। यद्यपि यसपटक पौडी खेलमा सर्वाधिक पदक जित्ने कीर्तिमान भने कायम भयो।

पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिताको महिला पौडीतर्फ करिश्मा कार्कीले कुल १२ स्वर्ण जितेर नयना शाक्यको नाममा रहेको एकै प्रतियोगितामा सर्वाधिक ९ स्वर्ण पदक जित्ने कीर्तिमानलाई भंग गरिन्। कार्कीले महिलाको १ सय मिटर ब्याकस्ट्रोकमा स्वर्ण पदक जित्दा उनले नयना शाक्यको कीर्तिमानको बराबरी गरिन् भने २ सय मिटर व्यक्तिगत मिड्लेमा स्वर्ण पदक जित्दा नयनाको सर्वाधिक पदक जित्ने कीर्तिमान भंग गरेकी थिईन्। नयनाले सर्वाधिक पदक जित्ने कीर्तिमान चौथो राष्ट्रिय खेलकुद प्रतियोगितामा राखेकी थिइन्। सोही दिन कार्कीले ५० मिटर फ्रिस्टाइल र १ सय मिटर ब्रेस्टस्ट्रोकमा स्वर्ण पदक जितेर स्वर्ण पदकको संख्या १२ पुऱ्याइन्। यसअघि कार्कीले २ सय मिटर फ्रिस्टाइल, २ सय मिटर ब्याकस्ट्रोक, ५० मिटर बटरफ्लाई, ४ गुणा १ सय सय मिटर रिले, ५० मिटर ब्याकस्ट्रोक, १ सय मिटर फ्रिस्टाइल, २ सय मिटर ब्रेस्टस्ट्रोक तथा १ सय मिटर बटरफ्लाईमा स्वर्ण पदक जितेकी थिइन्।

## ५ प्रश्न

पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितामा टेनिसतर्फ महिला एकल तथा मिश्रित युगलसहित दुई स्वर्ण पदक जितेकी प्रीति रिजालले यसअघि लगातार दुई राष्ट्रिय प्रतियोगितामा महिलातर्फको उपाधि जितेकी थिइन्। ग्लामरस खेलका रूपमा चिनिने टेनिसमा उनले जुनियर प्रतियोगितामा पनि उपाधि जितेकी थिइन्। रिजालसमक्ष साप्ताहिकका लागि शिव मुखियाले राखेका पाँच प्रश्न :



तस्बिर : नवराज

**टेनिसलाई ग्लामरस खेल भनिन्छ, तपाई कति ग्लामरस हुनुहुन्छ ?**

आवश्यकताअनुसार ग्लामरस त देखिनु नै पऱ्यो। ग्लामरकै कारण पब्लिसिटी पनि बढ्ने हो। जुनसुकै कुराको फाइदा र बेफाइदा हुन्छ। ग्लामरले खेलाडीलाई चर्चित बनाउन मद्दत गर्छ। म पनि टेनिस कोर्टमा छोटो स्कर्ट नै लगाएर खेल्छु। छोटो स्कर्ट लगाउँदा ग्लामरस देखिनुका साथै खेल्दा कर्म्फटेबल पनि हुन्छ।

**ग्लामरस पोज दिएर चर्चा कमाउने कि उत्कृष्ट खेल प्रदर्शन गरेर ?**

खेलकै कारण चर्चा कमाउने हो, तर विश्व खेलकुदलाई हेर्ने हो भने कतिपय खेलाडी ग्लामरकै कारण बढी चर्चित छन्। नेपालमा पनि यो ट्रेन्ड भित्रिसकेको छ।

**नेपालमा टेनिस खेलाडीको भविष्य कस्तो छ ?**

नेपालमा यो खेलबाट भविष्य वनाउन सकिँदैन, तर यही खेलको माध्यमबाट विदेशमा राम्रो अवसर पाउन सकिन्छ। टेनिसका उत्कृष्ट खेलाडीले अमेरिकाको कलेजमा छात्रवृत्ति पाउन सक्छन्। मेरो दाजुले पनि टेनिसबाटै छात्रवृत्ति पाएर अमेरिकामा अध्ययन गर्ने अवसर प्राप्त गर्नुभएको हो।

**त्यसो भए छात्रवृत्ति पाउनकै लागि टेनिस खेल्नुभएको हो ?**

हो, नेपालमै बसेर के गर्नु ? न आफ्नो भविष्य छ न त खेलकुदको नै। छात्रवृत्ति पाएर विदेश जान पाए अध्ययन पनि गर्ने र खेल्ने पनि काम हुन्छ। आफ्नो क्यारियर पनि माथि उठाउन सकिन्छ।

**राष्ट्रिय ख्याति कमाइसकेकी खेलाडीले विदेश पलायन हुने सोच बनाउनु राम्रो हो र ?**

राम्रो होइन। विदेश पलायन हुनु नराम्रो हो भन्ने जान्दा-जान्दै पनि आफ्नो भविष्यका लागि विदेश जाने सोच बनाउन बाध्य हुनुपर्छ। नेपालमा खेलाडीको भविष्य सुरक्षित छैन।


विक्रम राई

## • प्रसंग कतिपय •

गीत-संगीतमा डुब्न नपाएको धेरै दिन भएछ। दीप श्रेष्ठको गीत र एउटा रेस्टुरेन्टले आयोजना गरेको ह्वीस्की साँझको अवसर थियो। मोबाइलबाट टिकट कन्फर्म गरे पनि कार्यक्रमस्थल पुग्दा टिकट पाइएन। सधैं पदको दुरुपयोग गर्ने संस्कारमा हुर्किएको नेपाली बानीलाई फेरि एकपटक दुरुपयोग गर्दै टिकट लिइछाडियो। कार्यक्रम साढे सात बजे सुरु हुने पूर्वजानकारी हुँदाहुँदै पनि नेपाली समयअनुसार कार्यक्रम एक घण्टा ढिलो अर्थात् साढे आठ बजे मात्र प्रारम्भ भयो। करिब ५० जना स्पेसल श्रोताका अगाडि तबला, गिटार र हार्मोनियमका साथ दीप श्रेष्ठ देखा परे। बस्न भ्याइएको थिएन, वेटर वेलकम ड्रिंक लिएर आइपुगे। 'यु ह्याभ वन कम्पलीमेन्ट्री ड्रिंक एन्ड रेस्ट वी चार्ज यू सर' भन्दै टेबुलमा राखे। दीप श्रेष्ठको स्वरमा उहाँको गीत उहाँकै अगाडि बसेर सुन्ने मौका पाउँदा त्यो एउटा ड्रिंकले कसरी मन थाम्न सकिएला भन्ने कुरा सोच्न नभ्याउँदै श्रेष्ठ हार्मोनियम बजाउन थालिहाले। सदाझैं आफ्नो पहिलो गीतबाट कार्यक्रम सुरु गर्ने प्रचलन कायम राख्दै उनी गाउन थाले–

*म पत्थरको देवता होइन*
*तोडिएर जोडिने*

गीत सकिनासाथ जोडदार ताली बज्दा झन्डै वेलकम ड्रिंकको ग्लास भुइँमा खस्न पुग्यो। 'प्लिज लार्ज पटियाला प्याग अफ चिभास रिगल विथ आइस एन्ड वाटर' भन्दै म उनीसँगै गुनगुनाउन थाले–

*झस्किएछ मन मेरो झझल्कोमा तिम्रो*
*आशा किन पलाएछ कल्पनामा तिम्रो*

अघि सुरुमा आउँदा ट्राफिक जाम भएकाले ढिलो पुगिन्छ कि भन्ने डर र राम्रो सिट नपाइने आशंकामा आफू वरपरका अनुहारलाई राम्रोसँग हेर्न भ्याइएको थिएन। गीत सकिनासाथ तालीको गडगडाहटबीच सरसर्ती हेर्दा अधिकांश बीस-पच्चीस वर्षका ठिटा-ठिटी देखिए। 'ओहो □ आजकालका यी युवाहरू कति म्याचुअड हगि मनी दाइ, कति चाँडो यिनीहरूको मन कसैको कल्पनामा झस्किएछ, अहिले त बल्ल हाम्रो झस्किने बेला आउँदै छ। 'यी मोरा-मोरीहरू कति चाँडै छिप्पिएका' आफूसँगै गएका दाइतिर हेर्दै मैले भनें। 'वेटर भाइ नेक्स्ट डबल प्याग ओके,' फेरि अर्डर गयो। यता दीप श्रेष्ठ गाउन थाले–

*भीरमा उनिनु त्यो एउटा कुरा*
*भीडमा उनिनु त्यो एउटा कुरा*
*नभिज्ने आँखा कसको छ र*
*तर झर्नु-नझर्नु त्यो अर्को कुरा*

त्यतिखेरसम्म त्यहाँको वातावरण निकै तात्तिसकेको थियो। गीत, संगीत र त्योसँग जोडिएका असंख्य भावना पोखिँदै थिए। माया र पिरतीका मीठा भूलहरू र त्यसका सम्झनालाई दीप श्रेष्ठको स्वरमा ह्वीस्कीका साथ पिउँदा अनायास थुप्रै सम्झनाले झटारो हान्न थाले। एक्कासि अर्को गीतले काठमाडौंको बसाइलाई चिमोटिदियो–

*हर रात सपनीमा ऐठन हुन्छ*
*घरमा शायद पहिरो गयो कि*

आफू पहिरो जाने ठाउँको बासिन्दा भएर पनि बसाइँ-सराइको क्रमसँगै तराईको फाँटमा खेलेको, घुमेको र रमाएको सम्झनाले भक्कानो फुटाएर ल्यायो। यो गीतले आ□नै देशभित्र रहेकाहरूलाई घरको सम्झनाले पिरोलेको छ भने उता परदेशमा बसेका सबैलाई एकपटक रुवाएकै होला, तर दीप श्रेष्ठले भने झै आँखाबाट आँसु झर्नु नझर्नु अर्को कुरा हो। 'विल यु सर्भ मि सिक्सटी एम एल नेक्स्ट, वेटर भाइ', म मात्तिँदै अर्डर गर्न थाले। जुसमै रमाइरहेका मनि दाइले अब नपिए हुन्छ जस्तो गरी मतिर हेर्दै मैले दिएको अर्डर रोक्ने असफल प्रयास गरे, तर लगत्तै गाइएको अर्को गीतले उनलाई पनि उतैतिर तान्यो।

*बितेका कुराले केही चोट लाग्दा*
*तिमी टाढा हुँदा धेरै दुःख लाग्छ*

'हेर्नुस दाइ, ती बितेका कुरा आज नगरौं, तर उनी टाढा हुँदा दुःखचाहिं लागेको छ' मनि दाइ मेरो मात्तिएको कुरा सुनेर मुसुक्क हाँसे। फेरि दीप श्रेष्ठले गाएजस्तो बितेको कुरालाई बिर्सँदै अहिलेलाई उनको अर्को गीतमा एक पटक झुम्नु नै पर्ने भयो।

*एउटै बाटो सधैं भेटघाट भैरहँदा*
*मुस्कानहरू साटिएछन् देखिरहँदा*
*कुन बिन्दुमा मन भुलें पत्तै भएन*
*कसले राख्यो पहिलो प्रस्ताव, थाहै भएन।*

'हेर दाइ, मुस्कानहरू साटासाट भएकै थियो तर हिँड्ने बाटोचाहिँ अहिले भिन्न हुन गयो,' मनि दाइ फेरि फिस्स हाँस्दै उठौं भन्न थाले, तर त्यो रात म उठ्न कहाँ तयार थिए र ? त्यसैले होला, त्यो रात मैले ज्यादै पिएँ। सायद यो जिन्दगीको थोत्रो बोतलमा दीप श्रेष्ठको स्वरले अफिमको नशा भरेको थियो, एकदमै मात्तिएछु। फेरि आफैंले अर्को दिनदेखि नपिउने वाचा गर्दै दीप श्रेष्ठका गीतमा डुब्दै पिएछु उफ्..... ज्यादै पिएछु।

prasangakatipaya@hotmail.com

# पलेंटीमा अञ्जुदेवी



काठमाडौं– हरेक अंग्रेजी महिनाको अन्तिम शुक्रबार नेपालयको आरशालामा हुने पलेंटी श्रृंखलाअन्तर्गत अप्रिल महिनाको कार्यक्रममा आसाम, गुवाहटीकी लोकप्रिय नेपाली गायिका अञ्जुदेवी प्रस्तुत हुनेछिन्।

सन् १९७० देखि रेडियोमा गाउन थालेकी अञ्जुदेवी डा. भूपेन हजारिकासँगको सहगायनका लागि प्रसिद्ध छिन्। डा. भूपेनको चर्चित गीत 'आखम वेगर बागिसारे सुवाली' का आधारमा हरिभक्त कटुवालले लेखेको नेपाली संकरण 'आसामकी छोरी हुँ म नेपाली' लाई अञ्जुदेवीले त्यहाँका नेपालीहरूबीच चर्चित बनाएकी छिन्। आसाम राज्य सरकारले अञ्जुदेवीको गायन प्रतिभाको कदर गर्दै उनलाई आवास सुविधासमेत उपलब्ध गराएको छ।

सन् १९७६ मा हरिभक्त कटुवालको समूहसँग नेपाल आएका बेला उनले केही गीत रेकर्डिङ गरेकी थिइन्। तिनैमध्ये नारायणगोपालको सङ्गीतमा तयार पारिएको मैले छोइदिंदा फूल ओइली झर्छ' र अम्बर गुरुङको सङ्गीतमा 'त्यो दिन ढलेर के भो' गीत यसपालिको पलेटीमा प्रस्तुत हुनेछन्। त्यसका साथै भूपेन हजारिकाका केही अन्य असमिया गीतका साथ अञ्जुदेवीले त्यहाँको संगीतको सुगन्ध पनि फिंजाउनेछिन्। त्यही क्रममा लता मंगेसकरले चर्चित बनाएको 'दिल हुमहुम करे' को मूल रूप 'बुकु होम होम' उपस्थित दर्शक-श्रोताका लागि उल्लेखनीय हुने विश्वास गरिएको छ।

लखनउ विश्वविद्यालयबाट शास्त्रीय सङ्गीतमा स्नातक अञ्जुदेवीको जन्म आसाममा भए पनि नेपाली गीतसङ्गीतसँग उनको प्रगाढ सम्बन्ध छ। अञ्जुदेवी भन्छिन्- 'मलाई बेला-बेला मैले नेपालमै बसेर गाउन पाएको भए हुन्थ्यो भन्ने लाग्छ। त्यसैले म यहाँ आउन पाउने कुनै पनि अवसर गुमाउन चाहँदिन।'


प्राईभेट
Test/SLC
■ भर्खरै 9 तथा Test फेलभएका
■ 8,9,Test पास भएका /जागिरे/उमेर नाघेका र अध्ययन निरन्तर गर्न चाहने सबै विद्यार्थीहरुलाई समेटने गरी
दश कक्षामा भर्ना खुल्यो
● जि.शि.का. र EIA बाट सम्बर्धन प्राप्त
● पुस्तकालय र होस्टेलको व्यवस्था
● अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
100% Result Since 2004....
सिमित सिटमा फारम वितरण तथा भर्ना प्रकृया धमाधम भइरहेको छ
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, संखमुलभर्ने ओरालोको मुखैमा
(कोलम्बस कलेजको ठिक अगाडी)
फोन नं. 4781061,9841387697

३ महिनामा ४" उचाइ बढाउने
◆ केश झर्न तुरुन्तै रोकी उमार्ने
◆ १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5550195
Mo:9841556532
शाखा कार्यालय बनेपा 011- 660924

SLC Student 20% Off
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जानै र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
20% Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor Tel: 016217094 | Adwait Marg Old Buspark Tel: 4232866 | Lagankhel: Tel: 5004018

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
DIGITAL VIDEO-EDITING & ANIMATION
फोटोग्राफी भिडियोग्राफी
परीक्षा दिएर बसेकाहरूलाई विशेष छुट
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

ग्लोबलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎4484098,2134544

होटल तालिम
होटल खुम्जुङ्गमा
छिटो अनि राम्रोसँग Five Star लेबलका Chief हरूद्वारा सिकाइने कुक-वेटर, हाउस किपिङ, फ्रन्ट-अफिस, बार म्यान, बेकरी, तथा नेपाली र अंग्रेजी भाषाका कक्षाहरु पनि सञ्चालन गरिँदैछ।
भर्ना धमाधम लिईदैछ।
होटल खुम्जुङ्ग ट्रेनिङ सेन्टर
महराजगंज, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व, भाटभटेनि सुपर स्टोर नजिकै चावहिल जाने रिङ्गरोड
४३७२१९४, ४३७३४११

Worldwide Valid Certificate
होटल तालिम
SLC दिएकाहरुलाई हरेकमा २००/- छुट।
▶ कुक १ १/२ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबइ, बहराइन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया तथा रामेश्वर थापा, सम्पादक : सुवास ढकाल।